
# दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको
# प्रथम आवधिक योजना
(२०७५/०७६-२०७९/०८०)




## दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका
## दिक्तेल, खोटाङ
## आषाढ, २०७५

# आभारोक्ति
## (Acknowledgement)

स्थानीय सरकार सञ्चालन ऐनले सबै स्थानीय तहलाई आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक नगर विकास योजना (आनवियो) बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ । यसैबमोजिम दिक्तेल, रूपाकोट मझुवागढी नगरपालिकाले स्थानीय सरकारको रूपमा आफ्नो पहिलो आवधिक नगर विकास योजना तर्जुमा गरेको छ ।

नगरको स्थानगत विशेषतामा आधारित रही समस्या, सम्भावना, लक्ष्य, उद्देश्य र नतिजा र सूचकलाई तर्कसंगत ढंगले विश्लेषण गर्दै सम्भावित जोखिमको पूर्वानुमान गरी सहभागितात्मक ढंगले तयार गरिएको यो योजनाले नगरपालिकाको समग्र विकासको गतिलाई स्पष्ट दिशाबोध गर्न सफलता मिल्ने मेरो विश्वास रहेको छ । यस आनवियोले तय गरेका लक्ष्य, उद्देश्य, प्राथमिकता, रणनीति र प्रमुख कार्यक्रमलाई वार्षिक कार्यक्रम तथा बजेटमा समायोजन गरेर नतिजा हासिल गर्दै जाने प्रतिबद्धतासमेत व्यक्त गर्दछु र यस आवधिक नगर विकास योजनको कार्यान्वयनमा सम्बद्ध सबैको सहयोग प्राप्त हुने विश्वास लिएको छु ।

योजना तर्जुमा नै विकासको पर्याप्तता होइन यो त मात्र विकास प्रयासलाई सही बाटोमा ल्याउने तथा विकास कार्यलाई गति दिने माध्यम मात्र हो । मुख्य पक्ष त तर्जुमा गरिएको योजनालाई मूर्तरूप दिनु नै हो । यसका लागि नगरपालिकाको समग्र प्रयास, स्रोत, साधनलाई योजनाले निर्दिष्ट प्राथमिकताका आधारमा विनियोजन, प्रभावकारी कार्यान्वयन र सशक्त अनुगमनको आवश्यकता पर्दछ । त्यसका साथै समावेशी र सहभागितात्मक वार्षिक योजना तर्जुमा गर्दा यसले अंगिकार गरेका लक्ष्य, उद्देश्य, रणनीति तथा निर्धारण गरिएका प्राथमिकता प्राप्त क्षेत्र र मध्यावधि खर्च संरचनालाई समेत ध्यानमा राखी विषयगत मार्गदर्शन र बजेट सीमा निर्धारण र बाँडफाँड गर्दा विशेष ध्यान पुऱ्याइने छ । यसैगरी नगर विकासका प्रयासहरू योजनाबद्ध तथा समन्वयात्मक रूपमा सम्पन्न हुन जरुरी हुने हुँदा तदअनुसार कार्य सञ्चालन हुनेमा म विश्वस्त रहेको छु ।

दिक्तेल, रूपाकोट मझुवागढी नगरपालिकाले स्थानीय सरकारको रूपमा आफ्नो पहिलो आवधिक नगर विकास योजना तर्जुमाको कार्य सम्पन्न गरेको छ । यस योजना निर्माणमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव श्री दिनेशकुमार थपलियाले प्रदान गर्नुभएका सुरुवातदेखि नै सल्लाह, सुझाव र उत्प्रेरणा दिंदै आउनु भएकोमा उहाँप्रति हामी आभारी छौं । यस नगर विकास योजना निर्माणमा प्राविधिक सहयोग प्रदान गरेर स्थानीय सरकारको विकास प्रयासमा सहयोग पुऱ्याएकोमा स्वीस राजदूतावास (स्वीस विकास सहयोग) प्रति पनि हामी आभार व्यक्त गर्दछौं । यस योजना तर्जुमाका क्रममा योगदान पुऱ्याउने सम्पूर्ण जनप्रतिनिधि, विषयगत कार्यालय, सम्पूर्ण कर्मचारी वर्ग र निजी क्षेत्रप्रति आभार व्यक्त गर्दै विशेषज्ञ सेवा प्रदान गर्नु हुने सेमिड (CEMID) नेपालको विज्ञ समूहलाई समेत धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

अन्तमा यो आवधिक नगर विकास योजनाले आउँदा दिनमा नगरपालिकाको विकास प्रक्रियालाई योजनाबद्ध र व्यवस्थित तवरले अगाडि बढाउन प्रभावकारी सहयोग पुऱ्याउनेमा म विश्वस्त रहेको छु ।

.........................

**दीपनारायण रिजाल**
प्रमुख
दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका

२०७५, आषाढ १०

# विषयसूची

## भाग- १
## भूमिका


| | | |
|---|---|---|
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | आवधिक योजना तर्जुमाको उद्देश्य | १ |
| १.३ | आवधिक नगर विकास योजना तर्जुमा प्रक्रिया | २ |
| १.४ | सीमितता | २ |


## भाग- २
## नगरको भौगोलिक, आर्थिक एवं सामाजिक स्थिति


| | | |
|---|---|---|
| २.१ | नगरको परिचय | ४ |
| २.२ | नगरको आर्थिक तथा सामाजिक स्थिति | ५ |


## भाग- ३
## अवसर तथा चुनौती विश्लेषण


| | | |
|---|---|---|
| ३.१ | अवसर | ७ |
| ३.२ | चुनौती र जोखिम | ८ |


## भाग- ४
## दीर्घकालीन सोच/दूरदृष्टि उद्देश्य, लक्ष्य


| | | |
|---|---|---|
| ४.१ | दीर्घकालीन सोच | १० |
| ४.२ | समष्टिगत लक्ष्य | १० |
| ४.३ | क्षेत्रगत बृहत् उद्देश्यहरू | १० |
| | ४.३.१ आर्थिक | १० |
| | ४.३.२ सामाजिक | १० |
| | ४.३.३ भौतिक | १० |
| | ४.३.४ वातावरणीय | ११ |

४.३.५ संस्थागत ११
४.३.६ वित्तीय व्यवस्थापन र सुशासन ११

## भाग- ५
## आर्थिक विकास

५.१ विषय प्रवेश १२
५.२ वर्तमान अवस्था १२
५.३ आर्थिक विकास सम्बद्ध क्षेत्रगत रणनीति/कार्यनीति तथा कार्यक्रमहरू १३
५.३.१ कृषि १३
५.३.२ सहकारी १६
५.३.३ उद्योग, वाणिज्य र सेवा १८
५.३.४ वित्तीय क्षेत्र २१
५.३.५ पर्यटन विकास २३
५.३.६ वैदेशिक रोजगारी २६
५.४ प्रक्षेपित लगानी २८

## भाग- ६
## सामाजिक विकास

६.१ विषय प्रवेश २९
६.२ वर्तमान अवस्था २९
६.३ विषय क्षेत्रगत उद्देश्य २९
६.४ सामाजिक विकास क्षेत्र २९

## भाग- ७
## पूर्वाधार विकास

७.१ भौतिक पूर्वाधार ५१

## भाग- ८
## वन तथा भूसंरक्षण, वातावरण र विपद् व्यवस्थापन


८.१ विषय प्रवेश ६५
८.२ विषय क्षेत्र ६५


## भाग- ९
## संस्थागत विकास तथा सेवा प्रवाह


९.१ विषय प्रवेश ७८
९.२ वर्तमान अवस्था ७९
९.३ अवसर र चुनौती ७९
९.४ उद्देश्य ८०
९.५ रणनीति ८०
९.६ उपलब्धि लक्ष्य ८२
९.७ प्रमुख कार्यक्रम ८३
९.८ संस्थागत विकास तथा सेवा प्रवाहमा प्रक्षेपित लगानी ८४


## भाग- १०
## वित्तीय व्यवस्थापन र सुशासन


१०.१ विषय प्रवेश ८५
१०.२ वर्तमान अवस्था ८५
१०.३ अवसर तथा चुनौतीहरू ८५
१०.४ उद्देश्य ८६
१०.५ रणनीति ८६
१०.६ वित्तीय स्रोतको प्रक्षेपण ८८


## भाग- ११
## कार्यान्वयन योजना


११.१ कार्यान्वयन कार्ययोजना ९३
११.२ मार्गदर्शन तयारी ९३
११.३ कार्यान्वयन विधिको छनोट ९३

| | | |
|---|---|---|
| ११.४ | अख्तियारी | ९३ |
| ११.५ | अनुगमनको प्रतिवेदन र समीक्षा | ९४ |


## भाग- १२
## अनुगमन तथा मूल्याङ्कन


| | | |
|---|---|---|
| १२.१ | पृष्ठभूमि | ९५ |
| १२.२ | वर्तमान अवस्था | ९५ |
| १२.३ | अवसर र चुनौती | ९५ |
| १२.४ | उद्देश्य | ९६ |
| १२.५ | रणनीति | ९६ |
| १२.६ | कार्यक्रम | ९७ |
| **अनुसूचीहरू** | | |
| १. | आवधिक योजना तर्जुमा मूल-समिति | ९८ |
| २.(क) | आवधिक योजना तर्जुमा विषय क्षेत्रगत समिति | ९९ |
| (ख) | आवधिक योजना तर्जुमा प्राविधिक समिति | ९९ |
| ३. | दिक्तेल रुमनपा आवधिक नगर विकास योजना | १०० |
| ३.(क) | विषय क्षेत्रगत योजना कार्यान्वयन विवरण फाराम | १०२ |
| ४.१ | स्रोतगत आय तथा प्राप्तिको प्रक्षेपित विवरण | १०६ |
| ४.२ | वित्तीय प्रक्षेपण | ११० |

# भाग- १
# भूमिका

## १.१ पृष्ठभूमि

मुलुकले संविधान प्राप्तिसँगै स्थानीय तहको पुनःसंरचनापश्चात् स्थानीय निकायहरू स्थानीय सरकारको रूपमा रूपान्तरित भएका छन् । यसैक्रममा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारको रूपमा स्थानीय तहको जिम्मेवारी तथा कार्यप्रणाली सुनिश्चित गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐनले सबै स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक र रणनीतिगत विषयक्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरको छ । यसै व्यवस्थाअनुसार दिक्तेल, रूपाकोट मझुवागढी नगरपालिकाको बैठकको निर्णयद्वारा यस नगर पालिकाको मध्यकालीन आवधिक नगर विकास योजना तर्जुमा गर्ने अठोटका साथ आरम्भ गरिएको हो ।

संविधानले स्थानीय तहलाई प्रदान गरेको अधिकारको सूची र स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरेका काम, कर्तव्य, अधिकार र जिम्मेवारीलाई ध्यानमा राखी आवश्यकता, क्षमता तथा सम्भावनाहरूलाई मध्यनजर गरी सहभागितामूलक र समावेशी प्रक्रियाबाट यस नगरपालिकाको आवधिक नगर विकास योजनाको (आनवियो) तर्जुमा गरिएको छ । प्रस्तुत आवधिक नगर विकास योजनाको दस्तावेजलाई प्रभावकारी, बोधगम्य र मार्गदर्शक योजनाको रूपमा लिई संक्षिप्त रूपमा तयार गरिएको छ ।

## १.२ आवधिक योजना तर्जुमाको उद्देश्य

स्थानीय सरकार सञ्चालन ऐनको प्रावधानबमोजिम नगरपालिकाको आफ्नो अधिकार र जिम्मेवारी क्षेत्रभित्रको विषयमा स्थानीय स्तरको समष्टिगत र एकीकृत विकासका लागि आवधिक योजना बनाउनुपर्ने हुन्छ । यसै उद्देश्यले नगरको आर्थिक, सामाजिक, वातावरणीय, भौतिक विकास र संस्थागत विकास र प्रभावकारी वित्तीय व्यवस्थापनका लागि दीर्घकालीन सोचअनुसार निर्धारण भएका लक्ष्य र उद्देश्यहरू प्राप्त गर्न आगामी पाँच वर्ष (२०७५/७६–२०७९/८०) का लागि तयार गरिएको छ । यस दस्तावेजमा निर्धारित लक्ष्य र उद्देश्यहरू हासिल गर्न सिद्धान्त, रणनीति तथा प्रमुख कार्यक्रमहरूसमेत पहिचान एवं औसत लगानीको प्रक्षेपण गरीएको छ । यस आवधिक योजनालाई प्रत्येक वर्ष तर्जुमा गरिने नगरको समन्वयात्मक एकीकृत, समावेशी एवं सहभागितात्मक योजनाको पथप्रदर्शकका रूपमा अगाडि बढाउने उद्देश्य राखिएको छ ।

यस आवधिक नगर विकास योजना तर्जुमा गर्दा निम्नानुसारका उद्देश्यहरू रहेका छन् :

(क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय आवश्यकता र प्राथमिकताका आधारमा दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाको आवधिक नगर विकास योजना तर्जुमा गर्ने ।

(ख नगरको सर्वाङ्गीण विकासको लक्ष्य लिएको यस आवधिक योजनालाई व्यवहारमा उतार्न कार्यान्वयन कार्ययोजना र अनुगमन सूचकहरूसमेत निर्धारण गरी तदअनुसार कार्यान्वयन गर्ने गरी खाका प्रस्तुत गर्ने ।

(ग) निर्धारित लक्ष्य र उद्देश्यहरू हासिल गर्न, उद्देश्य, रणनीति र प्रमुख कार्यक्रमहरू पहिचान गर्ने र यसरी पहिचान गरिएका कार्यक्रमहरूलाई सहभागितामूलक प्रक्रिया अवलम्बन गरी वार्षिक कार्यक्रम तथा बजेटबाट सम्बोधन गर्ने गरी निर्देशित प्रकृतिको (Visionary Periodic Plan) आवधिक नगर विकास योजना तयार गर्ने ।

(घ) राष्ट्रिय योजना आयोगबाट स्थानीय तहको आवधिक योजना तर्जुमाका सन्दर्भमा तयार गरेको मस्यौदा र मन्त्रालयबाट तयार भएको वस्तुगत विवरणको ढाँचालाई कार्यस्थलमा परीक्षण गर्ने ।

(ङ) यस आवधिक नगर विकास योजना तर्जुमा गर्दा अवलम्बन गरिएका प्रक्रिया र चरणहरूको सिकाइलाई अभिलेखीकरण गरी अन्य आवधिक योजना तर्जुमाका लागि पृष्ठपोषण प्राप्त गर्ने ।

## १.३ आवधिक नगर विकास योजना तर्जुमा प्रक्रिया

नगरको आर्थिक, सामाजिक सांस्कृतिक, भौतिक, वन, वातावरण, संस्थागत एवं वित्तीय विषयगत क्षेत्र विकासका लागि दीर्घकालीन सोचका साथै लक्ष्य र उद्देश्यहरू प्राप्त गर्न मध्यकालीन अवधिका (५ वर्ष) लागि सरोकारवाला सबैको प्रतिनिधित्वबाट समावेशी र सहभागितामूलक प्रक्रिया अवलम्बन गरी यो आवधिक नगर विकास योजना तयार गरिएको छ। यस प्रयोजनका लागि नगरपालिकाले नगर प्रमुखको अध्यक्षतामा संस्थागत संयन्त्र स्थापना गरी आवधिक नगर विकास योजना तर्जुमा मूल समिति र प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा प्राविधिक समिति र कार्यपालिकाका सदस्य एवं वडा अध्यक्षको संयोजकत्वमा विषयक्षेत्रगत समितिहरू (अनुसूची १ बमोजिम) गठन गरी योजना तर्जुमा प्रक्रिया अगाडि बढाइएको छ ।

तथ्याङ्क र सूचना संकलनका लागि वडा समिति तथा कार्यालयहरूलाई परिचालन गरी प्रारम्भिक तथ्याङ्क एवं केन्द्रीय तथ्याङ्क विभाग, मानव विकास प्रतिवेदन र अन्य द्वितीय तहका तथ्याङ्क र सूचना संकलन गरी विश्लेषण गरिएको छ। उक्त विश्लेषणलाई कार्यशालाबाट पुष्टीकरण गरी परिस्कृत गर्ने कार्यसमेत गरिएको छ । आवधिक योजनाको दूरदृष्टि, मध्यकालीन समष्टिगत लक्ष्य र प्रमुख उद्देश्यहरू तथा रणनीति र कार्यक्रम क्षेत्रमा समेत सरोकारवाला संलग्न कार्यशालाबाट निर्धारण भएको छ ।

## १.४ सीमितता

यस आवधिक नगर विकास योजना तर्जुमाका सीमाहरू निम्नबमोजिम रहेका छन् :

(१) सहभागितामूलक वार्षिक योजना तर्जुमा प्रणालीबाट कार्यक्रम छनोट हुने व्यवस्थालाई दृष्टिगत गरी “आनवियो” मुख्य मुख्य कार्यक्रमका क्षेत्रहरू पहिचानमा मात्र केन्द्रित छ, विस्तृत कार्यक्रमहरू समावेश गरिएको छैन ।

(२) स्थानीय सरकार सञ्चालन ऐनअनुसार नगरपालिका क्षेत्रमा संलग्न गैरसरकारी संस्था, सामुदायिक संघ-संस्था र निजी क्षेत्रका कार्यक्रमहरू नगरपालिकामा प्रस्तुत भइनसकेको अवस्थामा ती निकायहरू सम्बद्ध सबै पाटा स्पष्टताका प्रस्तुत हुन नसकेको ।

(३) केन्द्र, जिल्लास्तर तथा वैदेशिक स्रोतबाट सञ्चालन हुने कार्यक्रमको प्रक्षेपित कार्यक्रम बजेट, सम्पत्ति र दायित्व प्राप्त भइनसकेकाले सामान्य आकलनका आधारमा नगरपालिकाको आवधिक योजनामा समेट्न कठिनाइ परेको ।

(४) स्थानीय तहको पुनःसंरचनामा यस नगरपालिकामा समाविष्ट गाउँ विकास समितिहरूको तथ्याङ्क विवरणहरू उपलब्ध हुन नसक्नका साथै जिल्लास्तरीय निकायहरूसमेत नगरपालिकामा स्थानान्तरण नभइसकेकाले उपलब्ध सीमित तथ्याङ्कमा मात्र आधारित रहेको ।

(५) तथ्याङ्कको सीमितताले प्राप्त द्वितीय तहको तथ्याङ्क, जिल्ला तहमा विद्यमान र केन्द्रीय तथ्याङ्क विभागका तथ्याङ्कहरू र संयुक्त राष्ट्रसंघको नेपालस्थित नियोगका सूचनाहरूसमेतलाई आधार मानी अध्ययन प्रक्रिया अगाडि बढाउनुपर्ने अवस्था रहेको ।

(६) नगरपालिकाको स्थायी प्रशासनिक संरचनाको टुङ्गो लागिनसकेको अवस्थामा समष्टिगत एवं विषयगत चालू खर्च प्रक्षेपण यथार्थपरक बनाउन कठिन रहेको ।

(७) प्रदेश सरकार भर्खरैमात्र गठन भएको र प्रादेशिक ऐन कानुन तर्जुमा तथा प्रादेशिक जिम्मेवारी र संघीय सरकारका विषयक्षेत्रभित्रका कतिपय कार्य जिम्मेवारी तीनवटै तहमा समन्वय र सहाकार्य वा विकेन्द्रीकरण (प्रत्यायोजित वा निक्षेपित) गरिने विषयको यकिन हुन नसकी यस आवधिक योजनाको कार्यक्षेत्रभित्र समेट्न नसकिएको ।

(८) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोग गठन हुन नसकेको परिप्रेक्ष्यमा संघीय र प्रादेशिक सरकारबाट प्रवाहित हुने समानीकरण, ससर्त, विशेष तथा सम्पूरक अनुदान, राजस्व बाँडफाँटको रकमको भरपर्दो र विश्वसनीय प्रक्षेपण प्राप्त भइनसकेको र नगरपालिकाले उठाउन पाउने कर र गैरकरबाट प्राप्त हुने आफ्नो आयस्रोतका आधार र दरसमेतको यकिन हुन नसकेकाले पनि आवधिक योजनामा लगानी हुने रकमको प्रक्षेपण गर्न कठिनाइ महसुस भएको ।

(९) विकास साझेदार, अन्तरार्ष्ट्रिय, रार्ष्ट्रिय गैरसरकारी संस्था तथा निजी एवं सहकारी क्षेत्रबाट प्राप्त हुने रकमको पनि यथार्थ लगानी प्रक्षेपण गर्न नसकिएको ।

# भाग- २
# नगरको भौगोलिक, आर्थिक एवं सामाजिक स्थिति

## २.१ नगरको परिचय

### (क) भौगौलिक अवस्थिति

नेपालको प्रदेश नम्बर १ अन्तर्गतको पहाडी जिल्ला खोटाङको मध्य भागमा अवस्थित दिक्तेल, रूपाकोट मझुवागढी नगरपालिका जिल्लाको सदरमुकामको रूपमा समेत रहेको छ। यो नगर समुद्र सतहबाट करिब ७०० मिटरदेखि २२५० मिटरसम्मको उचाइमा अवस्थित छ।

### (ख) जनसांख्यिक बनोट

केन्द्रीय तथ्याङ्क विभागको (२०७४) आँकडाअनुसार यस नगरपालिकामा कुल ४६,९०३ जनसंख्या रहेको देखिन्छ जसमध्ये २५,३०४ महिला र २१,५९९ पुरुष रहेको छ। यसअनुसार कुल जनसंख्यामा महिलाको अनुपात करिब ५४ प्रतिशत र पुरुषको ४६ प्रतिशत हुन आउँछ। उक्त विभागको आँकडाअनुसार यस नगरपालिकामा कुल १०,०५० घरपरिवार संख्या रहेको छ।

### (ग) क्षेत्रफल

यस जिल्लाको क्षेत्रफल २४६.५१ वर्ग किलोमिटर रहेको छ। यसको सिमाना पूर्वमा भोजपुर जिल्ला, पश्चिममा हलेसी तुवाचुङ नगरपालिका र लामिडाँडा गाउँपालिका, उत्तरमा केपिलासगढी तथा ऐंसेलुखर्क गाउँपालिका, दक्षिणमा दिप्लुङ तथा साकेला गाउँपालिका रहेका छन्।

### (घ) राजनीतिक तथा प्रशासनिक विभाजन

साविकमा कायम भएको दिक्तेल नगरपालिकामा २०७३ को पुनःसंरचनापश्चात् साविकका खार्मी, चिरीडाँडा, जाल्पा, निर्मलीडाँडा, विजयखर्क, बुइपा, नुनथला, नेर्पा र पाथेका गाविस र दिक्तेल न.पा .सम्मिलित गरी यस नगरपालिकाको गठन भएको हो। यो नगरपालिका हाल १५ वडामा विभाजित रहेको छ।

### (ङ) प्राकृतिक स्रोत

पूर्वमा टेम्के, मैयु, मेरुङडाँडा, पश्चिममा पहाडी ढालहरू हुँदै सुनकोसी, दूधकोसी नदी जस्ता प्राकृतिक तथा ऐतिहासिक सिमानाले घेरेको खोटाङ जिल्लास्थित यस नगरपालिकामा लालीगुराँस, चिमाल र विभिन्न जातका जडिबुटी, लेकाली धुपीसल्ला दक्षिणी क्षेत्रतर्फ खयर, साल तथा अन्य मूल्यवान वन सम्पदाले भरिपूर्ण रहेको वास्तवमै प्राकृतिक स्रोत, साधनले हरित सहरको रूपमा सुसज्जित रहेको छ। त्यस्तै रूपाकोट डाँडाबाट हिमालय शृंखलाको प्राकृतिक दृश्यावलोकन एवं सूर्योदय अवलोकनका लागि रमणीय स्थल मौजुद रहेको छ।

### (ङ) जातजाति

जातिगत आधारमा करिब ४०% राई समुदाय रहेको देखिन्छ। यसैगरी क्षत्री र ब्राह्मणको जनसंख्या क्रमशः १६% र १३% रहेको देखिन्छ भने दलितको जनसंख्या करिब १०% रहेको छ। यस्तै नेवार ८%, तामाङ ४%, मगर/घर्ती/भुजेल ३%, गुरुङ २%, संन्यासी २%, शेर्पा १% र अन्य जातजाति करिब १% बसोबास रहेको छ।

**(च) भाषा**

यस नगरपालिकामा विभिन्न भाषाभाषिका मातृभाषाको रूपमा सामान्य बोलचाल प्रयोग हुने गरेको छ जसमा नेपाली, राई, नेवारी (नेपाल भाषा), दुमी, तामाङ प्रमुख मातृभाषाका रूपमा रहेका छन् । लोक साहित्य, लोकगीत र संगीतको क्षेत्रमा यस जिल्लाका प्रख्यात गायक, संगीतकार तथा साहित्यकारहरूको राष्ट्रियस्तरमा नै महत्वपूर्ण योगदान रहेको छ ।

## २.२ नगरको आर्थिक तथा सामाजिक स्थिति

**(क) साक्षरता र शैक्षिक अवस्था**

सन् २०११ को जनगणनाअनुसार (पाँच वर्षभन्दा माथिको) करिब ७० प्रतिशत जनसंख्या साक्षर (पढ्न र लेख्न जान्ने) रहेको पाइन्छ । यसैगरी करिब ३ प्रतिशत जनसंख्या पढ्न जान्ने मात्र रहेका छन् भने करिब २७ प्रतिशत जनसंख्या निरक्षर रहेको पाइन्छ ।

पाँच वर्षभन्दा बढी उमेर समूहमा आँकडाअनुसार करिब ४९ प्रतिशतले माध्यमिक, ४५ प्रतिशतले प्राथमिक, ४ प्रतिशतले पूर्वप्राथमिक र करिब १ प्रतिशत जनसंख्याले विश्वविद्यालय तहको शिक्षा हासिल गरेको देखिन्छ ।

वर्तमानमा खोटाङ साक्षर जिल्ला घोषणा भएको परिप्रेक्ष्यमा नगरपालिकासमेत पूर्ण साक्षर घोषणा भई साक्षरता करिब ९७ प्रतिशत रहेको छ ।

**(ख) आर्थिक अवस्था**

यस नगरपालिकामा करिब ८५% जनसंख्याको प्रमुख पेसा कृषि, वन र माछापालन रहेको छ । त्यसैगरी जनसंख्याको ३% ले शिक्षा क्षेत्रमा १.५% ले थोक तथा खुद्रा व्यापारमा र १% ले उत्पादनको क्षेत्रमा काम गरिरहेको देखिन्छ । यस नगरपालिकामा कुल १०,०५० घर धुरीमध्ये २,६८१ घरधुरीबाट ३,१५२ व्यक्ति वैदेशिक रोजगारीमा गएका छन् । उपरोक्त तथ्यहरूबाट यो नगरपालिकामा मूलतः कृषिमा आश्रित रहेको र नगरपालिकाको आर्थिक स्रोत पनि यसै पेसामाथि नै निर्भर रहेको छ । सन् २०१४ को मानव विकास प्रतिवेदन आँकडाअनुसार खोटाङको औसत प्रतिव्यक्ति वार्षिक आम्दानी ११३२ डलर रहेको छ जुन सोही प्रतिवेदनमा उल्लिखित राष्ट्रिय औसत $११६० भन्दा २८ डलरले कम रहेको छ ।

**(ग) मानव विकास र गरिबी**

२०७४ को आँकडाअनुसार, यो नगरपालिकामा गरिबीको रेखामुनि रहेको जनसंख्या १७% रहेको छ जुन राष्ट्रिय औसतकै हाराहारीमा रहेको छ। त्यसैगरी सन् २०१४ को मानव विकास प्रतिवेदनअनुसार खोटाङको मानव गरिबी सूचकांक २९.४७ पनि राष्ट्रिय औसतभन्दा ०.२५ ले कम रहेको छ भने मानव विकास सूचकांक राष्ट्रिय औसत सूचकांक ०.५५८ को तुलनामा केही कम ०.५५३ (खोटाङ) रहेको अनुमान छ ।

यो नगरपलिकामा कुल १८ वटा संस्थाहरूले स्वास्थ्य सेवा प्रदान गरिरहेका छन् । सरकारी र निजी स्वास्थ्य संस्था गरेर कुल १०२ जना स्वास्थ्यकर्मीहरू सेवामा संलग्न भएका छन् जसमा विशेषज्ञ चिकित्सक २ जना रहेका छन् भने सामान्य चिकित्सक ५, हेल्थ असिस्टेन्ट १३, नर्स ५, अहेव २९, अनमी ३२, ल्याब टेक्निसियन ५ र अन्य ११ कार्यरत छन् । खोटाङ जिल्ला रिपोर्टअनुसार कुपोषणबाट प्रभावित (५ वर्ष मुनिका) करिब ३३ प्रतिशत रहेको छ। यसैगरी पाँच वर्ष मुनिका मृत्युदर ( प्रतिहजारमा) १५ रहेको छ । करिब २२ प्रतिशत महिलाले स्वास्थ्य संस्थामा गएर प्रसूति सेवा लिने

गरिएको देखिन्छ । यसैगरी करिब २० प्रतिशतले महिला स्वयंसेविकाको सहयोगमा बच्चा जन्माउने गरेका छन् ।

**(ङ) गार्हस्थ उत्पादन**

यस नगरपालिकाको कुल गार्हस्थ उत्पादन २०७४ को प्रचलित मूल्यमा रु. ६.४० अर्ब रुपियाँ बराबर रहेको अनुमान छ । उक्त कुल गार्हस्थ उत्पादनमध्ये कृषि क्षेत्रले करिब ७३% ओगटेको छ भने व्यापार र खुद्रा व्यापारले ९%, निर्माणले ६%, शिक्षाले ३% र लघु तथा घरेलु उद्योग क्षेत्रले करिब २% योगदान गरेको देखिन्छ ।

# भाग- ३
# अवसर तथा चुनौती विश्लेषण

## ३.१ अवसर

यस नगरपालिकामा आर्थिक सामाजिक विकासका निमित्त थुप्रै सम्भावनाहरू रहेका छन् । नेपालको मध्य भागबाट पूर्वपश्चिम छिचोल्ने मध्य पहाडी राजमार्ग यस नगरपालिका हुँदै गएको छ । खोटाङ जिल्लालाई तराईको समथर भूभाग सुनसरीसम्म जोड्ने तथा दिक्तेल ऐंसेलुखर्क दिक्तेल बाकसिला सडकसमेत निर्माणाधीन रहेको छ। बाटोले सडक सञ्जालको विस्तारसँगसँगै सडकका आसपास हुने आर्थिक तथा पर्यटकीय गतिविधिले मूर्त आधार लिन सक्ने सम्भावना प्रचुर छन् । यी सृजित पूर्वाधारले सामाजिक, शैक्षिक र स्वास्थ्य क्षेत्रको सेवा सुविधाको प्रवाह र सहज पहुँचमा योगदान पुऱ्याउन सघाउ पुग्नेछ । भौतिक, सामाजिक तथा आर्थिक पूर्वाधारको सन्तुलित तथा दिगो विकासका माध्यमबाट लगानी आकर्षित भई रोजगार र आयमा वृद्धि हुन सक्ने प्रचुर सम्भावना रहेका छन् । स्थानीय सेवा प्रवाहका लागि आवश्यक बजार, वित्तीय संघसंस्था, सहकारी तथा निजी र गैरसरकारी क्षेत्र र सक्रिय नागरिक समाज आदिको संस्थागत पूर्वाधारको उपलब्धताले आर्थिक सामाजिक गतिविधिमा थप विस्तार हुने सम्भावना रहेको छ। उपयुक्त हावापानी र जिल्ला सदरमुकाममा अवस्थित रहनु यसको थप सबलता हो । पानीको स्रोतको प्रचुरताले स्वच्छ खानेपानी, साना सिञ्चाइ र लघु जलविद्युत्को विकास गर्न सकिने सम्भावना रहेको छ। स्थानीय घरेलु उपयोगको निमित्त पुग्ने आफ्नै क्षेत्रमा जलविद्युत् आयोजना सञ्चालनमा रहेका छन् ।

यस नगरमा थुप्रै ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरू रहेका छन् जसलाई पर्यटकीय रूपमा विकास गर्ने प्रशस्त अवसरहरुको आकलन गर्न सकिन्छ । देशकै प्रमुख धार्मिकस्थल हलेसी क्षेत्र यसै नगरपालिकासँग जोडिएको र यातायातको सहज पहुँचले थप पर्यटक आकर्षित गरी बसाई लम्ब्याउन सकिने सम्भावना विद्यमान छ ।

नगर चार "वी" अर्थात् वीर, विद्वान्, विदुषी र विप्रेषणका दृष्टिले मुलुकमै चिनिएको छ । दैनिक करोडको हाराहारीमा विप्रेषण भित्रिने गरेको छ, जसले गरिबी निवारण, आधारभूत आवश्यकताको परिपूर्तिका साथै लगानीका अवसरसमेत बढाएको छ। सहरी विकास मन्त्रालयले एकीकृत सहरी विकास योजना तर्जुमाका लागि यस नगरपालिकालाई समेत समावेश गरेकाले उक्त कार्यक्रमबाट वैज्ञानिक तथा एकीकृत भू व्यवस्थापन योजना तयार भई व्यवस्थित नगर विकास गर्ने सम्भावना प्रचुर देखिएको छ ।

नगरभित्र वनजन्य, जडिबुटी, प्राकृतिक स्रोतहरूको उपलब्धताका साथै खुला स्थान प्रशस्त रहेकाले पार्क, मनोरञ्जन, क्रीडास्थल आदिको विकास गरी पर्या र धार्मिक पर्यटक आकर्षित गर्न सकिने सम्भावना प्रचुर रहेको छ ।

राजनीतिक दलहरू र नागरिक समाजको विकासका प्राथमिकतामा साझा धारणा देखिएको छ । विकासका निमित्त अन्य आवश्यक यातायात, विद्युत्, सूचना र सञ्चार प्रविधिजस्ता पूर्वाधारहरू उपलब्ध छन् । कतिपय सूचकहरू औसत राष्ट्रिय सूचकभन्दा माथि रहेका छन् । युवा जनशक्ति पर्याप्त रहेकाले तिनको समुचित परिचालनबाट जनसांख्यिक लाभ (Demographic dividend) र विप्रेषण आयसमेत समुचित प्राप्त र परिचालन गरी विकासको गतिलाई तीव्रता प्रदान गर्ने अवसरहरू

प्रशस्त रहेका छन् । नगरपालिकामा नवनिर्वाचित युवा पदाधिकारी निर्वाचनमा गरेका वाचालाई व्यवहारमा उतार्न अठोट र प्रतिबद्ध रहेकाले नगर विकासको उपयुक्त अवसरका रूपमा यो आवधिक विकास योजना कार्यान्वयन हुनेमा विश्वस्त रहन सकिन्छ ।

## ३.२ चुनौती र जोखिम

पहिलोपटक २०७० सालमा स्थापित यस नगरपालिकालाई स्थानीय तह पुनःसंरचना आयोगले वरपरका गाविसहरू थप गरी दिक्तेल, रूपाकोट मझुवागढी नगरपालिकाको रूपमा रूपान्तरण गरेको छ । भर्खरै स्थापित यस नगरपालिकाको अधिकांश भूभाग ग्रामीण प्रकृतिको रहेको छ । यस नगरपालिका पनि नेपालका धेरैजसो नगरपालिकाहरू सहरी सेवा सुविधा, सडक सञ्जाल, सुरक्षित खानेपानी, सरसफाइ, फोहोरमैलाको उचित प्रबन्ध, सामाजिक पूर्वाधार तथा मनोरञ्जनात्मक सुविधा जस्ता पूर्वाधारबाट अझै वञ्चित रहेको छ । साथै फोक्सिङटारमा क्रमागत रूपमा रहेको पुल निर्माण नभइसकेको अवस्थामा सुनसरी जिल्लासँग सोझै सडक मार्गबाट आवागमन हुन सकेको छैन । विगतमा योजनाबद्ध बस्ती तथा बजार क्षेत्रको विकास हुन नसक्दा मुख्य बजार क्षेत्रको विकास अव्यवस्थित तवरले भएको छ । सहरीकरणका विविध बहिर्भावहरूबाट प्रभावित यो नगरपालिका पनि विविध वातावरणीय चुनौतीहरूसँग पनि जुझिरहनुपरेको छ । दक्ष प्राविधिक जनशक्तिको कमी रहेको छ, धेरैजसो भौतिक पूर्वाधारका योजना पर्याप्त प्राविधिक अध्ययनबिना निर्माण भएकाले पहाडी मार्गहरू, सडकको नाली निकासको उचित प्रबन्ध गर्न लगानी बढी आवश्यक र दोहोरो हुन सक्ने अवस्था रहेको छ । सडकको नाली नहुनु, भिरालो हुँदै बग्ने खहरे प्रकृतिका खोलानालाहरूको व्यवस्थापन गरी उचित निकासमा पर्याप्त लगानी गर्नुपर्ने आदिले नगरपालिकामा वातावरणीय पक्षको जोखिम बढ्न गएको छ । एकातर्फ सार्वजनिक स्थलहरूको तीव्र अतिक्रमित हुँदै अव्यवस्थित बसोबास वृद्धि हुँदै गइरहेको छ भने अर्कोतर्फ यस्ता क्षेत्रहरूमा ढल, नाला एवम् फोहोरमैलाको अव्यवस्थित निकास र मिल्काइले नगर क्षेत्र प्रदूषितसमेत बन्दै गइरहेको छ ।

पुराना बजार तथा बस्तीमा स-साना सडक तथा गल्लीको बाहुल्यता, अव्यवस्थित बसोबास र सहरीकरणले खेतीयोग्य जमिनको ह्रास बढ्दो छ । स्थानीय तहमा रोजगार र स्व-रोजगारका अवसरहरू पर्याप्त नहुँदा युवा जनशक्ति विदेशिनुपरेका कारणले कृषियोग्य जमिनको उचित उपयोग नभई खाद्य परनिर्भरता बढिरहेको छ । आधारभूत र गुणात्मक सेवा र सुविधाको अभावमा बसाइँसराइको क्रम बढ्दो अवस्थामा छ ।

नागरिक चेतनाको कमी, जनताका बढ्दा अपेक्षाहरूको यथोचित सम्बोधनमा स्रोत साधनको कमी, हाट बजारमा स्थानीय उत्पादनको न्यूनता र सुलभताको कमी, निर्यातयोग्य कृषि वस्तुको उचित बजारीकरण हुन नसक्नु, नगरपालिकाको आर्थिक आयका स्रोतहरू अत्यन्तै सीमित र भएका स्रोतहरूको पनि पहिचान हुन नसकेको कारणले नगरपालिकाको स्वआर्जन आयमा कमी जस्ता कमजोर पक्षहरू देखिन आएका छन् ।

यी समस्याले मूलतः उत्पादकत्वमा कमी, न्यून आयआर्जन, गुणस्तरीय तथा सीपयुक्त जनशक्तिको अभाव, युवा शक्ति वैदेशिक रोजगारमा जाने तथा नगरबाट पलायन हुने प्रवृत्ति बढिरहेको पाइन्छ ।

दिक्तेल, रूपाकोट मझुवागढी नगरपालिकाको मुख्य पेसाका रूपमा रहेको निर्वाहमुखी कृषिलाई आधुनिकीकरण र व्यवसायीकरण गर्दै, रोजगारीको अवसर सृजना गर्नु प्रमुख चुनौतीका रूपमा

देखिएको छ । कृषि र जडिबुटीमा आधरित उद्योगको विकास, सडक यातायात पूर्वाधारको निर्माण, मध्यपहाडी राजमार्गबाट हालै आबद्ध भइरहेको यस नगर नगर क्षेत्रभित्रको पहाडी भूभागमा व्यापक रूपमा वातावरणीय ह्रास न्यूनीकरण गर्दै सडक निर्माण तथा स्तरोन्नति गर्नु कम चुनौतीपूर्ण छैन । कमजोर पूर्वाधार रहेका पर्यटकीय स्थलमा आधारभूत भौतिक पूर्वाधारलगायतका सुविधाको विकास गरी पर्यटकलाई आकर्षित गर्ने कार्य पनि चुनौतीपूर्ण छ । गुणात्मक शिक्षा, स्वास्थ्य तथा अन्य सामाजिक पूर्वाधारहरूको विकास गर्दै नागरिकहरूमा चेतना र सीपको स्तर अभिवृद्धि गरी पूर्वी मध्य पहाडको सभ्यताको "विकसित नगर" को रूपमा आफूलाई उभ्याउने चुनौती पनि यस नगरसमक्ष रहेको छ । यसैगरी परम्परागत बजार क्षेत्रलाई सुव्यवस्थित गरी मध्यपहाडी राजमार्गको यस हिस्सामा व्यापारिक केन्द्रको रूपमा आफूलाई विकास गर्ने चुनौती पनि नगरपालिकासमक्ष रहेको छ । सबै बालबालिकालाई अनिवार्य एवं गुणात्मक शिक्षा, आधारभूत स्वास्थ्य, भूकम्प प्रतिरोधात्मक निर्माण तथा खुला दिसामुक्त सहरका रूपमा वातावरणीय जोखिमहरू न्यूनीकरण गर्दै व्यवस्थित गर्नु पनि नगरपालिकासामु चुनौती रहेका छन् ।

नगरपालिकाका सामाजिक विकासका सूचकहरू त्यति उत्साहजनक हुन सकेका छैनन् । गुणात्मक शिक्षा, स्वास्थ्य जस्ता कतिपय सामाजिक समस्याहरूमा विगतका उपलब्धिहरू न्यून नै देखिएका छन् । राजधानी तथा तराई मधेस जोड्ने स्तरीय सडक र पुलहरूको अभावमा विकासका सम्भावनाहरू विस्तार हुन सकेका छैनन् । भौतिक र सामाजिक विकासबीचको गहिरो खाडल पुर्न सकिएको छैन ।

विगतका विकास प्रयासहरू योजनाबद्ध तथा समन्वयात्मकभन्दा पनि क्षणिक समस्या निराकरण गर्ने दिशातिर अघि बढेका देखिन्छन् । खासगरी जनप्रतिनिधिको अभावमा भएका विकास कार्यमा समेत स्थानीय स्वामित्वको अभाव खड्किएको छ । यो जिल्ला राष्ट्रिय सडक सञ्जालसँग ढिला जोडिएकाले पनि विकासका गतिविधिहरू खुम्चिनका साथै सेवा सुविधामा नागरिकको पहुँच र लागत खर्चिलो हुन गएको छ । समग्रमा, व्यवस्थित योजनाहरूको अभावले नगरपालिकाको कार्य असंयोजित देखिन्छ, जसले नगरपालिकाको विकास प्रयासहरू न्यून उपलब्धिमूलक र सीमित अवसरयुक्त सावित भएका छन् ।

यस नगरपालिकामा विषयगत निकाय र तिनको सम्पत्ति तथा दायित्व समाहित हुन सकेको छैन । विघटन हुने कार्यालयहरूले संरचना, अभिलेख र कर्मचारी समाहित भइनसक्दा आधारभूत सेवा प्रभावित भएका छन् । स्थानीय सरकार सञ्चालन ऐन बमोजिम जिल्लास्थित सरकारी निकायहरू र तिनले नगर क्षेत्रभित्र प्रदान गर्दै आएको सेवा तथा सम्पत्तिलाई स्थानीय सरकारमा समाहित तथा हस्तान्तरण गरी सेवा प्रवाह सुव्यवस्थित गर्न सकिएको छैन । यस परिप्रेक्ष्यमा नगर क्षेत्रका सम्भाव्यता, अवसरहरूलाई उपयोग तथा चुनौती र जोखिमहरू न्यूनीकरण गरी व्यवस्थित र चौतर्फी विकास गर्दै समुन्नत, सभ्य र समृद्ध नगरको रूपमा विकास गर्ने उद्देश्यले यो आवधिक नगर विकास योजनाको तर्जुमा गरिएको छ ।

# भाग- ४

# दीर्घकालीन सोच/दूरदृष्टि उद्देश्य, लक्ष्य

## ४.१ दीर्घकालीन सोच

नगरपालिकाले दीर्घकालीन सोच (Long Term Vision) को रूपमा “**समाजवाद उन्मुख, सभ्य र समृद्ध नगर : दिक्तेल रुमवासीको रहर**” रहेको छ ।

दीर्घकालीन सोचले परिकल्पना गरेको इच्छित अवस्थामा पुग्न एक वा दुई मध्यकालीन अवधिका आवधिक योजनाले (Medium Term Plan) मात्र सम्भव नभएतापनि आवधिक विकास योजनाले त्यसतर्फ अग्रसर हुनको लागि मार्ग निर्देशन प्रदान गरेका हुन्छन् । एउटा मध्यकालिन आवधिक नगर विकास योजनाको अवधि सामान्यत पाँच वर्षका अवधिका लाीग तर्जुमा हुने गरेको देखिन्छ । यो एउटा मध्यम अवधिको योजना हो । अतः दीर्घकालीन सोच हासिल गर्न एकभन्दा बढी आवधिक विकास योजनाहरू कार्यान्वयन हुनु नितान्त जरुरी हुन्छ । आवधिक विकास योजनाका लक्ष्य र उद्देश्य यस दूरदृष्टि प्राप्तितर्फ उन्मुख रहन्छन् ।

## ४.२ समष्टिगत लक्ष्य

“आर्थिक, सामाजिक, भौतिक, वातावरणीय, संस्थागत एवं वित्तीय पूर्वाधारको दिगो विकास भई सुशासनका माध्यमबाट नगरवासीको जीवनस्तरमा गुणात्मक सुधार भएको हुनेछ ।”

## ४.३ क्षेत्रगत बृहत् उद्देश्यहरू

### ४.३.१ आर्थिक

कृषिको व्यवसायीकरण, पर्यटन तथा सेवा क्षेत्रको विकास, साना तथा घरेलु उद्योग एवं व्यापार व्यवसायको प्रवर्द्धनबाट रोजगारमूलक स्थानीय अर्थतन्त्रको विकास भई नगरवासीको रोजगारी र आय स्तरमा सुधार भएको हुने ।

### ४.३.२ सामाजिक

गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य एवं पोषण, स्वच्छ पिउने पानी तथा सरसफाइको सुविधामा पहुँच र युवा एवं खेलकुद विकास तथा प्रवर्द्धनका साथै लैङ्गिक समानता, सामाजिक समावेशीकरण सुनिश्चित गरी नगरवासीलाई आधारभूत सामाजिक सेवा, संरक्षण र सुरक्षा उपलब्ध भएको हुने ।

### ४.३.३ भौतिक

आधारभूत तथा गुणस्तरीय भौतिक एवं सामाजिक पूर्वाधारको निर्माण, स्तरोन्नति र मर्मत सम्भारबाट नगर विकासमा गतिशीलता आई नगरवासीको सेवा तथा सुविधा प्राप्ति, पहुँच र प्रवाहमा सहज भएको हुने ।

### ४.३.४ वातावरणीय

वन, वन्यजन्तु, जैविक विविधता तथा भू तथा जलाधार क्षेत्रको संरक्षण, विकास, संवर्द्धन, प्रवर्द्धन र दिगो उपयोग गर्दै, विपद् व्यवस्थापन एवं जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण उपायको अवलम्बनबाट वातावरणमैत्री विकास भई हरित, सफा उज्यालो र बस्नयोग्य व्यवस्थित नगर निर्माण भएको हुने ।

### ४.३.५ संस्थागत

विधि र प्रक्रियाको निर्माण, चुस्त तथा प्रभावकारी संगठन संरचना र क्षमता विकास, सार्वजनिक, निजी, सहकारी, गैसस तथा सामुदायिक साझेदारीलाई प्रवर्द्धन गर्दै सेवा प्रवाह सुनिश्चित र भरपर्दो भएको हुने ।

### ४.३.६ वित्तीय व्यवस्थापन र सुशासन

आन्तरिक र बाह्य स्रोत साधनको उच्चतम प्रयोग गर्दै प्रविधिमैत्री कर तथा आर्थिक प्रशासनको माध्यमबाट वित्तीय अनुशासन कायम भई स्थानीय सुशासन प्रत्याभूत भएको हुने ।

# भाग- ५
# आर्थिक विकास

## ५.१ विषय प्रवेश

नेपालको संविधानले स्थानीय स्तरमा आर्थिक विकासका लागि स्थानीय सरकारको भूमिकालाई विशेष महत्व दिएको छ। आर्थिक विकासको माध्यमबाट नै नगरबासीले आफनो जीवनस्तर सुधार गर्न सक्दछन्। स्थानीय जनताको आर्थिक समृद्धिका लागि नगरपालिकाले नगरबासीको चाहना, माग र प्राथमिकतालाई सम्बोधन गर्दै स्थानीय क्षेत्रभित्र आर्थिक क्रियाकलापहरू बढाउनुपर्ने हुन्छ। खासगरी स्थानीय रूपमा उपलब्ध स्रोत र साधनहरू लाई प्रयोग र उपयोग गर्दै रोजगारी र आर्थिक वृद्धिको दिशामा अगाडि बढ्न सबल र आत्मनिर्भर स्थानीय अर्थतन्त्रको विकासलाई गति दिनु आवश्यक छ। नगरपालिकाको विद्यमान भौगोलिक र ग्रामीण परिवेश एवं जीविकोपार्जनका लागि संघर्षशील र कर्मशील मानिसहरूको बाहुल्यता भएको मौजुदा स्थितिमा आर्थिक स्थितिमा सुधार गर्नका लागि आर्थिक विकासका कृयाकलापहरुको संचालन हुन अपरिहार्य देखिन्छ।

नगर क्षेत्रभित्र आर्थिक उत्पादन तथा आयमा द्रुततर वृद्धि गरी सोको न्यायपूर्ण वितरणमार्फत गरिबी निवारणमा योगदान पुऱ्याउन विपन्न बर्गको आर्थिक स्तरमा सुधा र मानव संसाधनको गुणात्मक विकास जस्ता कार्यहरूबाट नगरको अर्थतन्त्रलाई समृद्ध गर्नुपर्ने हुन्छ। नगरको आर्थिक वृद्धि सँगसँगै आयको वितरणमा समानता कायम हुन सकेमा नै सामाजिक न्यायमा आधारित समतामूलक तथा लोककल्याणकारी समाजको स्थापना गरी वास्तविक आर्थिक विकास हासिल गर्न सम्भव हुनेछ। यसका लागि नगर क्षेत्रभित्र आयमूलक रोजगारीका अवसरहरू सिर्जना गरी जनसाङ्ख्यिक लाभांशको अधिकतम उपयोग गर्ने सक्षमताको आवश्यकता छ।

## ५.२ वर्तमान अवस्था

यस नगरपालिकाको प्रमुख आर्थिक क्रियाकलापको रूपमा कृषि पेसा रहेको छ। यस नगरपालिकाको कुल गार्हस्थ उत्पादन करिब रु. ६.४० अर्ब बराबर रहेको र प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन करिब रु.१.१७ लाख रहेको अनुमान गरिएको छ। उक्त कुल गार्हस्थ उत्पादनमा कृषि तथा वन क्षेत्रको योगदान करिब ७३ प्रतिशत रहेको छ भने व्यापार (खुद्रासमेत) ले ९ प्रतिशत, निर्माणले ६ प्रतिशत र शिक्षाले ३ प्रतिशत योगदान पुऱ्याएको देखिन्छ। उत्पादनमूलक उद्योग व्यवसायबाट करिब २ प्रतिशत र बाँकी ७ प्रतिशत होटल, रेस्टुरेन्ट, सार्वजनिक सेवा, स्वास्थ्य लगायतका क्षेत्रले योगदान पुऱ्याएको देखिन्छ। कृषि नै यस नगरको मुख्य पेसा र आर्थिक क्रियाकलापको आधार रहे तापनि अझै परम्परागत र निर्वाहमुखी कृषि प्रणालीमा सीमित हुनु परिरहेको छ। खेती गरिएको जमिनमध्ये ८७ प्रतिशत खाद्यान्न, ३ प्रतिशत दलहन, ६ प्रतिशत जराजन्य, २ प्रतिशत तरकारी खेती र अन्य बालीले २ प्रतिशत उत्पादनमा हिस्सा ओगटेका छन्।

पेसागत रूपमा यहाँको ८५ प्रतिशत श्रम कृषि, वन र माछापालन क्षेत्रमा आश्रित रहेको देखिन्छ भने शिक्षा क्षेत्रमा ३ प्रतिशत, थोक तथा खुद्रा व्यापारमा २ प्रतिशत र उद्योगको क्षेत्रमा १ प्रतिशत रहेको देखिन्छ। कृषिमा रहेको रोजगारीको आकार राष्ट्रिय अनुपातभन्दा बढी देखिन्छ। उल्लेखित पेसाबाहेक अन्य पेसामा आबद्ध जनसंख्याको हिस्सा भने अत्यन्तै कम रहेको छ। स्थानीय र

राष्ट्रिय रूपमा रोजगारीका अवसरहरू कम भएसँगै कामका लागि अन्य सहर र वैदेशिक रोजगारीमा जानेको संख्या उल्लेख्य रहेको छ। आर्थिक रूपले सक्रिय जनसंख्याको करिब ८ प्रतिशत युवाहरू वैदेशिक रोजगारीका लागि अन्य मुलुकहरूमा गएको देखिन्छ।

यस नगर क्षेत्रको गरिबी (करिब १७ प्रतिशत) र मानब विकास सूचकांकसमेत राष्ट्रिय औसतको हाराहारीमा देखिन्छ। यस नगरपालिकाका अधिकांश बासिन्दाहरू निर्वाहमुखी कृषि क्षेत्रमा आश्रित रहनु र अन्य उत्पादनमूलक तथा सेवा क्षेत्रको योगदान नगन्य रहेको कारणले यहाँको गरिबी घटाउने कार्य चुनौतीपूर्ण रहेको छ। यस नगरपालिकामा गरिबी र मानव विकास सूचकांक नेपालका पहाडी जिल्लाहरूको औसतभन्दा केही राम्रो देखिए तापनि नगरले लिएको दीर्घकालीन सोच, लक्ष्य उद्देश्यअनुसारको आर्थिक समृद्धि हासिल गर्न अझै प्रशस्त प्रयास आवश्यक देखिन्छ।

आर्थिक क्षेत्रमा पर्ने मुख्य विषय क्षेत्रहरू यस प्रकार रहेका छन् :

**तालिका ५.१**

**आर्थिक सूचकहरू**

आवधिक योजनामा आर्थिक क्षेत्रको समग्र सूचकहरू निम्नबमोजिम हासिल हुने अपेक्षा गरिएको छ :

| क्र.सं. | सूचक | इकाई | २०७४/७५ को स्थिति | आवधिक योजनाको लक्ष्य २०७९/८० मा |
|---|---|---|---|---|
| १ | कुल गार्हस्थ उत्पादन | रुपियाँ | ६.४ अर्ब | ९.४३ अर्ब |
| २ | आर्थिक वृद्धि (वार्षिक) | प्रतिशत | ४ | ८ |
| ३ | प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन | रुपियाँ | १.१७ लाख | १.५६ लाख |
| ४ | गरिबीको रेखामुनिको जनसंख्या | प्रतिशत | १७ | १० |
| ५ | मानव विकास सूचकांक | इन्डेक्स | ०.५५ | ०.६० |

स्रोत : नगरको वस्तुगत विवरण

## ५.३ आर्थिक विकास सम्बद्ध क्षेत्रगत रणनीति/कार्यनीति तथा कार्यक्रमहरू

### ५.३.१ कृषि

#### १. पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने र कानुनबमोजिम खाद्य सम्प्रभुताको हकको यवस्था गरेको छ। यसैगरी कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रणको एकल जिम्मेवारीसमेत स्थानीय तहको हुने गरी निर्धारण गरिनुका साथै संविधान प्रदत्त जिम्मेवारीलाई स्थानीय सरकार सञ्चालन एनले विस्तृतीकरणसमेत गरी स्थानीय तहको काम, कर्तव्य र अधिकारमा समावेश गरेको छ।

नगरको मुख्य रोजगारी र जीविकोपार्जनको रूपमा कृषि क्षेत्र रहेको छ। कृषि क्षेत्रअन्तर्गत अन्न बाली, नगदे बाली, तरकारी खेती र पशुपन्छी पालनलाई लिइएको छ। यसैगरी कृषि कार्यहरूसँग माछापालन, माहुरीपालन र वनजन्य क्षेत्र पनि आबद्ध रहेको पाइन्छ। समग्रमा यस नगरको कृषि क्षेत्र बढी अनुपातमा निर्वाहमुखी रहेको छ।

## २. वर्तमान अवस्था

नगरको आर्थिक रूपमा सक्रिय (१० वर्ष माथिका) जनसंख्यामा करिब ८५ प्रतिशत कृषिमा संलग्न रहेको र कुल गार्हस्थ उत्पादनको कृषिको योगदान करिब ७३ प्रतिशत रहेको छ। नगरको खेती गरिएको जमिनमध्ये ८७ प्रतिशत खाद्यान्न, ३ प्रतिशत दलहन, ६ प्रतिशत जराजन्य, २ प्रतिशत तरकारी खेती र अन्य बालीले २ प्रतिशत उत्पादनमा हिस्सा ओगटेको छ।

## ३. चुनौती र अवसर

कृषि नै यस नगरको मुख्य पेसा र आर्थिक क्रियाकलापको आधार रहे तापनि उपयुक्त प्रविधि, युवा जनशक्तिको पलायनले कृषि मजदुरको अभावमा कृषिको व्यवसायीकरण तथा आधुनिकीकरण हुन नसकी अझै परम्परागत र निर्वाहमुखी कृषि प्रणालीमा सीमित हुनु परिरहेको छ। कृषि पेसालाई मर्यादित बनाउन नसक्दा युवाहरूको कृषि क्षेत्रमा आकर्षण घट्नुका साथै न्यून उत्पादकत्व एवं व्यवसायिकताको कमीले गर्दा कृषि क्षेत्रवाट अपेक्षित उपलब्धि हुन सकेको छैन।

नगरको भूबनोट, पानीको स्रोत, मेहनती नगरवासी कृषि क्षेत्रको विकासका लागि महत्वपूर्ण पक्ष हुन्। यस नगर क्षेत्रको उर्वर भूमि र उपलब्ध केही सिञ्चाइ सुविधाको कारण विद्यमान सम्भाव्यताहरूलाई उपयोग गर्दै कृषि क्षेत्रअन्तर्गत अन्न बाली, नगदे बाली, तरकारी खेती र पशुपालनमा उपयुक्त कृषि प्रविधिको प्रयोगको माध्यमद्वारा व्यवसायीकरण गरी उत्पादन, उत्पादकत्व र आयआर्जनका अवसरहरूलाई वृद्धि गर्न सकिनेछन्। मध्यपहाडी राजमार्गमा अवस्थित, तराई जोड्ने सडकको निर्माणले नगरको राजधानीदेखि तराईसम्म सम्बन्धले कृषि उत्पादनका लागि बजारको बृहत् अवसरहरूको द्वार खुलाएको छ। नगरभित्र अवस्थित निर्वाहमुखी कृषिलाई रूपान्तरण गरी व्यवसायिकताको आधारमा बाह्य परनिर्भरता हटाई थप आयआर्जनका अवसरहरूलाई अधिकतम उपयोग गरिनुपर्ने हुन्छ।

## ४. उद्देश्य

स्थानीय सम्भाव्यताको आधारमा कृषि, उद्योग क्षेत्रको उत्पादन र उत्पादकत्व बढाई नगरको आर्थिक विकासमा योगदान पुगेको हुनेछ।

## ५. लक्ष्य/अपेक्षित उपलब्धि

आवधिक विकास योजना अवधिमा कृषि उत्पादन तथा पशुपालनको विकास गरी कुल गार्हस्थ उत्पादनमा कुषि क्षेत्रको योगदान ६० प्रतिशत रहनेछ।

## ६. रणनीति/कार्यनीति

(१) स्थानीय सम्भाव्यताको आधारमा उत्पादनयोग्य नगदे बाली तथा पशुपालनमा आधुनिक प्रविधिको प्रयोग र व्यवसायीकरणलाई बढावा दिँदै उत्पादन तथा उत्पादकत्वको अभिवृद्धि गरिनेछ।

(२) व्यवसायिकताको आधारमा उत्पादन र उत्पादकत्व बढाउन कृषकहरूको सीप अभिवृद्धि र प्रविधिमा पहुँच विस्तार गर्न कार्यक्रमिक र संस्थागत सुधार गरिनेछ।

(३) कृषिमा यान्त्रीकरण, प्रविधि अनुसन्धान र प्रविधि हस्तान्तरण गरी व्यवसायीकरण गर्न शैक्षिक, गैरसरकारी र निजी क्षेत्रसँग सहकार्य गरिनेछ।

(४) कृषिको व्यवसायीकरणमा उन्नत बीउबिजन, मल, सिञ्चाइ, ज्ञान, सीप र प्रविधि आदि जस्ता विषयमा सरकारी, गैरसरकारी, निजी तथा विकास साझेदारको समेत प्राविधिक सहयोग जुटाई समुचित संयन्त्रका माध्यमबाट कृषकमा पुऱ्याइने व्यवस्था मिलाइनेछ।

उक्त कार्य सञ्चालनमा प्रदेश सरकारसँग समेत आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

(५) उत्पादनमूलक कृषि उद्योग तथा सहकारी संस्थाहरूको विकास गरी उत्पादन, उत्पादकत्व, बजारीकरण, ब्रान्डिङ र सामूहिक बौद्धिक सम्पत्ति सृजनालाई प्रोत्साहन गरिनेछ ।

(६) कृषि थोक बजार, खुद्रा बजार, थोक समर्थन मूल्य, शीतभण्डार, सहुलियत ऋण, उद्योग ग्राममा कृषि उपज प्रशोधन उद्योगलाई प्रथामिकता लगायतका विधिबाट कृषि उद्यम सृजना गर्न उपयुक्त वातावरण तयार गरिनेछ ।

(७) प्रत्येक वडामा कृषि उपज संकलन केन्द्र स्थापना र परम्परागत हाटबजार केन्द्र व्यवस्थापन गरी स्थानीय कृषि बजार र निर्यात प्रवर्द्धन गरिनेछ ।

(८) वडामा स्रोत केन्द्रहरू स्थापना गरी उपयुक्त प्राविधिक सहयोगबाट समयमा नै बीउबिजन, मललगायतका कृषि सामग्री र पशु चिकित्सा सेवाको उपलब्धतार प्रसारबाट कृषिकको सहज पहुँच स्थापित गरिनेछ ।

(९) साना, सीमान्त किसान, महिला कृषक र विपन्न वर्गलाई सहुलियत अनुदान, प्रविधि, प्राविधिक ज्ञान र प्रसारमा सहज पहुँच स्थापना गरिनुका साथै कृषियोग्य भूमि यस्ता कृषकलाई कबुलियतमा समेत उपलब्ध गराउने व्यवस्था गरी प्राविधिक सेवा र टेवा दिइनेछ ।

(१०) वैदेशिक रोजगारबाट फर्केका कृषकको ज्ञान, सीप र अनुभवलाई प्रयोग गर्ने उचित वातावरण सिर्जना गरी सहुलियत रूपमा राज्यबाट प्रदान गरिने सेवा उपलब्ध गराउने सहजीकरण गरिनेछ ।

(११) प्रांगारिक (Organic) कृषि खेती र कृषि उत्पादनलाई प्रश्रय र प्रोत्साहित गरिनेछ ।

**७. प्रमुख कार्यक्रम**

- सम्भाव्यताका आधारमा एक वडा एक उत्पादन पकेट स्थापना,
- एक वडा विभिन्न कृषि फर्म स्थापना गर्न सहयोग, सहकार्य,
- एक वडा एक कृषि स्रोत व्यक्ति केन्द्र स्थापना,
- पशुपन्छी पकेट, ब्लक, पहिचान तथा विकास,
- कृषि उद्योग स्थापनामा सहयोग,
- कृषि उद्यम संवर्द्धन कार्यक्रम (Agri Business Incubation Program) सञ्चालन,
- कृषि प्रसारमा सूचना प्रविधिको विकास र विस्तार (ICT based extention),
- उत्पादन, संकलन, प्रशोधन र बजारीकरण,
- कृषि बीउबिजन, नश्ल, मलखाद, रसायन तथा औषधिहरूको आपूर्ति, उपयोग र नियमन,
- अनुदान, कर छुट, फसल बिमा, कृषि ऋणको बिमा, सहुलियत ऋण लगायतका उपयुक्त नीति निर्माण र कार्यान्वयन
- उपयुक्त प्रविधि अनुसन्धानमा सहकार्य, प्रविधि हस्तान्तरण, सीप र प्राविधिक जनशक्ति विकास र प्रचारप्रसार,

- कृषक र कृषि सेवा प्रदायकहरूको क्षमता अभिवृद्धि तथा सशक्तीकरण,
- वैदेशिक रोजगारीमा गएर फर्केका युवाहरूका लागि लक्षित कृषि व्यवसायीकरण कार्यक्रमहरू
- अर्गानिक खेती प्रवर्द्धन र ब्रान्डिङ,
- चुनिएका दुई नगदे बालीको उत्पादन, प्रशोधन, प्याकेजिङ, ब्रान्डिङ, बजारीकरण गर्न सहयोग

## ८. सहकार्य रणनीति

| प्रमुख कार्यक्रम | सहकार्य भार (प्रतिशतमा) | | | |
|---|---|---|---|---|
| | निजी क्षेत्र | गै.स.स. | वित्तीय क्षेत्र | नगरपालिका |
| एक वडा एक उत्पादन पकेट | ७० | ५ | १५ | १० |
| एक वडा विभिन्न कृषि फार्म | ३० | ५ | ६० | ५ |
| एक वडा एक कृषि स्रोत व्यक्ति/केन्द्र | १० | ३० | ० | ६० |
| पशुपन्छी पकेट, ब्लक पहिचान, विकास | ७० | ५ | १५ | १० |
| कृषि उद्यम स्थापनामा सहयोग | ५ | ४० | ० | ५५ |
| कृषि उद्यम संवर्द्धन कार्यक्रम सञ्चालन | ५ | ३५ | ० | ६० |
| उत्पादन, संकलन, प्रशोधन, बजारीकरण | ६५ | ० | ३० | ५ |
| अनुदान, कर छुट, फसल बिमा, कृषि ऋणको बिमा, सहुलियत ऋण | ० | ० | ३० | ७० |
| प्रविधि अनुसन्धान, हस्तान्तरण, जनशक्ति विकास | ४० | ४० | ५ | १५ |
| कृषक र सेवा प्रदायकको क्षमता अभिवृद्धि | ० | ५० | ० | ५० |
| वैदेशिक रोजगारीबाट फर्केका युवा लक्षित कृषि व्यवसायीकरण कार्यक्रम | ५ | ७० | ५ | २० |
| अर्गानिक खेती प्रवर्द्धन र ब्रान्डिङ | ६० | १० | १० | २० |
| चुनिएका नगदे बाली मूल्य शृंखला सहयोग | २० | ५ | ६० | १५ |

नोटः निजी क्षेत्रले सान्दर्भिकताअनुसार सहकारी र संस्थागत शैक्षिक क्षेत्रसमेत जनाउनेछ।

## ५.३.२ सहकारी

### १. पृष्ठभूमि

नेपालको संविधानले मुलुकको समग्र आर्थिक तथा सामाजिक विकासमा सरकारी, सहकारी र निजी क्षेत्रले महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरेको छ। यसका साथै सहकारीलाई स्थानीय तहको एकल जिम्मेवारीमा समेत राखी स्थानीय सरकार सञ्चालन ऐनबाट सहकारी क्षेत्रअन्तर्गत गरिने कार्यको विस्तृतीकरणसमेत गरी स्थानीय स्तरमा सहकारी क्षेत्रको प्रवर्द्धन गर्नका लागि स्थानीय सरकारलाई अग्रणी भूमिका दिइएको छ। स्थानीय श्रम, सीप, प्राविधिक, प्रविधि र पुँजीलाई अधिकतम रूपमा

परिचालन गरी सहकारीलाई नगरको अर्थतन्त्रको एक सबल स्तम्भका रूपमा विकसित गर्दै आर्थिक तथा सामाजिक विकासको योगदान पुऱ्याउने आवश्यकता छ ।

**२. वर्तमान अवस्था**

यस नगरमा हाल सहकारी संस्थाहरूको संख्या २२ वटा रहेको छ । विकट क्षेत्र भएबाट मौजुदा सहकारी संस्थाहरूको कारोबारको परिणाम न्यून नै रहेको छ । सहकारी क्षेत्रले नगरको उत्पादन तथा उत्पादकत्व बढाउन अपेक्षित सहयोग पुऱ्याउन सकेको छैन ।

**३. चुनौती र अवसर**

यस नगरपालिकामा सहकारी संस्थाहरूको समुचित विकासका लागि सहकारीको मूल्य तथा मान्यताबारे अनभिज्ञता, सहकारी व्यवस्थापनमा सीपको कमी र आयमूलक अवसरहरूको न्यूनता जस्ता चुनौतीहरू विद्यमान रहेका छन् । यस स्थितिमा सुधार गरी सर्वसाधारणमा सहकारीप्रतिको आकर्षणलाई प्रवर्द्धन गर्दै नगरपालिकाको चौतर्फी विकासमा सहकारीको योगदानलाई क्रमशः वृद्धि गर्दै लैजान सकिने सम्भावनाहरू विद्यमान रहेका छन् ।

**४. उद्देश्य**

सहकारी क्षेत्रमा उद्यमशीलता तथा सीपको विकास र रोजगारी एवं आयआर्जनका अवसरहरू बृद्धि गरेर स्थानीय अर्थतन्त्रलाई सक्षम, सवल, समावेशी, दिगो र फराकिलो तुल्याई नगरको आर्थिक समृद्धि हासिल गर्नमा योगदान पुगेको हुनेछ ।

**५. लक्ष्य/अपेक्षित उपलब्धि**

आवधिक योजना अवधिमा नगरभित्र एक बस्ती एक सहकारी अभियान सञ्चालन गरी प्रत्येक बस्तीमा एक सशक्त सहकारीमार्फत कृषि तथा गैरकृषि क्षेत्रको उत्पादनमा वृद्धि, बजारीकरण र बचत परिचालन तथा ऋण प्रवाहमा पहुँच बढाइनेछ ।

**६. रणनीति/कार्यनीति**

(१) सहकारीलाई रोजगारी प्रवर्द्धन र दिगो जीवनयापनका आधारका रूपमा विस्तार गरिनेछ ।

(२) कृषि तथा गैरकृषि सहकारी संस्थाहरूको प्रवर्द्धन गरी उत्पादन बढाइनेछ ।

(३) स्थानीय उत्पादन तथा अत्यावश्यक वस्तुहरूको आपूर्ति तथा बजारीकरणमा सहकारी संस्थाहरूलाई क्रियाशील तुल्याइनेछ ।

(४) नगरमा उद्योग व्यवसायको प्रवर्द्धनमा सहकारी संस्थाहरूवाट सहज एवं सहुलियतपूर्ण कर्जा प्रवाहको व्यवस्था गरिनेछ ।

**७. प्रमुख कार्यक्रम**

- सहकारी दर्ता/नवीकरण र नियमन,
- सहकारी सम्बद्ध तालिम तथा अभिमुखीकरण,
- सहकारी उत्पादन, बजारीकरण र बचत परिचालन,
- सहकारी संस्थाहरूको अनुगमन ।

## ८. सहकार्य रणनीति

| प्रमुख कार्यक्रम | सहकार्य भार (प्रतिशतमा) | | | |
|---|---|---|---|---|
| | निजी क्षेत्र | गै.स.स. | वित्तीय क्षेत्र | नगरपालिका |
| सहकारी दर्ता/नवीकरण र नियमन | ० | ० | ० | १०० |
| सहकारी सम्बद्ध तालिम तथा अभिमुखीकरण | २० | ३० | ० | ५० |
| सहकारी उत्पादन, बजारीकरण र बचत परिचालन | ९० | ० | १० | ० |
| सहकारी संस्थाहरूको अनुगमन | ० | ० | ० | १०० |

नोटः निजी क्षेत्रले सान्दर्भिकताअनुसार सहकारी र संस्थागत शैक्षिक क्षेत्रसमेत जनाउनेछ ।

## ५.३.३ उद्योग, वाणिज्य र सेवा

### १. पृष्ठभूमि

नगरको आर्थिक समृद्धिमा उद्योग, वाणिज्य र सेवा क्षेत्रहरूको महत्वपूर्ण भूमिका रहन्छ । परम्परागत कृषि प्रणाली माथिको अत्यधिक निर्भरतालाई कम गर्न कृषि क्षेत्रको व्यवसायीकरणका साथ साथै उद्योग, वाणिज्य र सेवा क्षेत्रहरूको पनि निरन्तर विकास हुन सकेमा नै नगरको आर्थिक समृद्धिमा उल्लेख्य सफलता हासिल गर्न सकिनेछ ।

### २. वर्तमान अवस्था

यस नगरपालिकामा उद्योग, वाणिज्य र सेवा क्षेत्रहरूको विद्यमान अवस्था न्यून रहेको छ । हाल कुल गार्हस्थ उत्पादनमा उत्पादनमूलक क्षेत्र लघु तथा घरेलु उद्योगको योगदान करिब २ प्रतिशत र करिब १.५ प्रतिशत थोक तथा खुद्रा व्यापारमा संलग्न रहेका छन् । यो नगरपालिकामा साना, घरेलु र लघु गरी ८१ वटा उद्योगहरू रहेका छन् । यसमा ६१ वटा साना, १४ वटा घरेलु र ६ वटा लघु उद्योग रहेका छन् । यी उद्योगहरूले कुल ३७६ जनालाई प्रत्यक्ष रोजगारी प्रदान गरेका छन् । यो रोजगारीको करिब एकतिहाइ वार्ड नं. १ मा रहेको छ । यहाँको बजार व्यवस्था पनि परम्परागत नै रहेको छ । हाट बजारहरू व्यवस्थित हुन सकेका छैनन् । स्थानीय उत्पादनको बजारीकरणमा कठिनाइ रहेको छ । साथै आधारभूत आवश्यकताहरूको आपूर्ति पनि सहज छैन ।

सेवा व्यवसायतर्फ पर्यटकीय दृष्टिकोणबाट प्रचुर सम्भावना भएको नगरपालिका भए पनि यहाँ होटल, लज र रेस्टुराँ संख्या भने न्यून रहेको छ । यो नगरपालिकामा कुल २३ वटा होटल, लज र रेस्टुराँ संख्या रहेका छन् । भएका सबै होटलहरू ननस्टार रहेका छन् । यी होटलहरूमा जम्मा गरेर ६६ वटा कोठा र १५४ वटा बेडहरू उपलब्ध रहेका छन् । सञ्चार तथा सेवा प्रवाह सम्बद्ध सेवा व्यवसायहरू पनि सीमित संख्यामा रहेका छन् ।

### ३. चुनौती र अवसर

उपलब्ध तथ्यांकले यस नगरपालिकाभित्र उद्योगको विकास र विस्तारको अवस्था न्यून रहेको देखाउँछ । उद्योग, वाणिज्य र सेवा क्षेत्रहरूको कुल गार्हस्थ उत्पादनमा योगदान ५ प्रतिशतभन्दा कम हुनाले नगरको आर्थिक समृद्धिमा कठिनाइ परेको छ । यी क्षेत्रहरूको द्रुततर विकास हुन सकेमा आर्थिक विकासमा उल्लेख्य योगदान पुग्ने सम्भावनाहरू विद्यमान रहेका छन् ।

## ४. उद्देश्य

कृषिजन्य उत्पादन, वन पैदावार लगायतका स्थानीय स्रोत साधन तथा मौलिक सीपमा आधारित लघु, घरेलु तथा साना उद्योग स्थापना र प्रोत्साहन गर्दै उद्योग व्यापार तथा सेवा क्षेत्रलाई सक्षम तुल्याइनेछ ।

## ५. लक्ष्य/अपेक्षित उपलब्धि

नगरको आर्थिक क्रियाकलापमा लघु, घरेलु तथा साना उद्योग, व्यापार तथा सेवा क्षेत्रहरूको विस्तार गरी कुल गार्हस्थ उत्पादनमा यी क्षेत्रहरूको योगदान बढाई ३० प्रतिशत पुऱ्याइनेछ ।

## ६. रणनीति

(१) नगर क्षेत्रमा स्थानीय स्रोत साधनहरूमा आधारित लघु, घरेलु तथा साना स्तरका उद्योगहरूको प्रवर्द्धन गरिनेछ ।

(२) नगरमा औद्योगिक विकासका लागि निजी क्षेत्रसँगको सहकार्यमा उद्योग ग्रामहरूको विकास गरिनेछ ।

(३) कृषि उपज प्रशोधन उद्योग, कृषि सामग्री उद्योग, उत्पादनमूलक उद्योग र पर्यटन उद्योगको विकासगरी उत्पादन, उत्पादकत्व, रोजगार र आयआर्जनलाई प्रोत्साहन गरिनेछ ।

(४) नगर क्षेत्रमा उद्यमशीलताको विकास र प्रवर्द्धन गर्न प्रोत्साहित गरिनेछ ।

(५) स्थानीय परम्परागत ज्ञान तथा प्रविधिको वैज्ञानिक अनुसन्धान अभिलेखन प्रकाशन तथा बौद्धिक सम्पत्ति दर्ता गर्न सहयोग अभिवृद्धि गरिनेछ ।

(६) स्थानीय उत्पादनको बजारीकरणमा सहजीकरण गर्ने र उपभोग्य वस्तुहरूको आपूर्तिलाई सहज तुल्याइनेछ ।

(७) सेवा सम्बद्ध आयमूलक क्रियाकलापहरू, जस्तैः सञ्चार सेवा, स्वास्थ्य सेवा, परामर्श सेवा होटल व्यवसाय, आदिको विस्तारबाट नगरको आर्थिक विकासमा थप टेवा पुऱ्याइनेछ ।

(८) उद्यमशीलता विस्तार तथा सीप विकासका लागि व्यवसाय संवर्द्धन केन्द्र (Business Incubation Center), स्थानीय उत्पादन प्रदर्शनी कक्ष, कोसेली घर, प्रशिक्षण केन्द्रको व्यवस्था गरिनेछ ।

(९) तोकिएका उत्पादनहरूको सामूहिक प्रतीक चिन्ह र "Made in Diktel" ब्रान्डिङको विकास गर्न सार्वजनिक निजी सहकार्य गरिनेछ ।

(१०) संघ र प्रदेश सहकार्य गरी उद्योग व्यवसाय सम्बद्ध सबै सेवाहरू (मूल्य अभिवृद्धि कर वा पान दर्ता, गुणस्तर प्रमाणीकरण (ISO Certification), कम्पनी दर्ता, उद्योग दर्ता, बौद्धिक सम्पत्ति दर्ता आदि) एकल बिन्दुबाट प्रवाह गर्ने रणनीति अवलम्बन गरिनेछ ।

(११) साझेदारीमा आधारित ऋण जोखिम बिमा कार्यक्रम, सञ्चालन कार्यविधि निर्माण गरी कार्यान्वयन, अनुगमन र नियमन गरिनेछ ।

(१२) पुँजी र लगानीमा नव उद्यमी, युवा उद्यमी, महिला उद्यमी, वैदेशिक रोजगारबाट फर्केका युवाको पहुँच बढाउन सहुलियत ब्याजमा ऋण, एन्जल लगानीकर्ता (Angel Investor) सँगको पहुँच, व्यावसायिक जोखिमको साझेदारी बिमा लगायतका नीतिगत र वित्तीय सेवासम्बन्धी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

(१३) नगर क्षेत्रका उद्यमीहरूको प्रविधि स्तरोन्नति, प्रविधि अनुसन्धान, प्रविधि हस्तान्तरण, औद्योगिक बौद्धिक सम्पत्तिको विकास, दर्ता, नियमन कार्यमा सहयोग र सहकार्य अघि बढाउने ।

(१४) नगर क्षेत्रमा सञ्चालित व्यवसायको नियमन र प्रवर्द्धन गर्न कानुनी व्यवस्था र सूचना प्रविधिमा आधारित दर्ता, नवीकरण, नामसारी, करारोपण, वित्तीय सहयोग प्रणालीको विकास र कार्यान्वयन गरिनेछ ।

(१५) लघु, घरेलु तथा साना उद्योगीको पुँजीमा पहुँच बढाउन तथा वित्तीय क्षेत्र तथा एन्जल लगानीकर्ताको लघु, घरेलु तथा साना उद्योगी क्षेत्रमा हुने लगानी जोखिम न्यूनीकरण गर्न "साझेदारीमा आधारित ऋण जोखिम बिमा कार्यक्रम" सञ्चालन गरिनेछ ।

## ७. प्रमुख कार्यक्रम

- सीप तथा उद्यमशीलता विकास तालिम,
- उद्योग ग्रामहरूको स्थापना र सञ्चालन,
- व्यवसाय संवर्द्धन केन्द्र (Business Incubation Center) को स्थापना र सञ्चालन
- स्थानीय उत्पादन प्रदर्शनी कक्ष तथा कोसेली घरको स्थापना र सञ्चालन
- घरेलु तथा साना उद्योगप्रशिक्षण केन्द्रको स्थापना र सञ्चालन
- सहुलियत ऋण र लगानीमा पहुँच अभिवृद्धि गर्ने
- महिला उद्यमशीलता प्रवर्द्धन तथा वित्तीय पहुँच अभिवृद्धि
- बजार केन्द्रहरूको स्थापना तथा विस्तार, सपिङ कम्प्लेक्स निर्माण र व्यवस्थापन
- औद्योगिक बौद्धिक सम्पत्तिको विकास, दर्ता र नियमन,
- प्रविधि अनुसन्धान र हस्तान्तरणमा सार्वजनिक निजी बौद्धिक (Public Private Academic) सहकार्य,
- स्थानीय परम्परागत ज्ञान तथा प्रविधिको वैज्ञानिक अनुसन्धान अभिलेखन प्रकाशन तथा बौद्धिक सम्पत्ति दर्ता,
- सार्वजनिक निजी सहकार्यमा सामूहिक प्रतीक चिन्ह र "Made in Diktel" ब्रान्डिङको विकास,
- व्यवसाय सहजीकरण एकीकृत सेवा केन्द्र सञ्चालन,
- साझेदारीमा आधारित ऋण जोखिम बिमा कार्यक्रम,

## ८. सहकार्य रणनीति

| प्रमुख कार्यक्रम | सहकार्य भार (प्रतिशतमा) | | | |
|---|---|---|---|---|
| | निजी क्षेत्र | गै.स.स. | वित्तीय क्षेत्र | नगरपालिका |
| सीप तथा उद्यमशीलता विकास तालिम | ५ | ४० | ० | ५५ |
| उद्योग ग्रामहरूको स्थापना | ४० | ० | २० | ४० |
| व्यवसाय संवर्द्धन केन्द्र स्थापना सञ्चालन | ० | २० | ० | ८० |
| प्रदर्शनी कक्ष तथा कोसेली घरको स्थापना र सञ्चालन | ३० | ० | ० | ७० |
| घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्रको स्थापना र सञ्चालन | १० | ३० | १० | ५० |

| | | | | |
|---|---|---|---|---|
| सहुलियत ऋण र लगानीमा पहुँच अभिवृद्धि (महिला उद्यमीसहितलाई) | ७० | ० | १० | २० |
| बजार केन्द्रहरूको स्थापना र सञ्चालन | ८० | ० | १० | १० |
| औद्योगिक बौद्धिक सम्पत्तिको विकास, दर्ता र नियमन कार्यमा सहयोग | ८० | ५ | ० | १५ |
| प्रविधि अनुसन्धान, स्तरोन्नति र हस्तान्तरण | ५० | २० | ० | ३० |
| परम्परागत ज्ञान तथा प्रविधिको वैज्ञानिक अनुसन्धान अभिलेखन प्रकाशन तथा बौद्धिक सम्पत्ति दर्ता | ३० | ५० | ० | २० |
| सामूहिक प्रतीक चिन्ह र "Made in Diktel" ब्रान्डको विकास | ६० | १० | २० | १० |
| उद्योग प्रशासनमा एकल विन्दु सेवा प्रवाह गर्न पहल गर्ने | ४० | १० | ० | ५० |
| साझेदारीमा आधारित ऋण जोखिम बिमा कार्यक्रम (जोखिम साझेदारी प्रतिशत) | ५० | ० | ३० | २० |

- नोटः निजी क्षेत्रले सान्दर्भिकताअनुसार सहकारी र संस्थागत शैक्षिक क्षेत्रसमेत जनाउनेछ । नगरपालिका भन्नाले संघीय र प्रदेश सरकारसमेतको लगानीलाई बुझाउनेछ ।

### ५.३.४ वित्तीय क्षेत्र

**१. पृष्ठभूमि**

नगरको आर्थिक विकासमा वित्तीय क्षेत्रको महत्वपूर्ण भूमिका रहन्छ । नगर क्षेत्रमा आर्थिक क्रियाकलाप विस्तारका लागि आवश्यक पर्ने पुँजीको पहुँच सहज हुने गरी बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूको सेवा अपरिहार्य हुन्छ ।

**२. वर्तमान अवस्था**

यस नगर क्षेत्रमा हाल वित्तीय कारोबार गर्ने ३८ वित्तीय संस्थाहरू रहेका छन् । वित्तीय संस्थाहरूमा ३ वटा वाणिज्य र विकास बैंक, १ वटा वित्तीय कम्पनी, ९ वटा लघु वित्त र २२ वटा सहकारी संस्थाहरू रहेका छन् । यी संस्थाहरूले बचत परिचालन तथा ऋण प्रवाहमा योगदान गरी आर्थिक विकासमा योगदान गर्न सक्नेछन् ।

**३. चुनौती र अवसर**

यस नगर क्षेत्रमा हाल सञ्चालनमा रहेका बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूबाट उद्योग व्यवसायका लागि आवश्यक पर्ने पुँजीको पहुँच सहज हुन सकेमा आर्थिक विकासले गति लिन सक्नेछ । कम आय भएकालाई समेत कर्जा सहज उपलब्ध हुने व्यवस्थाले आर्थिक विकासका अवसरहरूलाई उपयोग गर्न सकिनेछ । साथै वित्तीय संस्थाहरूले बचत परिचालन गरेर ऋण प्रवाहका लागि थप पुँजी जुटाउन पनि सम्भव हुनेछ ।

**४. उद्देश्य**

नगर क्षेत्रमा आर्थिक क्रियाकलापहरूको विस्तार गरी नगरवासीमा आयआर्जनका अवसरहरू प्रवर्द्धनका लागि बचत परिचालनसहित आवश्यक पर्ने पुँजीको सहज पहुँच बढाइनेछ ।

**५. लक्ष्य/अपेक्षित उपलब्धि**

आवधिक योजना अवधिमा आर्थिक क्रियाकलापहरूको विस्तार गर्न वित्तीय संस्थाहरूबाट रु. २० करोड बराबरको ऋण प्रवाह गरिनेछ ।

**६. रणनीति**

(१) स्थानीय स्तरमा उद्योग व्यवसायको स्थापना तथा विस्तार कार्यका लागि आवश्यक पर्ने पुँजीको पहुँच सहज हुने गरी बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूको बढ्दो उपस्थितिलाई प्रोत्साहित गरिनेछ ।

(२) वित्तीय सहकारीलगायत बैंक तथा वित्तीय संस्थाहरूको लगानीका अवसर वृद्धि गर्नुका साथै भरपर्दो कर्जा प्रवाहबाट कृषि खेती प्रणाली, उद्योग तथा सेवा क्षेत्रको अन्तरसम्बन्ध स्थापित गराई व्यावसायिक वातावरण कायम गर्दै उद्योग व्यवसाय प्रवर्द्धनमा सहयोग पुऱ्याइनेछ ।

(३) प्रदेश र संघीय सरकारसँगको सहकार्यमा प्राथमिकता प्राप्त क्षेत्रमा हुने ऋण प्रवाहको जोखिम न्यूनीकरण गर्न कर्जा बिमा कार्यक्रम सञ्चालन गरिनेछ ।

(४) सार्वजनिक निजी साझेदारीमा व्यावसायिक कृषि फर्म र स्टार्टअप उद्यमीलाई स्तरोन्नति र विस्तारका लागि एन्जल लगानीकर्ता, बीउ पुँजी, सह-लगानी (Co-Investment) का अवसरमा पहुँच विस्तार गर्न विविध कार्यक्रम सञ्चालन गरिनेछ ।

(५) सम्पूर्ण नगरवासीको वित्तीय पहुँच अभिवृद्धि गर्न “एक घर एक खाता” र “घरघरमा सहकारी” लाई अभियानका रूपमा सञ्चालन गरिनेछ ।

(६) वित्तीय साक्षरतासम्बन्धी तालिम र अन्य सचेतनामूलक क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

(७) नगरका प्रमुख बजार केन्द्रहरूमा बैंकिङ तथा वित्तीय सेवाहरूको विस्तार गरिनेछ ।

(८) वित्तीय सहकारी संस्थाहरूको दर्ता, नवीकरण, खारेजी, नियमन लगायतको कानुनी र संरचनागत व्यवस्था गरिनेछ ।

**७. प्रमुख कार्यक्रम**

- “एक घर एक खाता” र “घरघरमा सहकारी” कार्यक्रम
- वित्तीय साक्षरतासम्बन्धी तालिम र सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने
- वित्तीय संस्थाहरूको अनुगमन तथा वित्तीय अपराध र अपचलन न्यूनीकरणमा सहकार्य
- आयोजना सहवित्तीयकरण कार्यक्रम सञ्चालन
- प्राथमिकता प्राप्त क्षेत्रमा सहुलियत ऋण कार्यक्रम सञ्चालनमा सहकार्य
- नगर उद्यमशीलता विकास कोष स्थापना र सञ्चालनमा सहकार्य
- एक वडा एक वित्तीय सहकारी स्थापना कार्यक्रम सञ्चालन
- नगरका प्रमुख बजार केन्द्रहरूमा बैंकिङ तथा वित्तीय सेवाहरूको विस्तार तथा सेवा सुदृढीकरण (शाखा, अस्थायी बैंकिङ इकाई वा ATM मेसिन)
- वित्तीय सहकारी व्यवस्थापन तथा नियमनसम्बन्धी कार्यक्रम

## ८. सहकार्य रणनीति

| प्रमुख कार्यक्रम | सहकार्य भार (प्रतिशतमा) | | | |
|---|---|---|---|---|
| | निजी क्षेत्र | गै.स.स. | वित्तीय क्षेत्र | नगरपालिका |
| वित्तीय पहुँच अभिवृद्धि अभियान | ४० | ० | ४० | २० |
| वित्तीय साक्षरता तालिम र सचेतना | ३० | १५ | ३५ | २० |
| वित्तीय संस्था अनुगमन | ० | ० | २० | ८० |
| बैंकिङ सेवा विस्तार | ० | ० | ९५ | ५ |
| वित्तीय सहकारी नियमन | २० | ५ | ० | ७५ |

नोटः निजी क्षेत्रले सान्दर्भिकताअनुसार सहकारी र संस्थागत शैक्षिक क्षेत्रसमेत जनाउनेछ। नगरपालिका भन्नाले संघीय र प्रदेश सरकारसमेतको लगानीलाई बुझाउनेछ।

# ५.३.५ पर्यटन विकास

## १. पृष्ठभूमि

आर्थिक विकासको एक महत्वपूर्ण पक्ष सेवा हो जसमा पर्यटन अग्रणी पर्दछ। यस नगरले प्राकृतिक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक र पर्या-पर्यटनलाई प्रवर्द्धन गर्दै आयमूलक रोजगारीका अवसरहरू सृजना गर्न सक्दछ।

## २. वर्तमान अवस्था

पर्यटकीय दृष्टिकोणबाट प्रचुर सम्भावना भएको नगरपालिका भए पनि यहाँ पर्यटकका लागि आवश्यक सेवा पूर्वाधारहरूको अवस्था कमजोर रहेको छ, होटेल, लज र रेस्टुराँ संख्या भने न्यून रहेको छ। यो नगरपालिकामा कुल २३ वटा होटल, लज र रेस्टुराँ संख्या रहेका छन्। भएका सबै होटलहरू ननस्टार रहेका छन्। यी होटलहरूमा जम्मा गरेर ६६ वटा कोठा र १५४ वटा बेडहरू उपलब्ध रहेका छन्। त्यसैगरी यो नगरपालिकामा पर्यटकको वार्षिक पर्यटन आगमन संख्या करिब (जिल्ला बाहिरका स्वदेशी र विदेशीसमेत) ५० हजार रहेको छ।

## ३. अवसर र चुनौती

दिक्तेल, रूपाकोट, मझुवागढी नगरपालिका पर्यटकीय दृष्टिकोणबाट प्रचुर सम्भावनायुक्त छ। यो नगरपालिकामा धार्मिक ७०, पर्यटकीय २२, सांस्कृतिक ३ र ऐतिहासिक १० गरी कुल ११२ वटा पर्यटकीय क्षेत्रहरू रहेका छन्। उल्लेखित क्षेत्रहरूमध्ये कतिपय क्षेत्र भने धार्मिक, सांस्कृतिक र ऐतिहासिक विशेषताको फ्युजनको रूपमा पनि रहेको देखिन्छ। हिन्दु, बौद्ध र किरात धर्मको उत्तिकै पवित्र तीर्थस्थल हलेसीसँग जोडिएका कारण पनि थप नगरमा पर्यटक आकर्षणका सम्भावनाहरू रहेका छन्। मनमोहक लेकाली उच्चा भूभाग, मध्य पहाडी लोकमार्गको स्तरोन्नति, तराईसँग जोडिने सडकको निर्माण, विमानस्थलको नजिक हुनु पर्यटकीय अवसर विस्तारका थप सम्भावना दृष्टिगोचर हुन्छ। काभ्रे उत्तरी क्षेत्रबाट हिमाली शृंखलाको दृश्यावलोकन गराउन पूर्वाधारको विकास गरी पर्यटकको बसाइ लम्ब्याउन सकिने प्रशस्त अवसर रहेका छन्।

यातायात, सञ्चार, स्वास्थ्य सेवा, बैंक तथा वित्तीय सेवाको उपलब्धता, आतिथ्यता अनुकूलको सामाजिक जीवनले समेत भविष्यमा पर्यटकीय सेवा पूर्वाधारमा थप लगानीको सम्भावनाहरू छन्।

**४. उद्देश्य**

प्राकृतिक, कृषि, धार्मिक र सांस्कृतिक र ऐतिहासिक पर्यटनलाई प्रवर्द्धन गर्दै आन्तरिक व्यवसाय र रोजगारी प्रवर्द्धन गर्ने ।

**५. लक्ष्य/अपेक्षित उपलब्धि**

आगामी पाँच वर्षमा नगर क्षेत्रमा आन्तरिक र बाह्य गरी वार्षिक पर्यटक आगमन संख्या ५० हजार र वार्षिक आम्दानी रु. १० करोड पु¥याउने ।

**६. रणनीति**

(१) पर्यटन गुरुयोजना निर्माण गरिनेछ,
(२) पर्यटन पूर्वाधार तथा पर्यटकीय उपजहरूको विकास गरी आन्तरिक पर्यटन प्रवर्द्धन गरिनेछ ।
(३) हलेसी दर्शन गर्न आउने ५०% पर्यटकलाई यस नगरभित्र भित्र्याइनेछ ।
(४) संघीय तथा प्रादेशिक सरकारसँग सहकार्य गरी किरात विश्वविद्यालयको सम्भाव्यता अध्ययन गरिनेछ ।
(५) हलेसी-मेरुङ, हलेसी, नुनथला, रूपाकोट, मझुवागढी कालिका, साप्सुधाप, मेरुङ, हलेसी सर्किट-(पैदल र मोटरेबल बाटो) लगायतका सर्किटमा पर्ने पर्यटकीय महत्वका स्थानहरूको विकास र संवर्द्धनका साथै भुलभुले, देवीथान पूर्वाधार विकास र नेर्पा-पाथेका-खार्मी बीचको गहिरोमा विशेष तालको निर्माण गरिनेछ ।
(६) पर्यटक बसाइ दर न्यूनतम दुई दिन पुऱ्याउने गरी पर्यटकीय उत्पादन (Tourism Product) हरूको विकास गरिनेछ ।
(७) गुणस्तरीय पर्यटक भित्र्याउन धार्मिक सांस्कृतिक पर्यटनका साथै एडभेन्चर पर्यटनलाई प्रवर्द्धन गरिनेछ ।
(८) स्थानीय जनतालाई पर्यटनको अधिक लाभ पुऱ्याउन होमस्टे, स्थानीय पर्यटकीय महत्वका क्षेत्रको सौन्दर्यीकरण, नगर क्षेत्रको सौन्दर्यीकरण, सरसफाइ, अतिथि सत्कारसम्बन्धी सहभागितामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
(९) नगर क्षेत्रमा कम्तीमा ५ वटा स्तरीय र न्यूनतम एकतारे स्तरको होटलमा लगानी भित्र्याइनेछ ।
(१०) गर्मी छल्न चाहने र तीर्थयात्रासमेत गर्ने उद्देश्यका छिमेकी मुलुकहरू (भारतीय, भुटानी र चिनियाँ) का पर्यटकलाई विशेष आकर्षण गर्ने गरी प्याकेज कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
(११) मुख्य नगर क्षेत्रमा परम्परागत घर निर्माण तथा सौन्दर्यीकरण मानक निर्धारण गरी लागू गरिनेछ ।
(१२) नगर क्षेत्रमा खुला क्षेत्र, सडक र पेटी, बगैंचा, फूलबिरुवा, घरको रंगरोगन लगायतका विषयमा मानक निर्धारण गरी सहभागितामूलक सौन्दर्यीकरण कार्यहरू अभियानका रूपमा सञ्चालन गरिनेछ ।
(१३) संघीय तथा प्रादेशिक सरकारसँग सहकार्य गरी किरात विश्वविद्यालयको सम्भाव्यता अध्ययन गरिनेछ ।

## ७. उपलब्धि लक्ष्य

| क्र.सं | सूचक लक्ष्य | आ.ब. ०७४/ ७५ को अवस्था | आवधिक योजनाको लक्ष्य ०७८/७९ मा) | |
|---|---|---|---|---|
| १ | ट्रेकिङ ट्रेल र सम्बन्धित पूर्वाधार | ० | १ | हलेसी मेलुङ ट्रेकिङ ट्रेल |
| २ | भ्यू प्वाइन्ट निर्माण | ० | २ | नुनथला र पाथेका गहिरो |
| ३ | पाथेका गहिरो ताल | ० | १ | |
| ४ | भुलभुले, देवीस्थान, यलम्बर पार्क | ० | ३ | |

## ८. प्रमुख कार्यक्रम

- पर्यटन पूर्वाधार र सर्किट निर्माण
- होमस्टे, क्षमता विकास र वित्तीय पहुँच अभिवृद्धि
- नुनथला-रूपाकोट पर्यटन दृश्याबलोकन (उच्चतम विन्दुमा हिमशृंखलाको दृश्यावलोकन) केन्द्रको निर्माण
- यलम्बर (देशकै ठूलो प्रतिमासहितका) किरात संस्कृतिक पार्क निर्माण,
- परम्परागत घर निर्माण, संरक्षण तथा सौन्दर्यीकरण,
- सहभागितामूलक नगर सौन्दर्यीकरण कार्यक्रम, (नगर क्षेत्रमा खुला क्षेत्र, सडक र पेटी, बगैंचा, फूलबिरुवा, घरको रंगरोगन लगायतका)
- होमस्टे सुविधा विस्तार (अतिथि सत्कार, पर्यटक सेवा सुविधा, सरसफाइ र पाक शिक्षा आदि)
- नगरमा होटलको क्षमता विस्तार र गुणस्तर अभिवृद्धि गर्ने

## ९. सहकार्य रणनीति

| प्रमुख कार्यक्रम | सहकार्य भार (प्रतिशतमा) | | | |
|---|---|---|---|---|
| | निजी क्षेत्र | गै.स.स. | वित्तीय क्षेत्र | नगरपालिका |
| हलेसी मेलुङ सर्किट निर्माण र प्रवर्द्धन | ३० | ५ | ५ | ६० |
| होमस्टे सुविधाको विकास, क्षमता विकास, वित्तीय पहुँच अभिवृद्धि | ६० | ५ | २५ | १० |
| पर्यटकीय महत्वका स्थानको विकास र संवर्द्धन | २० | ५ | ० | ७५ |
| विविध पूर्वाधार निर्माण (नुनथला भ्युटावर, भुलभुले, देवीथान, पाथेका गहिरोमा ताल, किरात सांस्कृतिक पार्क) | १० | ० | ० | ९० |
| नगर क्षेत्रमा परम्परागत घर निर्माण, सौन्दर्यीकरण | ४८ | २ | ४० | १० |

| | | | | |
|---|---|---|---|---|
| नगर क्षेत्रको सार्वजनिक स्थानमा सौन्दर्यीकरण | १० | १० | ० | ८० |
| नगर क्षेत्रमा स्तरीय होटल बेड संख्या ५०० पुऱ्याउने, एक तारे स्तरको न्यूनतम एक होटल स्थापना गर्ने | ६० | ० | ४० | ० |

- नोटः निजी क्षेत्रले सान्दर्भिकताअनुसार सहकारी र संस्थागत शैक्षिक क्षेत्रसमेत जनाउनेछ । नगरपालिका भन्नाले संघीय र प्रदेश सरकारसमेतको लगानीलाई बुझाउनेछ ।

## ५.३.६ वैदेशिक रोजगारी

### १. पृष्ठभूमि

प्रत्येक नागरिकलाई रोजगारीको प्रत्याभूति गर्न संविधानमा रोजगारीको हकको व्यवस्था गरिएको छ । नगरको कुल जनसंख्याको आर्थिक रूपले सक्रिय (१४–५९ वर्ष समूह) जनसंख्या ५४ प्रतिशत रहेको छ । आश्रित जनसंख्या आर्थिक रूपमा सक्रिय जनशक्तिले स्थानीय तहमा पर्याप्त रोजगारीको अवसर नहुँदा वैदेशिक रोजगारमा जाने प्रवृत्ति बढ्दो छ । उमेर समूहको आधारमा सबैभन्दा बढी १५–२९ वर्षसमूह (२७ प्रतिशत) देखिन्छ । यसैगरी ३०–४४ वर्ष समूहको १५ प्रतिशत रहेको छ ।

### २. वर्तमान अवस्था

यस नगरपालिकाको कुल १०,०५० घर धुरीमध्ये २,६८१ घरधुरी बाट ३,१५२ व्यक्तिहरू (३.६५ प्रतिशत महिला सहित) वैदेशिक रोजगारमा गएका छन् । वैदेशिक रोजगारमा संलग्नको संख्या कुल जनसंख्या ६.७२ प्रतिशत रहेको छ । वैदेशिक रोजगारमा संलग्न घरधुरी २६.६७ प्रतिशत रहेका छन् । जसबाट आ.व. २०७३।७४ मा रु.९३ करोड विप्रेषण पालिकामा भित्रिएको अनुमान छ । युवा बेरोजगारको समस्या यस नगरमा पनि प्रचुर रहेको छ । उपयुक्त जीवनपयोगी सीपको विकास गरी युवालाई कृषि र गैरकृषि रोजगार उपलब्ध हुन सकेको छैन । वैदेशिक रोजगारीबाट फर्की स्वदेशमै केही गरौं भन्ने मानसिकता लिएका युवालाई आकर्षित गर्ने वातावरण तयार गर्नु चुनौतीपूर्ण देखिन्छ ।

### ३. अवसर र चुनौती

नगरपालिकामा युवा र आर्थिक रूपले सक्रिय जनसंख्याको बाहुल्यता रहेको छ जुन यस नगरपालिकाको अवसरको रूपमा रहेको देखिन्छ । विदेशमा आर्जित विप्रेषण र सिकेको सीप आफ्नो थातथलोमा प्रयोग गर्न सकेमा स्थानीय आर्थिक विकासमा योगदान पुगी उत्पादनमा योगदान पुग्नका साथै रोजगारको अवसरसमेत विस्तार हुने अवसर देखिन्छ । त्यस्तै नगरमा पोलिटेक्निक वा ट्रेड विद्यालयको व्यवस्थाबाट युवाहरूलाई जीवनपयोगी सीप वृद्धि गर्न सक्ने अवसर पर्याप्त रहेको छ ।

बढ्दो बसाइँसराइ र वैदेशिक रोजगारीमा जाने प्रवृत्तिले स्थानीय रूपमा जनशक्तिको कमी, पारिवारिक समस्या र परनिर्भरता बढी रहेको छ । नगरमा बढी रहेको विप्रेषण आयको उत्पादनमूलक उपयोग हुन नसक्दा उपभोग बढ्दो छ । वैदेशिक रोजगारको दिगो विकल्प दिनु नगरको लागि ठूलो चुनौतीको रूपमा रहेको देखिन्छ । गुणस्तरीय शिक्षाको अभावमा दस कक्षा उत्तीर्ण तथा माध्यमिक शिक्षा उत्तीर्ण गर्न नसक्ने जनशक्तिलाई समुचित र रोजगारी दिन नसकिएको अवस्था विद्यमान रहेको छ ।

## ४. उद्देश्य

वैदेशिक रोजगारमा संलग्न (महिला, पुरुष, विपन्न वर्गसहित) कामदार तथा तिनका परिवारहरूको वैदेशिक रोजगारबाट आर्थिक लाभ वृद्धि हुनका साथै वैदेशिक रोजगारबाट उत्पन्न नकारात्मक प्रभावहरू न्यूनीकरण गर्ने ।

## ५. लक्ष्य/अपेक्षित उपलब्धि

| क्र.सं | सूचक | इकाई | २०७४/७५ को स्थिति | आवधिक योजनाको लक्ष्य २०७९/८० मा |
|---|---|---|---|---|
| १ | सीपमूलक तालिम लिएर वैदेशिक रोजगारीमा जानेको (९ प्रतिशत महिलासहित) | प्रतिशत | १९ | ६५ |
| २ | सुरक्षित वैदेशिक रोजगारका लागि सूचना प्रवाह | संख्या | ४००० | १०००० |
| ३ | विप्रेषणलाई आयमूलक क्षेत्रमा परिचालनका लागि वित्तीय साक्षरता | संख्या | २६६ | ३००० |
| ३ | वैदेशिक रोजगारी (आर्थिक रूपले सक्रिय जनसंख्याको) | प्रतिशत | ८ | ५ |
| ४ | वैदेशिक रोजगारीबाट फर्केर नगर क्षेत्रमा व्यवसाय गर्नेको | संख्या | ? | ५०० |
| ५ | विप्रेषण | रुपियाँ | ९३ करोड | १३५ करोड |

## ६. रणनीति

- स्थानीय तहमा स्वरोजगार तथा रोजगार सृजना हुने खालका कार्यक्रमहरू प्राथमिकताका साथ सञ्चालन गर्ने ।
- वैदेशिक रोजगारमा जाने व्यक्तिहरूको यात्रालाई सुरक्षित, मर्यादित र उपलब्धिमूलक बनाउन सुरक्षित वैदेशिक रोजगारसम्बन्धी व्यापक सूचना प्रवाह, सिप तालिम प्रदान तथा आवश्यक कानुनी सहायता प्रदान गर्ने ।
- नपाभित्र प्राप्त विप्रेषणलाई आयमूलक क्षेत्रमा लगानी गर्नका लागि वित्तीय साक्षरता कक्षा सञ्चालन गर्दै उद्यमशीलता र लगानी प्रवर्द्धन गर्ने ।
- वैदेशिक रोजगारका कारण व्यक्ति, परिवार तथा समाजमा उत्पन्न नकारात्मक असरहरूलाई न्यूनीकरणका लागि मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने ।
- वैदेशिक रोजगारबाट फर्किएर आएका व्यक्तिहरूको ज्ञान, सीप, पुँजीलाई परिचालन गर्न कृषिजन्य, उद्योग र सेवा व्यवसाय सञ्चालन गर्न संवर्द्धन केन्द्रमार्फत नव उद्यमी सहयोग कार्यक्रम सञ्चालन गर्ने ।
- नगर क्षेत्रमा नै CTEVT को सम्बन्धन प्राप्त बहुविषयक सीप प्रवर्द्धन र विकास गर्न व्यावसायिक विद्यालय स्थापना गरी सीपयुक्त जनशक्ति उत्पादन गरी रोजगार प्रवर्द्धन गरिनेछ ।

### ७. प्रमुख कार्यक्रम

- सूचना प्रविधि, वेब र सामाजिक सञ्जालमा आधारित रोजगार सूचना पोर्टल सञ्चालन
- सुरक्षित आप्रवासन सचेतना कार्यक्रम व्यावसायिक सीप विकास तालिम
- वैदेशिक रोजगारीमा गएका व्यक्तिका परिवार र फर्किएका व्यक्तिहरूलाई मनोसामाजिक परामर्श
- महिला उद्यमशीलता तथा सीप विकास तालिम र पुँजीमा पहुँच, युवा स्वरोजगार कार्यक्रम सञ्चालन : सीप, उद्यमशीलता, शैक्षिक प्रमाणपत्रका आधारमा पुँजीमा पहुँच
- वैदेशिक रोजगारीमा गएका व्यक्तिका परिवारलाई स्टार्टअप सहयोग कार्यक्रम सञ्चालन
- न्यायमा पहुँच ।

### ८. सहकार्य रणनीति

| प्रमुख कार्यक्रम | सहकार्य भार (प्रतिशतमा) | | | |
|---|---|---|---|---|
| | निजी क्षेत्र | गै.स.स. | वित्तीय क्षेत्र | नगरपालिका |
| रोजगार सूचना पोर्टल सञ्चालन | ० | ९० | ० | १० |
| सुरक्षित आप्रवासन सचेतना कार्यक्रम | ० | ९० | ० | १० |
| व्यावसायिक सीप विकास तालिम | ३० | ५० | ० | २० |
| मनोसामाजिक परामर्श कार्यक्रम | ० | ९० | ० | १० |
| महिला उद्यमशीलता तथा सीप विकास तालिम र पुँजीमा पहुँच | १० | ३० | ४० | २० |
| युवा स्वरोजगार कार्यक्रम | ४० | २० | २० | २० |
| वैदेशिक रोजगारीमा गएका व्यक्तिका परिवारलाई स्टार्टअप सहयोग | ३० | ३० | २० | २० |
| न्यायमा पहुँच | ३५ | ३५ | ० | ३० |

- नोटः निजी क्षेत्रले सान्दर्भिकताअनुसार सहकारी र संस्थागत शैक्षिक क्षेत्रसमेत जनाउनेछ । नगरपालिका भन्नाले संघीय र प्रदेश सरकारसमेतको लगानीलाई बुझाउनेछ ।

## ५.४ प्रक्षेपित लगानी

आवधिक योजना अवधिमा आथिक क्षेत्रअन्तर्गत कुल रु. ४२ करोड (कुल प्रक्षेपित व्ययको ७.२३ प्रतिशत) खर्च हुने अनुमान गरिएको छ । जसअन्तर्गत कृषि तथा पशुपालनमा ३.९६ प्रतिशत, उद्योग तथा खानीमा १.२६ प्रतिशत, वाणिज्यमा ०.८६ प्रतिशत, पर्यटनमा ०.८९ प्रतिशत, सहकारी क्षेत्रमा ०.१० प्रतिशत र वित्तीय क्षेत्रमा ०.१६ प्रतिशत खर्च हुने अनुमान गरिएको छ । आर्थिक क्षेत्र सम्बद्ध विकास कार्यहरूमा सरकारी क्षेत्रका अलावा निजी क्षेत्र, गैरसरकारी क्षेत्र र समुदायको लगानी एवं सहभागिता रहने अपेक्षा गरिएको हुँदा यस क्षेत्रमा प्रक्षेपित लगानीमध्ये नगरपालिकासँगको सहकार्यमा रु. ११.६५ करोड रकम उल्लिखित संघ संस्थाबाट लगानी गरिने अनुमान छ ।

# भाग- ६
# सामाजिक विकास

## ६.१ विषय प्रवेश

सामाजिक क्षेत्रको समुचित विकास नभई दिगो विकासको लक्ष्य हासिल गर्न नसकिने हुनाले आर्थिक विकासका साथै सामाजिक विकासमा विशेष ध्यान पुऱ्याउनुपर्ने अत्यावश्यक देखिएको छ ।

## ६.२ वर्तमान अवस्था

नगर क्षेत्रमा शैक्षिक र स्वास्थ्य क्षेत्रको संस्थागत पूर्वाधार विद्यमान रहे तापनि गुणस्तरीय सेवा, सुविधा पहुँच र उपलब्धतामा निकै नै चुनौती बेहोर्नु परिरहेको छ । वडामा बर्थिङ सेन्टर र दक्ष जनशक्ति अभाव र अस्पतालसम्म पुऱ्याउन सडक यातायातको अभाव भएबाट आमाहरूले घरमै बच्चा जन्माउन बाध्यता रहेको छ । त्यस्तै शिक्षामा विद्यालय शिक्षाबाट उत्तीर्ण जनसंख्या न्यून हुनु र गुणस्तरीय शिक्षाको अभावमा कम सीपयुक्त बेरोजगार युवा विदेशिनुपरिरहेको छ । लैंगिक समानता र सामाजिक समावेशीकरणको अवस्था पनि उत्साहजनक देखिएको छैन । यस्तो अवस्थामा सकारात्मक सामाजिक विभेद र प्रयासका माध्यमबाट सामाजिक क्षेत्रअन्तर्गतका विषय क्षेत्रहरूको विकास गर्नमा चुनौती देखिएको छ ।

## ६.३ विषय क्षेत्रगत उद्देश्य

नगरवासीको गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य एवं पोषण, स्वच्छ पिउने पानी तथा सरसफाइको सुविधामा पहुँच, खेलकुदको विकास युवा परिचालन एवं प्रवर्द्धनका साथै लैङ्गिक समानता, सामाजिक समावेशीकरण सुनिश्चित गरी नगरवासीलाई आधारभूत सामाजिक सेवा, संरक्षण र सुरक्षा उपलब्ध भई सभ्य, शिष्ट एवं सुसंस्कृत समाज निर्माण भएको हुने ।

## ६.४ सामाजिक विकास क्षेत्र

सामाजिक विकास क्षेत्रअन्तर्गत निम्न विषयगत उपक्षेत्रहरू समावेश छन् :

(क) शिक्षा
(ख) युवा तथा खेलकुद
(ग) स्वास्थ्य र पोषण
(घ) खानेपानी र सरसफाइ
(ङ) लैङ्गिक समानता र सामाजिक समावेशीकरण तथासामाजिक संरक्षण रं सुरक्षा ।

### (क) शिक्षा क्षेत्र

### क.१ पृष्ठभूमि

नेपालको संविधानले शिक्षासम्बन्धी हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । राज्यका निर्देशक सिद्धान्तले सबै नागरिकलाई शिक्षाको अवसर उपलब्ध गराउनु राज्यको दायित्वमा समावेश गरेको छ । उक्त हक र सिद्धान्तलाई व्यवहारमा उतार्न नगरपालिकाले आफ्नो शिक्षा नीति

तर्जुमा गरी कार्यान्यनमा ल्याउने छ। यसै सिलसिलामा दिगो विकासका लक्ष्यअनुरूप समावेशी र समन्यायमा आधारित शिक्षा प्रदान गर्न गुणस्तरीय रूपमा शिक्षा क्षेत्रको विकास गरिने लक्ष्य राखिएको छ।

## क.२ शैक्षिक स्थिति

सन् २०११ को जनगणनाअनुसार नगरपालिकामा करिब ७० प्रतिशत जनसंख्या साक्षर रहेको पाइन्छ। उमेरगत आधारमा करिब ८५ प्रतिशत ५–१४ वर्ष उमेर समूह, ७९ प्रतिशत १६–५९ उमेर समूह र २३ प्रतिशत ६० वर्ष वा सोभन्दा माथिको उमेर समूह साक्षर देखिन्छ। यसैगरी करिब ३ प्रतिशत जनसंख्या पढ्न जान्ने मात्र रहेका छन् भने करिब २७ प्रतिशत जनसंख्या निरक्षर रहेको पाइन्छ। उमेर समूहको आधारमा ६० वर्षभन्दा माथिको जनसंख्याको करिब ७५ प्रतिशत निरक्षर रहेको देखिन्छ भने १५–६० उमेर समूहमा २८ प्रतिशत र ५–१४ उमेर समूहमा १० प्रतिशत निरक्षर रहेको देख्न्छि।

यसैगरी खुद भर्ना दर प्राथमिक तहमा ९४ प्रतिशत, निम्न माध्यमिकमा ८५ प्रतिशत र उच्च माध्यमिक तहमा २८ प्रतिशत रहेको देखिन्छ। माथिल्लो तहको भर्ना दर क्रमशः घट्दै देखिएबाट स्कुल छोड्नेको संख्या उल्लेख्य रहेको अनुमान गर्न सकिन्छ। विद्यालय छोड्ने (Dropout) र उत्तीर्ण दरको अनुपात क्रमशः प्राथमिक तहमा ३.५ र ८०%, निम्न माध्यमिकमा ५ र ८५% र उच्च माध्यमिक तहमा करिब ५ र ८९% रहेको देखिन्छ। यसैगरी कक्षामा पुनः भर्नादर प्राथमिक तहमा १० प्रतिशत, निम्न माध्यमिकमा ७ प्रतिशत र उच्च माध्यमिक तहमा ४ प्रतिशत रहेको देखिन्छ।

उपलब्ध तथ्यांकका आधारमा वार्ड नं. ६, ८, ९ र १३ रहेका विद्यालयहरूमा “विद्यालय शान्ति क्षेत्र” कार्यान्वयन भएको छैन तर अन्य वार्डहरूका अधिकांश विद्यालयहरूमा भने शान्ति क्षेत्र कार्यान्वयन भएको पाइएको छ। त्यसैगरी वार्ड नं. ६ र १३ बाहेकका अधिकांश विद्यालयहरूमा विद्यालय सुधार योजना अद्यावधिक गर्ने काम भएको छ। बालमैत्री शिक्षण विधिको प्रयोग वार्ड नं. ४, ६, ७ र १३ बाहेकका लगभग सम्पूर्ण विद्यालयहरूमा भएको देखिएको छ।

यस नगरपालिकाभित्र रहेका सामुदायिक विद्यालयहरूमा कुल ४५९ स्वीकृत शिक्षक दरबन्दी संख्या रहेको छ जसमा सबैभन्दा बढी वार्ड नं. १ मा ५१, २ मा ५६ र १४ मा ४६ रहेको छ। वस्तुगत विवरणमा देखाइएको तालिकाअनुसार केही विद्यालयहरूमा स्वीकृत दरबन्दीभन्दा अत्यधिक संख्यामा बढी शिक्षक-शिक्षिका कार्यरत रहेको देखिन्छ। वार्ड नं. १ मा स्वीकृत दरबन्दी संख्या ५१ रहेको छ तर कार्यरत शिक्षक शिक्षिकाको संख्या १७२ छ। वार्ड नं. २, ५, ७, १४ र १५ का विद्यालयहरूमा स्वीकृत दरबन्दीभन्दा बढी शिक्षक कार्यरत रहेका छन्। त्यसैगरी, कुल शिक्षकको संख्यामा महिला शिक्षिकाको संख्या उल्लेख्य रहे पनि माध्यमिक तहमा भने नगन्य रहेको छ। यो नगरपालिकाअन्तर्गतका विद्यालयहरूमा कार्यरत कुल ६५८ शिक्षक-शिक्षिकामा विषयगत शिक्षक संख्या (अंग्रेजी, विज्ञान र गणित) जम्मा १०६ मात्र रहेको छ।

प्रायः सबै विद्यालयहरूमा (१०३) चर्पीको सुविधा भए तापनि अझै ४ वटा विद्यालयमा उक्त सुविधा प्राप्त हुन नसकेको तथ्याङ्कबाट देखिन्छ। यी विद्यालयमा रहेका शौचालय पक्की, पानीको सुविधा आदि गुणस्तर खुल्न नआएकाले यसले किशोरीहरूको रजस्वला अवस्थामा हुनुपर्ने सरसफाइ (Intimate Hyginee) मा प्रत्यक्ष असर पार्ने सम्भावना देखिन्छ।

त्यसैगरी पुस्तकालय र प्रयोगशाला भएका विद्यालयहरूको संख्या भने निकै कम रहेको छ। जसबाट बालबालिकाले गुणस्तरीय शिक्षा प्राप्तिमा कठिनाइ व्यहोर्नुपरेको तथ्यांकले देखाउँछ।

खानेपानीको सुविधा भएका ७७ र नभएका ३० विद्यालयहरू छन् । विद्यालयको भौतिक पूर्वाधार खासै बालिका, किशोरी र अपागंमैत्री हुन सकेको देखिँदैन ।

### क.३ अवसर र चुनौती

सबैका लागि आधारभूत शिक्षा अनिवार्य र निःशुल्क रहेकाले सबैले सहजतापूर्वक भर्ना भई आधारभूत शिक्षा प्राप्त गर्ने अवसर रहेको छ तर विगतमा केही वडामा न्यून विद्यार्थी रहेकाले सबै सरोकारवालाले विश्लेषण गरी भर्नादरलाई अभियानको रूपमा सञ्चालन गरिनुपर्ने अवसर पनि देखिएको छ । एक पटक भर्ना भएका विद्यार्थीलाई निरन्तरता दिनुपर्ने कार्य चुनौतीपूर्ण रहेकोले प्रवर्द्धनात्मक कार्यक्रमका माध्यमद्वारा नगरपालिकाले शतप्रतिशत साक्षरता हासिल गर्ने अवसर पनि रहेको छ । विगतमा विद्यालय व्यवस्थापन केन्द्र सरकारको जिम्मामा रहेकोले नगरपालिकाको निर्णय प्रक्रियामा संलग्नताको कमी रहने गरेको थियो हाल माध्यमिक शिक्षासम्म नगरपालिकाको एकल अधिकार सूचीमा संविधानबाट नै समावेश भएकोले त्यसको स्वामित्व लिई गुणस्तरीय तथा सीपमूलक शिक्षा उपलब्ध गराउने अवसर प्राप्त भएको छ । अब विद्यालयको व्यवस्थापन स्थानीय तहबाट नै हुने हुँदा स्थानीय परिस्थितिअनुसार सञ्चालन र व्यवस्थापन गर्न पाउने पनि अवसर रहेको छ ।

सबैका लागि गुणस्तरीय शिक्षामा पहुँच बढाउनु चुनौती रहेको छ । नगर क्षेत्र भए तापनि वर्तमानमा १५–६० उमेर समूहमा २८ प्रतिशत र ५–१४ उमेर समूहमा १० प्रतिशत निरक्षर रहनु चुनौती रहेको छ । साथै २० प्रतिशत अनुत्तीर्ण दर रहनुले पनि गुणस्तरीय शिक्षाको उपलब्धतामा झन् जटिलता उत्पन्न भएको छ । शिक्षक विद्यार्थीको अनुपातमा पनि विषमता देखिएको छ र कुनै वडामा दरबन्दीभन्दा बढी शिक्षक हुनु र कुनैमा न्यून शिक्षक रहनुले पनि शिक्षाको गुणस्तर कायम गराउन चुनौती थपिएको छ । अझै नगरपालिकाका चार वडा बालबालिका मैत्री कायम हुन सकेका छैनन् । माध्यमिक तहमा अझै महिला शिक्षकको कमीले लैङ्गिक मैत्री शिक्षा कायम नभएको देखाउँछ । विद्यार्थी भर्नादर बढाउनु, शिक्षक विद्यार्थी अनुपात मिलाउनु, विद्यालयको भौतिक सुधार गर्नु र नक्सांकनका आधारमा विद्यालयको संख्या कायम गरिनुका साथै विषय शिक्षकको मिलान गर्ने कार्य पनि चुनौतीपूर्ण रहेको छ । त्यसैगरी खण्डीकृत तथ्याकको कमीले गर्दामा शिक्षकको दरबन्दी समावेशीमूलक भए नभएको पनि अस्पष्ट छ, जसको कारण शिक्षाको (कर्मचारी) विविधता र बहुलतामा कमी रहेको देखिन्छ । यी कारण लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अभ्यास व्यावहारिक रूपमा पूर्ण लागू हुन सकेको छैन । त्यस्तै नगरपालिका क्षेत्रमा प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्न विद्यालयको व्यवस्था नभएकोले युवामा सीप र प्रविधि विकास हुन नसकी अदक्ष जनशक्ति बाहिरिनु परिरहेको छ ।

### क.४ उद्देश्यहरू

- सबै तहको शिक्षामा नगरवासीको समान पहुँच विस्तार गर्ने,
- सवै तहको शिक्षालाई गुणस्तरीय, सीपमूलक, रोजगारमुखी र समसामयिक बनाउने,
- शैक्षिक पद्धतिलाई सिर्जनात्मक, प्रयोगात्मक, व्यावहारिक, प्रविधिमैत्री र विद्यार्थीमैत्री बनाउने,
- समग्र नगर शिक्षा प्रणालीको दक्षता, प्रभावकारिता, जवाफदेहिता अभिवृद्धि गरी परिणाम र गुणस्तरमा आधारित शिक्षा प्रशासन सञ्चालन गर्ने,

**क.५ रणनीतिहरू**

- विद्यालयमा पूर्व प्राथमिक कक्षा वा बालविकास केन्द्रहरूमार्फत ९० प्रतिशतभन्दा अधिक बालबालिकालाई प्रारम्भिक बालविकास कार्यक्रममा आबद्ध गरिनेछ ।
- नगर क्षेत्रमा निःशुल्क तथा अनिवार्य आधारभूत तथा निःशुल्क गुणस्तरीय माध्यमिक शिक्षामा बालबालिकाहरूको समतामूलक र सहज पहुँच तथा निरन्तरता सुनिश्चित गरिनेछ,
- शिक्षामा सबैको समतामूलक र सहज पहुँच सुनिश्चित गरिनेछ ।
- गुणस्तरीय प्राविधिक तथा व्यावसायिक सीपमूलक शिक्षामा लगानी र पहुँच विस्तार गरिनेछ ।
- फरक क्षमता भएका व्यक्तिहरूको लागि आवश्यकता र क्षमताका आधारमा सहज, निःशुल्क पहुँच सुनिश्चित गरी सीपमूलक शिक्षा र रोजगारीका अवसरसँग आबद्ध गरिनेछ ।
- विद्यार्थीहरूको संख्याको आधारमा प्रविधिमैत्री बालबालिकामैत्री कक्षाकोठा, पुस्तकालय, तथा प्रयोगशाला निर्माण, विकास र स्तरोन्नति गरिनेछ ।
- शिक्षा प्रशासनमा निरन्तर सुधारका साथै व्यवस्थापकीय क्षमता अभिवृद्धि गरी शैक्षिक पद्धतिमा नवप्रवर्तन (Innovation) र सुशासनलाई उत्प्रेरित र संस्थागत गरिनेछ ।
- शिक्षा प्रशासनमा प्रभावकारिता ल्याउन राष्ट्रिय र स्थानीय नीति र मानकका आधारमा विद्यालय संख्या, शिक्षक विद्यार्थी अनुपात, शिक्षक दरबन्दी मिलान गरिनेछ ।
- विद्यार्थी भर्नादर र निरन्तरताका लागि सचेतना तथा प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- अनौपचारिक तथा शिक्षाका माध्यमबाट जीवनपयोगी व्यावसायिक सीप उपलब्ध गराउने अवसर जुटाई रोजगारी सिर्जना गरिनेछ ।
- सामुदायिक र निजी विद्यालयहरूबीचमा आपसी समन्वय र सिकाइ आदानप्रदान गरी गुणस्तरमा रहेको भिन्नतालाई न्यूनीकरण गरिनेछ ।
- नगरको कुनै एक माध्यमिक विद्यालयमा फरक क्षमता भएका विद्यार्थीहरूका लागि माध्यमिक तहसम्मको कक्षा सञ्चालन र आवासीय सुविधा विस्तार गर्दै लगिनेछ, यस्तो कार्यमा अन्य पालिकाहरूसँग समन्वय गरी कार्यसञ्चालन गरिनेछ ।
- लक्षित समूहका विद्यार्थीहरूलाई छात्रवृत्तिलगायत प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ र उनीहरूको शैक्षिक क्षमतालाई उजागर र सहयोग गर्न अतिरिक्त कक्षाहरू सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।
- अनौपचारिक शिक्षामार्फत साक्षरता, साक्षरोत्तर शिक्षा तथा व्यावसायिक सीप उपलब्ध गराइनेछ साथै अनौपचारिक शिक्षालाई औपचारिक शिक्षासँग सम्बन्ध स्थापित गरिनेछ ।
- विद्यालय-विद्यालयबीच सहभागितात्मक निरीक्षण र सिकाइ (Horizanatl learning) प्रणालीको आदानप्रदान, प्रतिस्पर्धात्मक वातावरण र सिकाइको व्यवस्था लागू गरिनेछ ।

- संस्थागत विद्यालयको शुल्क र सुविधासम्बन्धी मापदण्ड बनाई लागू गरिनेछ ।
- विद्यार्थीको सिकाइ उपलब्धिका आधारमा शिक्षकहरूको मूल्यांकन, पुरस्कार र दण्ड व्यवस्था कार्यान्वयन गरिनेछ ।
- विद्यार्थी संख्याको अनुपातमा शिक्षकहरूको दरबन्दी मिलान गरिनेछ । यसरी मिलान गर्दा विषयगत र महिला शिक्षक कम भएका विद्यालयमा विषययत र महिला शिक्षकको उपलब्धतालाई सुनिश्चित गरिनेछ ।
- तोकिएको जिम्मेवारी गुणस्तरयुक्त बनाउन विद्यालय प्रशासनको कार्य सम्पादनलाई प्रोत्साहित गरिनेछ ।

**सामाजिक विकास क्षेत्रका सूचकहरू**

| क.सं. | सूचकहरू | | हालको अवस्था | आगामी लक्ष्य |
|---|---|---|---|---|
| १ | खुद भर्ना दर | प्राथमिक | ९४.२ | १०० |
| | | निम्न माध्यमिक | ८५.८ | १०० |
| | | उच्च माध्यमिक | २८.० | ५० |
| ४ | निरन्तरता दर | पूर्व प्राथमिक | ९.९ | |
| | | आधारभूत | ६.८ | |
| | | माध्यमिक | ४.३ | |
| ५ | उत्तीर्ण दर | कक्षा ८ | ७९.३ | ९५ |
| | | कक्षा १० | ८४.९ | ९० |
| | | कक्षा १२ | ८९.२ | ९५ |
| ६ | शिक्षक तालिमको अवस्था | पूर्व प्राथमिक | | |
| | | आधारभूत | | |
| | | माध्यमिक | | |
| ७ | पुस्तकालय सुविधा भएका विद्यालयहरू | | १८ | १००% |
| ८ | आइसिटी सुविधा भएका विद्यालयहरू | | ९ | ५०% |
| ९ | विद्यार्थी उपलब्धिको आवधिक समिक्षा | | ० | १०० |
| १० | शिक्षक अभिभावक बैठक | | | सबै विद्यालयमा वार्षिक ३ पटक अनिवार्य |
| ११ | विद्यालय निरीक्षणको अवस्था | | | शिक्षा शाखाबाट न्यूनतम वार्षिक ३ पटक |
| १२ | पाठ योजना निर्माण र कार्यान्वयनको अवस्था | | | नियमित |
| १३ | सिकाइ उपलब्धि | कक्षा ५ | | नियमित |
| | | कक्षा ८ | | नियमित |
| | | कक्षा १० | | नियमित |
| | | कक्षा १२ | | नियमित |

| | | | | |
|---|---|---|---|---|
| १४ | कक्षा छाड्ने दर | आधारभूत-प्राथमिक | ३.३ | ० |
| | | नि. माध्यमिक | ५.९ | ० |
| | | उच्च माध्यमिक | ५.४ | २ |

## क.६ मुख्य कार्यक्रमहरू

- शैक्षिक पूर्वाधार विकास (कक्षाकोठा थप, शौचालयसहितका पक्की भबन, न्यूनतम पठनपाठन उपकरण तथा प्रयोगशालाहरू),
- गुणस्तरीय बालविकास, आधारभूत र माध्यमिक शिक्षा,
- संस्थगत र सामुदायिक विद्यालय अन्तरसम्बन्ध,
- शिक्षक तथा व्यवस्थापन समितिलगायतका सरोकारवालाहरूको क्षमता विकास,
- विद्यार्थी भर्ना अभियान,
- सृजनात्मक तथा प्रयोगात्मक शिक्षा,
- अतिरिक्त क्रियाकलापहरू,
- व्यावसायिक तथा फरक क्षमता भएका विद्यार्थीलाई माध्यमिक तहसम्म विशेष शिक्षा कार्यक्रम
- अनौपचारिक तथा जीवनोपयोगी शिक्षा कार्यक्रम,
- प्रोत्साहनमूलक कार्यक्रम (एकमुष्ट अनुदान कार्यक्रम),
- प्राविधिक शिक्षालय स्थापना र सञ्चालन,
- संस्थागत विद्यालय नियमन र गुणस्तर परीक्षण ।

## क.७. सहकार्य रणनीति

| प्रमुख कार्यक्रम | सहकार्य भार (प्रतिशतमा) | | | |
|---|---|---|---|---|
| | निजी क्षेत्र | गै.स.स. | वित्तीय क्षेत्र | नगरपालिका |
| शैक्षिक पूर्वाधार विकास | ५० | ० | ० | ५० |
| सबै तहमा गुणस्तरिय शिक्षा | ४० | १० | ० | ६० |
| संस्थागत र सामुदायिक विद्यालय अन्तरसम्बन्ध | ३० | १० | ० | ६० |
| शिक्षक क्षमता विकास | ४० | ० | ० | ६० |
| सृजनात्मक तथा प्रयोगात्मक शिक्षा | ३० | १० | ० | ६० |
| अतिरिक्त क्रियाकलाप | ६० | ५ | १० | २५ |
| व्यावसायिक र विशेष शिक्षा | ४० | २० | ० | ४० |
| अनौपचारिक जीवनोपयोगी शिक्षा | ० | ६० | ० | ४० |
| एकमुष्ट अनुदान र प्रोत्साहन कार्यक्रम | १५ | ५ | ५ | ७५ |
| प्राविधिक शिक्षालय स्थापना र सञ्चालन | ६५ | ५ | २० | १० |

- नोटः निजी क्षेत्रले सान्दर्भिकताअनुसार सहकारी र संस्थागत शैक्षिक क्षेत्रसमेत जनाउनेछ । नगरपालिका भन्नाले संघीय र प्रदेश सरकारसमेतको लगानीलाई बुझाउनेछ ।

## ख. युवा तथा खेलकुद क्षेत्र

### ख.१ विषय प्रवेश

नेपालमा १६ देखि ४० वर्षसम्मको उमेर समूहका युवाहरूको संख्या कुल जनसंख्याको ४०.३ प्रतिशत रहेको छ । यस नगरपालिकामा युवाहरूको जनसंख्या राष्ट्रिय औसतअनुसार नै रहेको छ । यस नगर क्षेत्रमा मार्शल आर्ट, फुटबल, ब्याडमिन्टन, एथ्लेटिक्स, अल्ट्रा दौड लगायतका खेलकुदहरू सञ्चालन भइरहेका छन् ।

### ख.२ वर्तमान अवस्था

यस नगरका युवाहरूको ठूलो संख्या वैदेशिक रोजगारी, आन्तरिक आप्रवासन, कृषि कर्ममा व्यस्त वा बेरोजगार छन् । अदक्ष युवाहरू सीपयुक्त शिक्षा प्राप्तिको अवसरको अभावमा न्यून ज्यालादर तथा सम्मानजनक रोजगारीको अवसरबाट वञ्चितीमा परी विदेशिनुपर्ने अवस्था सिर्जना भएको छ । उद्यमशीलता र सीपको कमीले युवाहरूको उत्पादकत्व अपेक्षाकृत न्यून रहेको छ । युवा जनसांख्यिक लाभको पर्याप्त सदुपयोग हुन सके युवालाई स्वदेशमा नै रोजगारी उपलब्ध गराउन सकेमा नगरको समग्र आर्थिक तथा सामाजिक विकासमा योगदान पुग्न गई जीवनस्तरमा पर्याप्त सुधार आउन सक्ने देखिन्छ ।

### ख.३ अवसर र चुनौती

नगरमा विद्यमान युवा जनसंख्याको बाहुल्यतालाई उत्पादनशील एवं सृजनशील कार्यमा लगाउन सके नगरको सम्पूर्ण विकासमा सहयोग पुग्न सक्दछ । नगरपालिकाले युवा बाहुल्यताको वर्तमान जनसांख्यिक लाभलाई नगर क्षेत्र विकासमा क्रियाशील गराउन नीति प्रतिपादन गरी तदअनुसार विभिन्न क्रियाकलापहरूमा संलग्न गराउन सक्ने अवसर सृजना भएको छ । यसबाट कृषि, गैरकृषि तथा सेवा क्षेत्रको उत्पादनशील कार्यमा युवाको संलग्नता वृद्धि गराउन सकिन्छ ।

युवाहरूलाई तिनको क्षमता र उत्कृष्टताका आधारमा साहित्य, कला, खेलकुद, स्वयंसेवी कार्यमा संलग्न गराई प्रतिभाको विकास तथा सृजनात्मक कार्यमा परिचालन गर्दै दुर्व्यसनतर्फ जानबाट रोक्न सकिने अवसरसमेत रहेको छ ।

यसैगरी नगरभित्र व्यावसायिक सीप तथा उद्यमशीलताको विकास तथा श्रमलाई सम्मान गर्ने वातावरणको विकास गरी वैदेशिक रोजगारतर्फको आकर्षण घटाउन सकिने अवसरसमेत रहेको छ । वैदेशिक रोजगारबाट फर्केका युवाहरूले हासिल गरेको ज्ञान, सीप र पुँजीको स्थानीयस्तरमा उपयोग गर्दै रोजगार तथा स्वरोजगार प्रवर्द्धन गर्ने अवसर पनि विद्यमान रहेको छ । कुल जनसंख्याको ४०.३ प्रतिशत रहेका युवाहरूलाई राज्यको फितलो नीति तथा कार्यान्वयनका कारण उनीहरूको ऊर्जा, सीप तथा सृजनालाई राष्ट्र विकासको काममा उपयोग गर्न सकिएको छैन, युवामा लगानीको कमी, प्राविधिक तथा सीपमूलक शिक्षाको व्यवसायीकरण हुन नसक्नु, देशभित्र कृषि पेसालाई मर्यादित बनाई युवाहरूलाई यस पेसाप्रति आकर्षित गराउन नसकिनु, तुलनात्मक लाभ र रोजगारका प्रमुख क्षेत्रको रूपमा देखिएका पर्यटन र औद्योगिक क्षेत्रमा आवश्यक सीप, दक्षता र उद्यमशीलताको अभाव हुनु, राष्ट्रिय युवा नीति, स्वरोजगार नीतिको कमजोर कार्यान्वयन, रोजगारीको अभावमा बर्सेनि लाखौंको संख्यामा युवाहरू न्यून ज्यालायुक्त अदक्ष तथा जोखिमपूर्ण श्रम बजारमा निर्यात हुनु, राष्ट्रियस्तरमा युवाको नेतृत्वदायी विकास हुन नसक्नु र युवाको समग्र विकासमा चुनौतीको रूपमा देखा परेका छन् जसको प्रभाव यस नगरपालिकामा पनि प्रत्यक्ष देखिन्छ ।

**ख.४ उद्देश्यहरू**

- शिक्षित, सभ्य सुसंस्कृत र अनुशासित युवा शक्तिको परिचालनबाट राष्ट्रिय विकासमा योगदान पुऱ्याउने ।
- किशोरकिशोरी तथा युवाहरूलाई खेलकुदको माध्यमबाट उनीहरूमा भएका विशिष्ट क्षमताको प्रस्फुटन, स्वस्थ जीवनशैलीको अभ्यासको विकास, सामाजिक सद्भाव, नगरको प्रतिष्ठा र पहिचानमा वृद्धि भएको हुनेछ ।
- युवा उद्यमशीलता, युवा स्वरोजगार, युवा सृजनशीलतालाई प्रवर्द्धन गरी आर्थिक समृद्धि, प्रविधि आविष्कार गरी नगरको पहिचान विस्तार गर्ने ।

**ख.५ रणनीतिहरू**

- "युवासँग स्थानीय सरकार विशेष कार्यक्रम" सञ्चालन गरी उनीहरूको सीप, ज्ञान र क्षमतालाई प्रयोग गर्दै स्थानीय सरकारको कार्यदक्षताको अभिवृद्धि गर्न प्रयोग गरिनेछ,
- युवा जगत्लाई उनीहरूको चाहनाअनुसार साहित्य, कला, संगीतको सृजना र मौलिक संस्कृतिको जगेर्नामा प्रोत्साहित गरिनेछ,
- व्यावसायिक सीप तथा उद्यमशीलताको विकास तथा श्रमलाई सम्मान गर्ने वातावरणको विकासका साथै वैदेशिक रोजगारतर्फको आकर्षण घटाउने गरी युवा उद्यमशीलता कार्यक्रम सञ्चालन गरिनेछ,
- युवालाई सहज कर्जा र व्यवसाय गर्ने अवसर सृजनाबाट स्वरोजगार प्रवर्द्धन गरी स्वावलम्बी, सम्मानजनक एवं उत्पादनमूलक बनाइनेछ,
- कृषिलाई मर्यादित पेसाको रूपमा स्थापित गराई युवालाई व्यावसायिक कृषि कार्यमा संलग्न हुन उत्प्रेरणा प्रदान गरिनुका साथै वित्तीय संस्थाहरूको कृषि कार्य लगानी तथा सहुलियत पूर्ण कर्जामा आबद्ध हुन सहयोग गरिनेछ,
- वैदेशिक रोजगारमा जाने तथा फर्केका युवा लक्षित कार्यक्रम सञ्चालन गरिने छन्,
- महिला, दलित, आदिवासी जनजाति तथा विपन्न समुदायका युवालाई लक्षित गरी व्यवहारमूलक अभ्यास (Internship), स-साना कार्य जिम्मेवारी (Small short term assignment) दिई युवा परिचालन (Youth enagaement) कार्यक्रम सञ्चालन गरिनेछ,
- युवा परामर्श केन्द्र सञ्चालन गरी आवश्यक विषय जस्तै जीवनउपयोगी परामर्श (Career counciling) गर्ने, लागूऔषधको प्रयोगकर्ता वा मानोसमाजिक परामर्श विशेषज्ञहरूद्वारा दिने व्यवस्था गरिनेछ,
- प्रत्येक वडामा कम्तीमा एक व्यवस्थित खेल मैदान निर्माण र स्तरोन्नतिबाट खेलकुद विकासको वातावरण सृजना गरिनेछ,
- नगर क्षेत्रको उपयुक्त स्थानमा बहुउद्देश्यीय कभर्ड हलको निर्माण गरिनेछ,
- विद्यालय शिक्षासँग खेलकुद आबद्ध गराई नगर स्तरीय, खेलकुद कार्यक्रम कम्तीमा वार्षिक १ पटक आयोजना गरिनेछ,
- वडा स्तरमा युवा क्लबको निर्माण, व्यवस्थित तथा सक्रिय सञ्चालन गरी युवा तथा किशोरकिशोरीको बौद्धिक क्षमता विकास, सामाजिक सीपको अभ्यास तथा नेतृत्व कलाको विकास एवं प्रवर्द्धन गरी उनीहरूलाई नवीनतम र सृजनशील बनाइनेछ ।
- वडा स्तरीय खेलकुदहरू वार्षिक रूपमा आयोजना गरिनेछन्,
- सार्वजानिक निजी साझेदारीमा विभिन्न खेलकुदहरू प्रायोजन गरिनेछ

- युवाहरूलाई सामाजिक र आर्थिक विकासमा आबद्ध गराउन सीपमूलक, स्वरोजगार उन्मुख विभिन्न खेलकुद कार्यक्रमहरू आयोजना गरिनेछ,
- सभ्य, सुसंस्कृत र अनुशासित युवा शक्ति उत्पादन र विकासका लागि परिवार र विद्यालयमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ र विद्यालयमा सकारात्मक सोचको विकासका लागि प्रवचन तथा नैतिक शिक्षा कक्षा सञ्चालन गरिनेछ ।

| क्र.सं. | सूचकहरू | हालको अवस्था | आगामी लक्ष्य | कैफियत |
|---|---|---|---|---|
| १ | खेल मैदान निर्माण तथा स्तरोन्नति | ६ | १० | कुल १६ वटा ( निर्माण तथा मर्मतसम्भार समेत) |
| २ | कभर्ड हल निर्माण | १ (कच्ची) | ५ (पक्की) (१ बहुउद्देश्यीय) | |
| ३ | खेलकुद प्रतियोगिताहरू | वार्षिक ५ वटा | ५ वटा प्रतिवर्ष | |
| ४ | युवा सचेतना तथा नैतिक शिक्षा | ० | वार्षिक ३ वटा कार्यक्रम सञ्चालन | |
| ५ | युवा सीप विकास र उद्यमशीलता प्रवर्द्धन कार्यक्रम | ० | १००० जनालाई तालिम | |
| ६ | युवा स्वरोजगार र वित्तीय पहुँच विस्तार कार्यक्रम | ० | २०० जनालाई पुँजी र प्रविधि हस्तान्तरण वा स्तरोन्नति कार्यक्रम | |
| ७. | वैदेशिक रोजगारीबाट फर्केका युवा लक्षित उद्यमशीलता विकास र व्यवसाय संवर्द्धन कार्यक्रम | ० | ५०० युवालाई उद्यमशीलता विकास तालिम वा व्यवसाय संवर्द्धन सेवा | |

**ख.६ कार्यक्रमहरू**

- युवा कृषि व्यवसायीकरण कार्यक्रम,
- युवा सीप, उद्यमशीलता, पुँजीमा पहुँच कार्यक्रम
- वैदेशिक रोजगारीबाट फर्केका युवा लक्षित उद्यमशीलता विकास कार्यक्रम,
- विद्यालय आधारित खेलकुद,
- युवामा आधारित खेलकुद,
- युवा क्लबको निर्माण तथा सकृय परिचालन,
- नगर विकासमा युवा संलग्नता र परिचालन,
- साहित्य संगीत र कला संस्कृति प्रवर्द्धन कार्यक्रम,
- खेलकुद पूर्वाधार, खेल मैदान, कभर्ड हल निमाण र खेलकुद सामग्री आपूर्ति ।

## ख.७ सहकार्य रणनीति

| प्रमुख कार्यक्रम | सहकार्य भार (प्रतिशतमा) | | | |
|---|---|---|---|---|
| | निजी क्षेत्र | गै.स.स. | वित्तीय क्षेत्र | नगरपालिका |
| युवा कृषि व्यवसायीकरण कार्यक्रम | ३० | ० | ६० | १० |
| युवा सीप र उद्यमशीलता विकास कार्यक्रम | ४० | २० | ० | ४० |
| युवालाई पुँजीमा पहुँच कार्यक्रम | ४० | ० | ५० | १० |
| वैदेशिक रोजगारीबाट फर्केका युवा लक्षित उद्यमशीलता कार्यक्रम | २५ | ३५ | १० | ३० |
| विद्यालय र युवामा आधारित खेलकुद कार्यक्रम | ८० | ५ | ५ | १० |
| युवा संलग्नता र परिचालन | ४० | ३० | ५ | २५ |
| खेलकुद पूर्वाधार निर्माण | २० | ५ | ५ | ७० |
| युवा लक्षित साहित्य संगीत कला प्रवर्द्धन | ६० | १० | ५ | २५ |

- नोटः निजी क्षेत्रले सान्दर्भिकताअनुसार सहकारी र संस्थागत शैक्षिक क्षेत्रसमेत जनाउनेछ । नगरपालिका भन्नाले संघीय र प्रदेश सरकारसमेतको लगानीलाई बुझाउनेछ ।

# (ग) स्वास्थ्य, जनसंख्या तथा पोषण

## ग.१ विषय प्रवेश

संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने एवम् स्वास्थ्य सेवामा समान पहुँचको विषयलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ । नागरिकलाई स्वस्थ बनाउन राज्यले स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गर्ने एवम् गुणस्तरीय, सहज, सुलभ स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्दै सबैको स्वस्थ जीवन प्रत्याभूत गरी दिगो विकास सुनिश्चित गर्नुपर्ने दायित्व पनि संविधानबाटै निर्देशित छ । विगतमा स्वास्थ्य क्षेत्रमा देखिएको दक्ष प्राविधिक जनशक्तिको कमीलाई व्यवस्थापन गरी आधारभूत स्वास्थ्य सेवा र सुविधामा पहुँच बढाइनेछ । वडास्तरमा रहेका स्वास्थ्य चौकीहरूबाट रोग लाग्न नदिने गरी प्रतिकारात्मक तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनुका साथै नगरपालिका अवस्थित अस्पतालबाट उपचारात्मक सेवा सहज उपलब्ध गराइने व्यवस्था मिलाइनेछ ।

यो नगरपलिकामा हाल १८ वटा स्वास्थ्य संस्थाहरूले सेवा प्रदान गरिरहेका छन् । त्यसमा अधिकांश स्वास्थ्य चौकीहरू वडामा रहेका छन् । वडा नं. ८ मा मात्र स्वास्थ्य संस्थाको उपस्थिति देखिएको छैन । वडा नं. १ मा रहेको जिल्ला अस्पतालमा जम्मा ३० शैया उपलब्धबाहेक अन्य स्वास्थ्य संस्थाहरूमा शैया रहेको देखिन आएन । नगरपालिकाभित्रका स्वास्थ्य संस्थाहरूमा ८२ स्वास्थ्यकर्मीको दरबन्दीमध्ये हाल ७६ जना कार्यरत रहेका तथ्याङ्कबाट देखिन्छ ।

सरकारी र निजी स्वास्थ्य संस्था गरेर कुल १०२ जना स्वास्थ्यकर्मीहरू सेवामा संलग्न भएका छन् जसमा विशेषज्ञ चिकित्सक २ जना रहेका छन् भने सामान्य चिकित्सक ५, हेल्थ असिसटेन्ट १३, नर्स ५, अहेब २९, अनमी ३२, ल्याब टेक्निसियन ५ र अन्य ११ जना कार्यरत छन् ।

एक्स-रे सेवा र एससीटी सेवा प्रदान गर्ने स्वास्थ्य संस्था १/१ वटा मात्र रहेका छन्। त्यसैगरी क्लिनिक सेवा दिने स्वास्थ्य संस्था २ वटा, रक्त सञ्चार सेवा दिने स्वास्थ्य संस्था २ वटा र ल्याब सेवा दिने स्वास्थ्य संस्था २ वटा रहेका छन्। प्रसूति सेवा ८ वटा स्वास्थ्य संस्थाले प्रदान गर्दै आइरहेको देखिन्छ भने परामर्श सेवा, परिवार नियोजन सेवा र सुरक्षित मातृत्व सेवा १६ वटै संथाले प्रदान गरेका छन्।

खोटाङ जिल्लाको प्राप्त आँकडाअनुसार करिब २२ प्रतिशत महिलाले स्वास्थ्य संस्थामा गएर प्रसूति सेवा लिने गरिएको देखिन्छ। यसैगरी करिब २० प्रतिशतले महिला स्वयंसेविकाको सहयोगमा बच्चा जन्माउने गरेका छन् भने करिब ५८ प्रतिशतले महिला स्वास्थ्यकर्मीको सहयोगबिनै घरमै बच्चा जन्माउने गरेको देखिन्छ। बच्चा जन्माउँदा करिब ९७ प्रतिशत प्राकृतिक रूपमा जन्मेका छन् भने करिब ३ प्रतिशत C-section जन्मिएका देखिन्छन्।

## ग.२ अवसर र चुनौती

नगर क्षेत्रका सबै वडामा स्वास्थ्य चौकी र सदरमुकाममा अस्पतालको संरचना रहनु, नगर केन्द्रमा रहेको अस्पतालमा र केही स्वास्थ्य चौकीमा तालिम प्राप्त स्वास्थ्यकर्मी तथा न्यूनतम उपकरणहरूको उपलब्धता, सर्वसाधारणको स्वास्थ्य सेवा र पोषणको महत्वबारे बढ्दो जागरण जस्ता सकारात्मक पक्षहरू नगरमा विद्यमान रहेका छन्। संवैधानिक प्रतिबद्धता अनुरूप स्थानीय सरकार सञ्चालन ऐनबाट नागरिकको आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि गरिएका व्यवस्था र प्रावधानको कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय तहमा रहेको छ। नगरपालिकाले यस अनुरूप नागरिकलाई प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराउने प्रतिबद्धता जाहेर गरेकोले स्थानीय तहलाई विगतका कमी कमजोरी सम्बोधन गर्ने उचित अवसरसमेत प्राप्त भएको छ। नगरपालिकाले आफ्नो अनुकूलका आवश्यक नीति, कानुनी व्यवस्था, योजना तर्जुमा गर्ने अधिकार र जिम्मेवारीका संस्थागत व्यवस्थासमेत गर्ने थप अवसर प्राप्त भएको छ। प्राविधिक जनशक्ति, औषधी एवं उपकरण खरिद तथा आपूर्तिमा केन्द्रको मुख ताकिरहनुपर्ने अवस्था हटेकाले स्थान विशेषको आवश्यकताबमोजिम गुणस्तरीय स्वास्थ सेवा प्राप्त गर्न नागरिकलाई सहज हुने अवसर रहेको छ।

संविधानले व्यवस्था गरेको आधारभूत स्वास्थ्य सेवामा नागरिकको सहज पहुँच बढाउन स्वास्थ चौकीहरूमा उपयुक्त तालिम प्राप्त दक्ष जनशक्तिको कमी देखिएको छ। यसैगरी निःशुल्क औषधी पर्याप्त मात्रामा वितरण हुन नसक्नु, स्वास्थ्य चौकीमा शैया नरहनु, अधिकांश महिलाले घरमा नै बच्चा जन्माउने अवस्था रहनु लगायतका कारणले गर्दा सुरक्षित मातृसेवाको उपलब्धतामा चुनौती देखिएको छ।

पहिचान गरिएका दश वटा रोगको प्रतिकारात्मक र उपचारात्मक सेवालाई प्रभावकारी बनाउनु, स्वास्थ्य सेवा प्रवाहको नियमित नियमन र अनुगमन गर्न संस्थागत व्यवस्था गर्नु, सबैको लागि स्वास्थ्य बिमा लागू गर्न पर्याप्त बजेट व्यवस्था परिचालन तथा त्यसको उपयोगलाई प्रभावकारी बनाउन समन्वय कायम गर्नु, स्वास्थ्य संरचनाहरूको भौतिक पूर्वाधार निर्माण र स्तरोन्नति गर्नु, चाहिने न्यूनतम उपकरण, सबै स्वास्थ्य चौकीलगायत अस्पतालमा उपलब्ध गराई स्वास्थ्य सेवा सुनिश्चित र प्रभावकारी बनाउने कार्य चुनौतीपूर्ण रहेको छ। जिल्लामा न्यूनतम स्वास्थ्य सेवाको उपलब्धताको कमीले नागरिकले हेलिकप्टरको प्रयोग गरी काठमाडौं पठाउनुपर्ने भएबाट स्वास्थ्य सेवा निकै खर्चिलो र जोखिमपूर्ण हुन गएको छ। पर्याप्त एम्बुलेन्स सेवाको व्यवस्था, सबै वडा सडक सञ्जालबाट जोडिन सकेकोले तत्काल आकस्मिक सेवा उपलब्ध गराउने कार्य पनि चुनौतीपूर्ण रहेको

छ । यस अलावा स्वास्थ्य सेवालाई सुलभ, सहज र कम लागतको बनाई नागरिकको स्वास्थ्यमा व्यक्तिगत खर्च घटाउनुपर्ने पनि चुनौती रहेको छ ।

**ग.३. उद्देश्यहरू**

आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा र बहुक्षेत्रीय पोषण कार्यक्रमबाट सबै नागरिकको सु-स्वास्थ्य अभिवृद्धि तथा जोखिम न्यूनीकरण गर्ने ।

**ग.४ रणनीतिहरू**

- स्वास्थ्य संस्थाहरूको भौतिक पूर्वाधारको निर्माण, स्तरोन्नति र उपकरणहरूको जडान तथा दक्ष जनशक्तिबाट आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रवर्द्धन गर्ने ।
- प्रत्येक वडामा बर्थिङ सेन्टर, स्वास्थ्य चौकी, स्वास्थ्य केन्द्र, सहरी स्वास्थ्य केन्द्र तथा तिनलाई आवश्यक भवन, अन्य पूर्वाधार, उपकरण र जनशक्तिको व्यवस्था गरिनेछ ।
- संघ र प्रदेश सरकारसँगको सहकार्यमा नगर क्षेत्रमा कम्तीमा १०० शैयाको अस्पताल, शल्य चिकित्सा सेवा, आवधिक विशेषज्ञ सेवा स्थापना र सुरुवात गरी दस वर्षभित्र एक मेडिकल शिक्षण अस्पताल निर्माण गर्ने लक्ष्यसाथ काम अघि बढाइनेछ ।
- रोग निदानका लागि अस्पताल र स्वास्थ्य चौकीमा मापदण्डअनुसारका न्यूनतम उपकरणहरू (एक्सरे, भिडियो एक्सरे, प्रयोगशाला आदि) उपलब्ध गराइनेछ ।
- निःशुल्क आधारभूत स्वास्थ्य सेवामा पहुँच विस्तार र गुणस्तर वृद्धि गरिनेछ ।
- स्वास्थ्य संस्थाहरूबाट निःशुल्क उपलब्ध गराउने सबै प्रकारका औषधि तथा सेवालाई नियमित तथा सुनिश्चित गराइनेछ र औषधि उपलब्धताको संस्थागत रूपमा अनुगमनको व्यवस्था गरिनेछ ।
- सार्वजनिक, निजी, सामुदायिक तथा वित्तीय संस्थाहरूको सार्बजनिक सामाजिक उत्तरदायित्वको रकमसमेत परिचालन गरी स्वास्थ्य कोष खडा गरिनेछ ।
- निःशुल्क र सुरक्षित प्रसूति सेवा विस्तार गरी प्रसूति अघि र पछि स्वास्थ्य सेवा लिन प्रोत्साहन गरिनेछ ।
- बालबालिकाहरूको स्वास्थ्य, खोपहरूको उपयोग, पोषण स्थितिमा सुधार गर्न विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- नगरवासीलाई गुणस्तरीय विशेषज्ञ सेवा प्रदान गर्न मेडिकल कलेज र गै.स.स.को समन्वयमा मोबाइल क्याम्प, आउटरिच क्लिनिक, टेलिमेडिसिन जस्ता सेवाहरू प्रदान गरिनेछन् ।
- स्वास्थ्य सेवालाई स्तरीय र सर्वसुलभ बनाउन नर्सिङ होम, निजी तथा सामुदायिक अस्पताल सञ्चालन र अनुगमनसम्बन्धी कानुन र मापदण्ड निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- स्वास्थ्य स्वयंसेवक, प्राविधिक, नर्स, डाक्टर र विशेषज्ञ डाक्टरको सेवा आपूर्ति, क्षमता विकास, प्रोत्साहन व्यवस्था गरी प्रभावकारी जनशक्ति व्यवस्थापन गरिनेछ ।
- गुणस्तरीय प्रयोगशाला, ब्लड बैंक, औषधि गुणस्तर परीक्षण सेवा, स्वास्थ्य बिमा सेवा, आपतकालीन सेवा जस्ता संयन्त्र र सेवालाई संस्थागत गरिनेछ ।
- आधारभूत औषधिको आपूर्तिमा सुनिश्चितता, निरन्तरता, गुणस्तरीयता र सार्वजनिक निजी सहकार्य अभिवृद्धि गरिनेछ ।
- गम्भीर प्रकृतिका नसर्ने रोग लागेका वा गरिबी परिचयपत्र बाहक र अन्य लक्षित वर्गलाई स्वास्थ्य सेवामा विशेष सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।

- बाल विवाहलाई दुरुत्साहित गर्ने, जन्मान्तर बढाउने, परिवार नियोजन सेवालाई भरपर्दो बनाउन र मातृ शिशु कल्याणसम्बन्धी कार्यक्रमलाई प्रभावकारी बनाउन सचेतनामूलक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।
- बाल विवाह, असुरक्षित यौन सम्बन्ध तथा गर्भधारणलाई रोक्न अभिभावकीय शिक्षा (Early parenting) व्यवस्था गर्ने ।
- तरकारी, दूध, अण्डा, मासु तथा फलफूलका साथै पोषक खाद्यान्नको उपभोग बढाउन र त्यसबाट प्राप्त हुने पोषक तत्वबारे कृषि प्रसार कार्यक्रमबाट समेत प्रवर्द्धन गरी तदनुसार उत्पादन र प्रयोग बढाई बहुक्षेत्रीय पोषण कार्यक्रमलाई समन्वयात्मक रूपमा सञ्चालन गरिनेछ ।
- पोषण लक्षित र पोषण संवेदनशील कार्यक्रमहरूलाई लक्षित घरपरिवार बस्ती वा टोल स्तरमा आवश्यकताको आधारमा समन्वय, सञ्चालन र विस्तार गरिनेछ । नगरको मुख्य अस्पतालमा पोषण पुनःस्थापना केन्द्र स्थापना गरी सेवा प्रवाह गरिनेछ ।
- यौनिक एवं प्रजनन स्वास्थ्य, एच.आई.भी. एड्स, धूमपान, मद्यपान, मानसिक स्वास्थ्यसम्बन्धी प्रवर्द्धनात्मक, प्रतिरोधात्मक एवं उपचारात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- आयुर्वेद, प्राकृतिक चिकित्सा, योग तथा ध्यान, अकुपञ्चर सेवाको विकास गरी स्वास्थ्य सेवा विविधीकरण गरिनेछ ।
- विपन्न परिवारलाई वितरित परिचयपत्रका आधारमा निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउनका साथै गम्भीर प्रकृतिका रोगहरूको उपचारका लागि विशिष्टीकृत सेवा उपलब्ध गराउने अस्पतालमा सिफारिस गरिनेछ ।
- गैसस र निजी क्षेत्रसमेतको सहकार्यमा गम्भीर प्रकृतिका (मुटु, अर्बुद, मृगौला, आँखा, कान, घाँटी, श्वासप्रश्वास आदि) मेडिकल कलेज तथा विशिष्टीकृत अस्पतालहरूसँग सहकार्य गरी विशेष क्लिनिक (Outreach clinic) सञ्चालन गरिनेछ ।
- अस्पतालबाट निस्कने फोहरलाई इन्सुलेटरको प्रयोगबाट नष्ट गरिनुका साथै स्वास्थ्य चौकीको फोहरलाई विशेष व्यवस्था गरिनेछ ।
- प्रत्येक वडाहरूमा सीआरआरटी गठन र परिचालन गरिनेछ ।

### ग.५ अपेक्षित उपलब्धि

| क्र.सं. | सूचकहरू | हालको अवस्था | आगामी लक्ष्य | कैफियत |
|---|---|---|---|---|
| १ | शिशु मृत्युदर | १० | ० | |
| २ | बाल मृत्युदर | २ | | |
| ३ | मातृ मृत्युदर | | | |
| ४ | अस्पतालको शैया विस्तार | | ५० | |
| ५ | बिरामी डाक्टर तथा मेडिकल प्राविधिक उपलब्धता दर | | | |
| ६ | स्वास्थ्य चौकी भवन निर्माण | १३ | १५ | मर्मत सम्भार र निर्माण समेत |
| ७ | ब्लड बैंक | - | १ | |

### ग.६ कार्यक्रमहरू

- स्वास्थ्य संस्थाहरूको संस्थागत क्षमता, पूर्वाधार र उपकरण विस्तार
- प्रत्येक वडामा रहने स्वास्थ्य संस्थको भवन निर्माण, मर्मत सम्भार र स्तरोन्नति
- आधारभूत तथा प्रजनन स्वास्थ्य सेवा विस्तार
- बालबालिका, महिला एवं परिवार स्वास्थ्य
- प्रतिकारात्मक र उपचारात्मक सेवा
- औषधिको आपूर्तिमा सुनिश्चितता, निरन्तरता, गुणस्तरीयता
- स्वास्थ्य सचेतना कार्यक्रम
- अस्पताल र स्वास्थ्य संस्थाहरू सञ्चालन
- मोबाइल क्याम्प, आउटरिच क्लिनिक, टेलिमेडिसिन सेवा
- सुनौलो हजार दिन कार्यक्रम
- कुपोषित बालबालिका र महिला लक्षित कार्यक्रम
- जनसंख्या शिक्षा तथा व्यवस्थापन कार्यक्रम
- बाल विवाह दुरुत्साहन, परिवार नियोजन, बहुक्षेत्रीय पोषण सचेतना कार्यक्रम
- प्रभावकारी स्वास्थ्य जनशक्ति व्यवस्थापन
- कानुन र मापदण्ड निर्माण तथा कार्यान्वयन
- क्षमता विकास र अन्तरनिकाय समन्वय ।

### ग.७ सहकार्य रणनीति

| प्रमुख कार्यक्रम | सहकार्य भार (प्रतिशतमा) | | | |
|---|---|---|---|---|
| | निजी क्षेत्र | गै.स.स. | वित्तीय क्षेत्र | नगरपालिका |
| स्वास्थ्य संस्थाहरूको संस्थागत क्षमता, पूर्वाधार र उपकरण विस्तार | ३३ | २ | ५ | ६० |
| आधारभूत तथा प्रजनन स्वास्थ्य सेवा विस्तार | ४० | ५ | १० | ४५ |
| बालबालिका, महिला, एवं परिवार स्वास्थ्य | ३० | १० | ० | ६० |
| औषधिको आपूर्ति | ८५ | २ | ० | १३ |
| स्वास्थ्य र पोषण सचेतना कार्यक्रम | १० | ८० | ० | १० |
| अस्पताल र स्वास्थ्य संस्था सञ्चालन | १० | ५ | ५ | ८० |
| मोवाइल क्याम्प र टेलिमेडिसिन | ४० | २० | ० | ४० |
| स्वास्थ्य जनशक्ति व्यवस्थापन | ० | १० | ० | ९० |
| कानुन र मापदण्ड निर्माण र कार्यान्वयन | ५ | ५ | ० | ९० |

- नोटः निजी क्षेत्रले सान्दर्भिकताअनुसार सहकारी र संस्थागत शैक्षिक क्षेत्रसमेत जनाउनेछ । नगरपालिका भन्नाले संघीय र प्रदेश सरकारसमेतको लगानीलाई बुझाउनेछ ।

## घ. खानेपानी तथा सरसफाइ क्षेत्र

### घ.१ विषय प्रवेश

खानेपानी तथा सरसफाइ सेवा आधारभूत मानव अधिकारको रूपमा स्थापित छ। खानेपानीको पहुँचलाई नेपालको संविधानमा मौलिक हकको रूपमा नै व्याख्या भएबाट यस क्षेत्रमा थप जोड दिनु आवश्यक भएको छ।

### घ.२ वर्तमान अवस्था

हाल नगरपालिका क्षेत्रमा आधारभूत स्तरको खानेपानी सेवाको संरचना पुगेको जनसङ्ख्या ८३.६प्रतिशत र सरसफाइ सुविधाबाट लाभान्वित जनसङ्ख्या ९९ प्रतिशत पुगेको छ। उच्च/मध्यमस्तरकोखानेपानी सेवाबाट लाभान्वित जनसङ्ख्या १५ प्रतिशत रहेको छ। खानेपानीको विस्तार र गुणस्तर वृद्धि गर्ने, सहरी र अर्धसहरी खानेपानी प्रणालीको निर्माण तथा सुदृढीकरणका साथै सतह स्रोतबाट पानीको आपूर्ति नपुग भएको अवस्थामा वर्षात्को पानी सङ्कलन गर्ने पद्धति विकास गर्नु आवश्यक छ। खानेपानीको स्रोतको संरक्षण र उचित उपयोग गर्ने र नगरपालिका क्षेत्रलाई खुला दिसापिसाबमुक्त क्षेत्रको घोषणा गरी वातावरणीय सहरी सरसफाइमा विशेष जोड दिइएको छ। यी सबै प्रयासबाट खानेपानी तथा सरसफाइ क्षेत्रको दिगो विकास लक्ष्य हासिल गर्ने अपेक्षा गरिएको छ।

यस नगरपालिकामा वार्ड नं. २, ३, ६, ७, ९, ११, १२, १३ र १४ मा ६० प्रतिशतभन्दा बढी घरधुरीले पिउने पानीको सुविधा पाएका छन् भने अन्य वार्ड हरूमा यो सुबिधा ५० प्रतिशतभन्दा कम घर धुरीले उपयोग गरिरहेको देखिन्छ। प्रस्तुत आँकडाअनुसार करिब ७७ प्रतिशत घरधुरीमा धारामार्फत पानी पुगेको देखिन्छ भने करिब ३ प्रतिशतमा सुरक्षित कुवा वा इनारबाट, ८ प्रतिशतमा खुला इनार वा कुवाबाट, करिब ९ प्रतिशतले मुहानमार्फत पानी प्रयोगे गर्ने गरेको पाइएको छ। बाँकी ३ प्रतिशतले खोला वा नदीको पानी प्रयोग गर्ने देखिन्छ।

यस नगरपालिकाका वार्ड नं. ५ र ८ बाहेक अन्य वार्डहरूमा पक्कि चर्पीको सुविधा करिब १०० प्रतिशत घर धुरीमा उपलब्ध रहेको छ। वार्ड नं. ५ र ८ मा भने ९० प्रतिशत घरधुरीसँग मात्रै यस्तो चर्पीको सुबिधा उपलब्ध रहेको देखिन्छ।

### घ.३ अवसर र चुनौती

खानेपानी तथा सरसफाइ सेवाको जिम्मेवारी नगरपालिकामा रहनु, पानी तथा सरसफाइ सेवा एवम् संरचनाको विकास तथा विस्तारमा स्थानीय सरकार विकास साझेदार, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, गैरसरकारी संस्था तथा उपभोक्ता समितिहरू र नागरिकको सहभागिता बढ्दै जानु, स्वास्थ्य, खानेपानी र सरसफाइलाई स्थानीय तहले समन्वयात्मक रूपमा कार्यान्वयन गर्न सक्ने अवस्था, स्वच्छता समन्वय समितिहरू नगर क्षेत्रमा क्रियाशील रहेका र नगरपालिकाले सरसफाइलाई अभियानको रूपमा सञ्चालन गरेको र फोहर व्यवस्थापनका लागि ल्यान्डफिल साइटको समेत व्यवस्था भएको, सरसफाइ कार्यक्रम सामाजिक अभियानको रूपमा सञ्चालन हुनु जस्ता कारणहरूले गर्दा यस क्षेत्रमा आशातीत सुधार गर्न सकिने अवस्था सिर्जना हुन गएको छ।

वातावरणीय प्रभाव, जलवायु परिवर्तन, बढ्दो सहरीकरण र अव्यवस्थित बस्ती विकासका कारण खानेपानीका स्रोतहरू सुक्दै जानु र स्रोत प्रदूषित हुनु, स्वास्थ्यलाई खानेपानी तथा सरसफाइ सुविधाको अभिन्न अङ्गका रूपमा लैजान नसक्नु, निर्माणाधीन आयोजनाहरू समयमै सम्पन्न गर्न नसकिनु, बढ्दो बसाइँ-सराइका कारण सहरी क्षेत्रमा खानेपानीको अत्यधिक माग रहनु, सहरी बस्तीमा ढल निकास व्यवस्थित गरी नदीनाला, पोखरी आदिको संरक्षण र स्वच्छता कायम गर्न कठिनाइ हुनु

एवम् खानेपानी तथा सरसफाइका क्षेत्रमा संलग्न सरोकारवालाहरूबीच प्रभावकारी समन्वय हुन नसक्नु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन्। अधिकांश परिवारमा पिउने पानी र सरसफाइको व्यवस्थापन महिला तथा बालिकाहरूले गर्नुपर्ने हुँदा उनीहरूमा कामको दोहोरो जिम्मेवारी थापिने, गरिब तथा विपन्न बस्तीमा पनि स्वच्छ पिउने पानीको अभावले उनीहरूको प्रत्यक्ष स्वास्थ्यमा नकारात्मक असर पर्न सक्ने सहज अनुमान गर्न सकिन्छ।

### घ.४ उद्देश्य

- सबै नागरिकलाई आधारभूत स्वच्छ खानेपानी र सरसफाइ सुलभ ढंगबाट उपलब्ध भएको हुनेछ।

### घ.५ रणनीति

- प्रत्येक घरधुरीमा एक घर एक धारा र एक चर्पी कार्यक्रम सञ्चालन गरिनेछ,
- वर्तमानमा नगर क्षेत्रभित्र सञ्चालनमा रहेका खानेपानी कार्यक्रमको गहन समीक्षा गरी सम्पन्न गरिनेछ र इनार तथा कुवाबाट उपलब्ध हुने खानीपानी सेवालाई पाइपबाट उपलब्ध गराइने छ।
- प्रत्येक वडामा कम्तीमा एक/एक वटा ठूला खानेपानी आयोजनाहरू सञ्चालन गरिनेछ।
- नगर क्षेत्रभित्र उपयुक्त स्थानहरूमा सरसफाइयुक्त सार्वजनिक शौचालयहरू निर्माण र व्यवस्थापन गरिनेछ।
- स्वच्छ खानेपानीको उपलब्धताका लागि मुहान र स्रोत संरक्षण तथा पाइपको चुहावट रोकी स्वच्छ खानेपानीको आपूर्तिको व्यवस्थाका साथै सबै वडामा अनिवार्य पक्की चर्पीको प्रयोगलाई प्रोत्साहित गरिनेछ।
- पारिवारिक र सामुदायिक सरसफाइलाई अभियानका रूपमा सञ्चालन गरी सुनिश्चित गरिनेछ,
- खानेपानीको मुहान र स्रोतहरूको संरक्षण गरिनेछ,
- बजार क्षेत्रमा ढल निकासको व्यवस्थापन गरिनेछ,
- सरसफाइलाई अभियानका रूपमा समन्वयात्मक रूपमा सञ्चालन गरिनेछ,
- प्लाष्टिक जन्य फोहर दुरुत्साहित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ,
- खानेपानीलाई सरकारी, गैरसरकारी क्षेत्र र समुदायसँग सहकार्य र समन्वय गरी सञ्चालन गरिनेछ।
- खानेपानी तथा सरसफाई सेवमा महिला तथा विपन्न परिवारको संलग्नता र सहज पहुँच गराई उनीहरूको समय र श्रमको बचत गरी उत्पादकीय कार्यमा लाग्न प्रेरित गरिनेछ।

**सूचकहरू**

| क.सं. | सूचकहरू | हालको अवस्था | आगामी लक्ष्य |
|---|---|---|---|
| १ | खानेपानीको सुविधा पुगेको घरधुरी | ७०.२५ | १००% |
| २ | सुरक्षित शौचालय प्रयोग गर्ने घरधुरी | ९८.६ | १००% |
| ३ | सार्वजानिक शौचालय | ० | १५ वटा |
| ४ | पानीको स्रोत संरक्षण | | ७५ प्रतिशत मूल संरक्षण |
| ५ | खानेपानी ट्यांकी निर्माण | | १० |
| ६ | खानेपानी धारा निर्माण | | १००० |

### घ.६ कार्यक्रमहरू

- सहरी खानेपानी आयोजना सञ्चालन,
- स्वच्छ खानेपानीको निर्माण, विस्तार र उपलब्धता,
- सरसफाइ अभियान
- पानीको स्रोत संरक्षण तथा वैकल्पिक स्रोतको अभ्यास तथा व्यवस्थापन (Rain WaterHarvesting)

### घ.७ सहकार्य रणनीति

| प्रमुख कार्यक्रम | सहकार्य भार (प्रतिशतमा) | | | |
|---|---|---|---|---|
| | निजी क्षेत्र | गै.स.स. | वित्तीय क्षेत्र | नगरपालिका |
| सहरी खानेपानी आयोजना सञ्चालन | १० | ० | ० | ९० |
| स्वच्छ खानेपानीको निर्माण, विस्तार र उपलब्धता | ३० | १० | ० | ६० |
| सरसफाइ अभियान | २० | ३० | १० | ४० |
| पानीको स्रोत संरक्षण तथा वैकल्पिक स्रोतको व्यवस्थापन | २० | ४० | १० | ३० |

- नोटः निजी क्षेत्रले सान्दर्भिकताअनुसार सहकारी र संस्थागत शैक्षिक क्षेत्रसमेत जनाउनेछ । नगरपालिका भन्नाले संघीय र प्रदेश सरकारसमेतको लगानीलाई बुझाउनेछ ।

## (ङ) लैंगिक समानता, सामाजिक समावेशीकरण र सामाजिक सेवा, संरक्षण तथा सुरक्षा

### ङ.१ विषय प्रवेश

महिला बालबालिका तथा समाजमा पछाडि पारेको वर्ग तथा समुदायको आर्थिक, सामाजिक विकास र सशक्तीकरणका लागि संविधानमा महिला, बालबालिका, दलित पिछडिएको र विपन्न बर्गको हक प्रत्याभूत गरिएको छ ।

### ङ.२ वर्तमान अवस्था

लैगिंक समानता तथा समाजिक समावेशीकरणको मूल मर्म भनेको समान अधिकार, अवसर र समाजमा पछाडि परेका वर्ग तथा समुदाय र क्षेत्रलाई विकासको मुल प्रवाहमा प्रवाहीकरण गर्नु नै हो । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि विभिन्न ऐन, नियम, रणनीति र कार्ययोजना कार्यान्वयनमा समेत आएका छन् । संविधानबाट नै उपरोक्त व्यवस्था कार्यान्वयनका लागि विभिन्न लक्षित संवैधानिक आयोगहरूको व्यवस्था गरिएको छ । संविधानले ती आयोगहरूमा तत्तत् वर्ग, लिंगको प्रतिनिधित्व रहनुपर्ने व्यवस्था गरेको छ । बहुसङ्ख्यक दलित, महिला, आदिवासी जनजाति, मधेसी, मुस्लिम लगायतका समूह/समुदाय विगतमा राज्यको संरचानाद्वारा नै पछाडि पारिएको हुँदा नेपालमा सकारात्मक उपाय र समावेशीकरण नीति र यसको मूलप्रवाहीकरणको सान्दर्भिकता रहेको छ । महिलालाई लैङ्गिक भेदभावबिना समान वंशीय, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको हक हुने, राज्यका सबै निकायमा महिला तथा लक्षित समूहले शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने, सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने, संसद् लगायतका तीन वटै तहका निकायमा महिला तथा

लक्षित समूह र वर्गको समुचित र समानुपातिक प्रतिनिधित्वको व्यवस्था संविधान र कानुनबाट नै सुनिश्चित गरिएको छ ।

गाउँपालिका र नगरपालिकाको अध्यक्ष वा प्रमुख र उपाध्यक्ष वा उपप्रमुखमध्ये एक जना महलिा हुनुपर्ने गाउँ कार्यपालिकामा चारजना तथा नगर कार्यपालिकामा पाँचजना महिला सदस्य रहने, त्यस्तै कार्यपालिकामा अल्पसंख्यक वा दलित गाउँपालिकामा दुई र नगरपालिकामा तीन जना महिलाको प्रतिनिधित्व सुनिश्चित गरिएको छ । जिल्ला समन्वय समितिमा कम्तीमा तीनजना महिला रहने, गाउँपालिका र नगरपालिकाको प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुने गरी गाउँसभा र नगरसभाको गठन हुने, त्यस्तै स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय योजना बनाउँदा बाल मैत्री, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण जस्ता अन्तर्सम्बन्धित विषयलाई ध्यान दिनुपर्ने व्यवस्था गरेको छ ।

## ङ.३ अवसर र चुनौती

संविधानबाट प्रत्याभूत समानताको अधिकार, स्थानीय सरकारको निर्वाचनमा अवलम्बन गरिएको फलस्वरूप ४२ प्रतिशत महिला पदाधिकारी निर्वाचित, समावेशी तथा सहभागितामूलक प्रतिनिधित्वको व्यवस्था, स्थानीय तहको महत्वपूर्ण निर्णय र समितिहरूमा समानुपातिक तथा समावेशी प्रतिनिधित्वको व्यवस्था, न्यायिक समिति सम्बन्धी व्यवस्था, सहभागितामूलक योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रिया, उपभोक्ता समितिहरूमा लाभग्राही तथा महिलाहरूको प्रतिनिधित्व जस्ता कानूनी तथा नीगित व्यवस्थाआदिलाई स्थानीय तहमा लैङ्गिक समानता तथा समावेशीकरणका दृष्टिले महत्वपूर्ण अवसरको सृजना भएको छ ।

शताब्दीयौंदेखि नेपालमा विद्यमान लैगिक सांस्कृतिक जातीय, वर्गीय, धार्मिक, भाषिक, सांस्कृतिक, भौगोलिक विभेद अद्यापि कायम रहनु, समाजका विभिन्न विभेदकारी कुरीतिहरू जस्तै बालविवाह, बालमजदुरी, दाइजो, धामी, झाँक्री प्रथाको अन्त्य हुन नसक्नु, विपन्न वर्गका लागि लक्षित सामाजिक संरक्षण तथा सुरक्षा कार्यक्रमको प्रभावकारी कार्यान्वयन र मूल्याङ्कन हुन नसक्नु, योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियामा रहेको समावेशिताको नीति कार्यान्वयनमा पूर्णता आउन नसक्नु, वास्तविक जीवनमा महिलालाई पुरुषको हाराहारीमा रहने वातावरण सृजना हुन नसक्नु, लैङ्गिक एवं घरेलु हिंसा घट्न नसक्नु, घरेलु तथा सामाजिक हिंसाका मुद्दा दर्तामा सामाजिक दबाब, कमजोर अभियोजनका कारणले पीडित पक्षले समुचित न्याय प्राप्तिमा कठिनाइ, नगरपालिकामा लैङ्गिक तथा समावेशी नीति नहुनु, यससम्बन्धी कमजोर र सतही बुझाइ र निर्णय प्रक्रियामा महिला, दलित, विपन्न तथा जोखिमयुक्त समुदायको अर्थपूर्ण सहभागिता पर्याप्त नहुनु, सम्पत्ति तथा वित्तीय क्षेत्रमा महिला तथा सीमान्तकृत वर्ग तथा समुदायको पहुँच, स्वामित्व र नियन्त्रणको कमी, श्रमको समुचित बाँडफाँट तथा सम्मानको कमी, महिलाको घरायसी कामको आर्थिक मूल्याङ्कन हुन नसक्नु, गरिबीमा महिला तथा दलित परिवारको संख्या अधिक रहनु, महिला शिक्षाको अवस्था तुलनात्मक रूपमा कमजोर रहनु जस्ता चुनौतीहरू विद्यमान रहेका छन् । त्यसैगरी महिला-महिलाका बीचमा पनि विभेदजन्य (Inter sectional approach) व्यवहार, दलित तथा सीमान्तकृत महिलाको आर्थिक, राजनीतिक र सामाजिक अवस्था अन्य महिलाको तुलनात्मक रूपमा कमजोर र जोखिमपूर्ण हुनु पनि उसको अर्को चुनौती रहेको छ ।

**ङ.४ उद्देश्य**

महिला, दलित, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, सीमान्तकृत समुदाय तथा अति विपन्न र जोखिममा रहेको वर्गलाई आर्थिक, सामाजिक तथा राजनीतिक सशक्तीकरणका माध्यमद्वारा विकासको मूल प्रवाहमा ल्याई लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई सुनिश्चित गर्दै समाजमा समानता तथा सामाजिक न्याय र सुरक्षा कायम गर्ने ।

**ङ.५ रणनीतिहरू**

- नगरपालिकाले लैङ्गिक तथा समावेशिताका हिसाबले विषय क्षेत्रगत खण्डीकृत तथ्यांकको (Disaggregated data) संकलन, नियमित रूपमा अद्यावधिक गराई राख्नेछ ।
- योजना चक्रमा महिला, बालबालिका, समाजमा सामाजिक तथा आर्थिक रूपले कमजोर वर्ग, अल्पसंख्यकका मुद्दालाई मूलप्रवाहीकरण गरी समावेशी सहभागिता सुनिश्चित गरिनेछ ।
- सबै प्रकारका हिंसाहरू न्यूनीकरण गरी घरेलु एवं सामाजिक हिंसालाई कानुनबमोजिम दण्डनीय बनाउने विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- घरेलु वा सामाजिक हिंसामा परेका महिलालाई पुन:स्थापन केन्द्रमा बसोबासको व्यवस्थाका साथै उचित कानुनी संरक्षणसमेत गरिनेछ । कार्यस्थलहरूलाई लैङ्गिक, यौन हिसां एवं विभेदमुक्त बनाइनेछ ।
- वडा तहबाट नै बालमैत्री शासन कार्यक्रम सञ्चालन र प्रवर्द्धन गरी नगरपालिकालाई बालमैत्री बनाउने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।
- निकृष्ट बालश्रमको अन्त्य गरी अनाथ तथा विपन्न बालबालिकाहरूको उचित व्यवस्थापनद्वारा उनीहरूको शिक्षा, स्वास्थ्यमा पहुँच लगायतका सम्पूर्ण विकासका अवसरहरूमा समावेश गरिनेछ ।
- समाजमा रहेका सबै प्रकारका विभेद, छुवाछूतको अन्त्य गरी यस प्रकारको व्यवहारलाई दण्डनीय बनाउने, सचेतना एवं सद्भाव विस्तार गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- अन्तरजातीय विवाह गर्ने जोडीलाई संरक्षण, आत्मसम्मानपूर्वक समाजमा बस्ने वातावरणको सृजना गरी सामाजिक अन्तरघुलनलाई सहयोग गरिनेछ ।
- ज्येष्ठ नागरिक, फरक क्षमता भएका, लोपोन्मुख आदिवासी जनजाति, एकल महिला, सीमान्तकृत र विपन्न वर्गलाई सामाजिक सुरक्षाका कार्यक्रममार्फत सम्बोधन गरिनेछ ।
- ८० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकलाई घरदैलोमा नै सामाजिक सुरक्षा भत्ता सम्मान स्वरूप उपलब्ध गराइनेछ ।
- दलित विद्यार्थीको भर्ना र पठनपाठन सुनिश्चित गराउन दलित छात्रवृत्ति प्रदान गरिनेछ ।
- किशोरकिशोरीहरूका लागि जीवनपयोगी सीप प्रदान गरिने कार्यक्रम सञ्चालन गरिनेछ ।
- ज्येष्ठ नागरिकलाई अस्पतालमा नि:शुल्क स्वास्थ्य सेवा तथा सार्वजनिक यातायात लगायतका अन्य कार्यक्रममार्फत उनीहरूको सुविधालाई सम्बोधन गरिनेछ ।
- सबै महिलाहरू विशेष रूपले आर्थिक र सामाजिक रूपमा विपन्न र अल्पसंख्यक महिलाको सामाजिक, आर्थिक सशक्तीकरण गर्दै महिलाको सामाजिक आर्थिक स्तर माथि उठाउनुका साथै तिनीहरूको मूलभूत अधिकार सुनिश्चित गरिनेछ, लैङ्गिकतामा आधारित सबै प्रकारका हिंसा, भेदभाव र बहिष्करणको अन्त्य गरिनेछ । राजनीतिक, आर्थिक, सार्वजनिकलगायत सम्पूर्ण निर्णायक तहमा महिला, दलित तथा सीमान्तकृत समुदायको सार्थक र समान पहुँचका लागि समान अवसरहरूको सिर्जना गरिनेछ ।

- नगरपालिकाका योजना तथा कार्यक्रमहरू लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण गरी तर्जुमा गरिनेछ ।
- लैङ्गिक संवेदनशील बजेट र लैङ्गिक बजेट परीक्षण प्रणालीको अवलम्बन गरिनेछ ।
- महिला कर्मचारीको लागि शिशु स्याहार कक्ष तथा स्तनपान गराउन लचिलो समय व्यवस्थापन, महिला कर्मचारीलाई काम गर्ने सहज वातावरणको व्यवस्था गरिनेछ, नगरपालिकाले लैङ्गिक समानता तथा समावेशीकरण (GESI) सम्पर्क अधिकृतको व्यवस्था गरिनेछ ।
- लैङ्गिक हिंसाविरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिनका साथै, सामाजिक भेदभाव र बहिष्करण अन्त्यको लागि निरोधात्मक न्यायमा सहज पहुँच र संरक्षणात्मक उपायहरू अवलम्बन गरिनेछ ।
- निजी र गैरसरकारी क्षेत्रको नीति निर्माण, कार्यक्रम कार्यान्वयनलगायत प्रतिफलमा महिला तथा समाजमा कमजोर वर्गको सारभूत प्रतिनिधित्व सुनिश्चित हुने नीति अवलम्बन गरिनेछ ।
- आर्थिक सामाजिक रूपले विपन्न वर्ग तथा महिलाको लागि आयआर्जन, क्षमता विकास र सशक्तीकरण गर्ने कार्यक्रमहरू कार्यान्वयनमा ल्याइनेछ ।
- अपाङ्गता भएका व्यक्ति र विशेष गरी महिलामाथि हुन सक्ने हिंसाको अन्त्य गर्दै रोजगारी र स्वरोजगारीउन्मुख कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिला बालबालिका तथा लक्षित समुदायहरूलाई सामाजिक परिचालनका माध्यमबाट सशक्तीकरण गरिनुका साथै क्षमता विकास गरिनेछ ।
- लक्षित वर्गलाई सामाजिक सुरक्षाका स्वास्थ्य बिमा, विभिन्न सामाजिक सुरक्षा भत्ता तथा अन्य प्रवर्द्धनात्मक कार्यक्रममा आबद्ध गराइनेछ ।
- आवश्यकताअनुसारका विभिन्न किसिमका सीप विकासका कार्यक्रमहरूसँग आबद्ध गराई रोजगारी सिर्जना गरिनेछ ।
- समूहमा आबद्ध महिलाहरूलाई सहकारी संस्थाहरूको गठनबाट संस्थागत विकासमा सहयोग गरिनेछ ।
- बालक्लबहरूलाई सक्रिय बनाउन बालभेलालगायत औपचारिक कार्यक्रमहरूमा आबद्ध गराइनुका साथै क्रमिक रूपमा बालमैत्री वडा घोषणा गर्दै लगिनेछ ।
- ज्येष्ठ नागरिकको सम्मान र कदर गरिनेछ । परिवारबाट गरिने विभेदलाई न्यूनीकरण तथा कमजोर र असहायलाई समुचित प्रबन्ध गरिनेछ ।
- जातीय भेदभावमुक्त बस्ती/टोल/वडा/नगर घोषणा अभ्यास गरिनेछ ।
- बालीघरे प्रथाको अन्त्य गर्दै परम्परागत सीपलाई प्रवर्द्धन तथा व्यवसायीकरण गरिनेछ ।
- आदिवासी जनजातिहरूको परम्परागत भाषा संस्कृति, लिपिको संरक्षण, प्रवर्द्धन गरिनेछ ।
- अन्तर्राष्ट्रिय श्रम संगठन नं. १६९ जस्ता सन्धि महासन्धि तथा घोषणापत्रका प्रावधानहरूको पालना तथा कार्यान्वयन गराइनेछ ।
- नगरपालिकालाई बालमैत्री, लैंगिकमैत्री भिन्न क्षमता भएका व्यक्तिमैत्री, ज्येष्ठ नागरिकमैत्री र विपन्न वर्गमैत्री बनाउन तदनुसारका नीति प्रतिपादन गरी व्यवहारमा लागू गर्न नगरपालिका संवेदनशील हुनेछ ।

### ङ.६ अपेक्षित उपलब्धि

महिला तथा बालबालिका क्षेत्र विकासका सूचकहरू देहायबमोजिम रहेका छन् :

| क.सं. | सूचकहरू | हालको अवस्था | आगामी लक्ष्य |
|---|---|---|---|
| १ | पुनःस्थापना केन्द्र स्थापना | ० | १ केन्द्र |
| २ | बालमैत्री शासन | ० | १५ वडामा |
| ३ | छुवाछूत मुक्त बस्ती/टोलको घोषणा | | प्रत्येक वडामा १/१ बस्ती टोल |
| ४ | शिशु स्याहार केन्द्रको स्थापना | | १ वटा |
| ५ | महिला सहकारी संस्था | | १५ वटा |
| ६ | महिला विकास कार्यक्रम विस्तार | १० | १५ वटा |

### ङ.७ प्रमुख कार्यक्रमहरू

- खण्डीकृत तथ्यांक संकलन र व्यवस्थापन
- बालमैत्री स्थानीय शासन सञ्चालन र बालमैत्री नगर घोषणा
- महिला विकास कार्यक्रमको सञ्चाालन र विस्तारे
- लैङ्गिक समानता तथा समावेशीकरण मैत्री कार्यक्रम सञ्चालन र व्यवस्थापन
- चेतनामूलक, परम्परागत ज्ञान, सीप अभिवृद्धि, अन्य सीप विकास र रोजगारीमूलक र आयवृद्धि कार्यक्रम
- लैङ्गिक संवेदनशील बजेट तथा लैङ्गिक समानता तथा समावेशी परीक्षण
- क्षमता विकास
- जोखिमयुक्त तथा विपद्मा परेका व्यक्ति वा परिवारलाई पुनःस्थापन र बसोबासको कार्यक्रम
- लोपोन्मुख र आदिवासी जनजातीको भाषा संस्कृतिको संरक्षण र विकास
- स्वास्थ्य बिमालगायत सामाजिक संरक्षण र सुरक्षा कार्यक्रम
- विभेदरहित नगरपालिका क्षेत्रको घोषणा
- भिन्न क्षमता भएकालाई विशेष र लक्षित कार्यक्रम
- ज्येष्ठ नागरिक सम्मान र सुरक्षा कार्यक्रम ।

### ङ.८ सहकार्य रणनीति

| प्रमुख कार्यक्रम | सहकार्य भार (प्रतिशतमा) | | | |
|---|---|---|---|---|
| | निजी क्षेत्र | गै.स.स. | वित्तीय क्षेत्र | नगरपालिका |
| खण्डीकृत तथ्यांक संकलन र व्यवस्थापन | ० | १० | ० | ९० |
| बालमैत्री स्थानीय शासन सञ्चालन र बालमैत्री नगर घोषणा | १० | ८० | ० | १० |

| | | | | |
|---|---|---|---|---|
| महिला विकास कार्यक्रमको सञ्चाालन र विस्तार | ० | २० | ० | ८० |
| लैङ्गिक समानता तथा समावेशीकरण मैत्री कार्यक्रम सञ्चालन र व्यवस्थापन | ० | ५० | ० | ५० |
| परम्परागत ज्ञान, सीप अभिवृद्धि, अन्य सीप विकास र रोजगारीमूलक र आयवृद्धि कार्यक्रम | ० | ४० | ३० | ३० |
| क्षमता विकास | ० | ४० | १० | ५० |
| जोखिमयुक्त तथा विपद्‌मा परेका व्यक्ति वा परिवारलाई पुनःस्थापन | ४० | ५ | १० | ४५ |
| भाषा संस्कृतिको संरक्षण र विकास | ५ | २५ | ० | ७० |
| सामाजिक संरक्षण र सुरक्षा कार्यक्रम | ० | १० | ० | ९० |
| भिन्न क्षमता भएकालाई विशेष र लक्षित कार्यक्रम | २० | ३० | ० | ५० |

- नोटः निजी क्षेत्रले सान्दर्भिकताअनुसार सहकारी र संस्थागत शैक्षिक क्षेत्रसमेत जनाउनेछ । नगरपालिका भन्नाले संघीय र प्रदेश सरकारसमेतको लगानीलाई बुझाउनेछ ।

**सामाजिक क्षेत्रमा प्रक्षेपित लगानी**

नगरपालिकाको पाँचवर्षे आवधिक योजना अवधिमा सबैभन्दा बढी रकम रु. २.४० अर्ब (कुल प्रक्षेपित व्ययको ४१.३३ प्रतिशत) सामाजिक क्षेत्रका लागि खर्च हुने प्रक्षेपण गरिएको छ । सामाजिक क्षेत्रअन्तर्गत हुने खर्चमध्ये शिक्षा, युवा तथा खेलकुदमा सबैभन्दा बढी ३१.१६ प्रतिशत, स्वास्थ्यमा ६.०६ प्रतिशत, खानेपानी तथा सरसफाइमा २.६४ प्रतिशत, संस्कृति प्रवर्द्धनमा ०.५८ प्रतिशत र लैंगिक समानता तथा सामाजिक समावेशीकरणमा ०.८९ प्रतिशत खर्च हुने अनुमान छ । सामाजिक क्षेत्र सम्बद्ध विकास कार्यहरूमा निजी क्षेत्र, गैरसरकारी क्षेत्र र समुदायको अधिकाधिक लगानी एवं सहभागिता रहने अपेक्षा गरिएको हुँदा यस क्षेत्रमा प्रक्षेपित लगानीमध्ये नगरपालिकासँगको सहकार्यमा रु. ७.३० करोड रकम उल्लिखित संघ संस्थाबाट लगानी हुने अपेक्षा गरिएको छ ।

# भाग- ७
# पूर्वाधार विकास

***"गुणस्तरीय पूर्वाधार : नगर विकासको आधार"***

## ७.१ भौतिक पूर्वाधार

### १. विषय प्रवेश

नगरको आर्थिक सामाजिक विकासमा पूर्वाधार विकास अपरिहार्य हुन्छ। नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहमा सिर्जना गरिने स्थानीय भौतिक तथा सामाजिक पूर्वाधार जस्तै- स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र ती सडकमा पर्ने पुल, पुलेसा तथा झोलुंगे पुल, खानेपानी, सिंचाइ, वैकल्पिक ऊर्जा, १०० मे.वा. सम्मका लघु तथा साना जलविद्युत्, विद्यालय, स्वास्थ्य चौकी, केन्द्र, अस्पताल तथा सामुदायिक भवन, कार्यालय भवन र आवास तथा बस्ती विकास, हाटबजार जस्ता पूर्वाधारको निर्माणको कार्य जिम्मेवारीसमेत प्रदान गरेको छ। यसले नगरको समग्र विकासलाई गतिशील बनाउनका साथै आर्थिक सामाजिक अवसरहरूलाई रूपान्तरण गर्दै समृद्धि हासिल गर्न सहयोग पुऱ्याउँछ।

### २. अवसर र चुनौती

दिक्तेल, रूपाकोट मझुवागढी नगरपालिकाको भौतिक पूर्वाधार विकासका लागि प्रसस्त अवसरहरू छन्। खासगरी मध्यपहाडी लोकमार्ग नगरको बीचैबीच भएर गएको छ। यसले नगरपालिका क्षेत्रको विकासमा महत्वपूर्ण भूमिका खेल्न सक्दछ। यसैगरी विशेष गरी जिल्लाको प्रशासनिक सदरमुकामको रूपमा रहेको र संघीय तथा प्रदेशका जिल्ला तहमा रहने महत्वपूर्ण सरकारी कार्यालयहरू यहाँ रहने भएकोले यसले पनि प्रत्यक्ष अप्रत्यक्ष रूपमा नगरको आर्थिक गतिविधिहरूलाई पृष्ठपोषण गर्दछ। सासुखोला, छेपेखोला, भालु खोला विखुवा खोला लप्से खोला पङ्खु खोला, मेवा खोला आदि सिंचाइ र लघु जलविद्युत्का हिसाबले महत्वपूर्ण छन्। स्थानीय स्तरमा हुने विद्युत् उत्पादन र आपूर्तिले विद्युत् सेवालाई विश्वसनीय बनाई स्थानीय तहमा साना तथा मझौला उद्यम व्यवसाय प्रवर्द्धन गर्न सहज हुनेछ। लोकमार्ग निर्माणपश्चात् पूर्वाधार विकासमा आपूर्ति तथा मूल्यमा समेत सहजता सृजना हुने हुन्छ। पानीको उपलब्धता र ढाल परेको जमिन, मुलुककै महत्वपूर्ण मध्यपहाडी लोकमार्ग, नजिकै देशकै महत्वपूर्ण तीर्थस्थल हलेसी रहनु आदि कारण बस्ती विस्तारको अवसर पनि उत्तिकै छ।

यस नगरपालिकाको पूर्वाधार विकासका चुनौतीहरू पनि धेरै छन्। बसाइँसराइको उच्च दर र घट्दो जनसंख्या विकासका दृष्टिले चुनौती बनिरहेको छ। पूर्वाधार विकासमा दक्ष जनशक्तिको अभाव, माझ किरात क्षेत्रको दिक्तेल केन्द्रित व्यापार तथा सेवा क्रमशः लोकमार्ग वरपर छरिँदै जानु जिल्ला स्तरीय कार्यालयहरू विघटन भई सम्बन्धित स्थानीय तहमा समाहित हुनु यसका थप चुनौतीहरू हुन्।

ढाल परेको उच्च भूमि र लोकमार्गसँग जोडिनु सडक सुविधा र बस्ती विस्तारका दृष्टिले सुविधाजनक भए पनि पानीको प्राकृतिक निकास र ढल सञ्जाल निर्माणका दृष्टिले चुनौतीपूर्ण रहिआएको छ। उचित भू-उपयोग योजना (Land use plan) नगरीकन पर्याप्त पूर्वाधारबिना जहाँ पायो

त्यहाँ हुन थालेको निजी प्लानिङ र जग्गाको खण्डीकरण व्यवस्थित सहरीकरणका दृष्टिले चुनौतीपूर्ण छन् ।

**३. विषयक्षेत्र**

यस नगरपालिकाको पूर्वाधार विकासतर्फ निम्न उप-क्षेत्रहरू रहनेछन् :

(क) यातायात पूर्वाधार एवं सहरी तथा कृषि सडक

(ख) साना तथा मझौला सिँचाइ

(ग) विद्युत् उत्पादन र प्रसारण

(घ) एकीकृत बस्ती विकास तथा विपद् पुनर्निर्माण कार्यक्रम

(ङ) भवन पुर्वाधार

(च) सहरी सौन्दर्यीकरण, पार्क, विश्रामस्थल, मनोरञ्जन स्थल

**४. पूर्वाधार क्षेत्रगत रणनीति :**

(क) पूर्वाधार निर्माण विकासका लागि आवश्यकतानुसार सर्वेक्षण, डिजाइन, संम्भाव्याता अध्ययन, डीपीआर तयारी आदि कार्यको मापदणड निर्धारण गरी प्राविधिक अध्ययन गरिने छ । यस्तो कार्यमा प्रदेश, संघीय सरकार तथा विकास साझेदारसँग समेत समन्वय गरी नगरपालिकाभित्र उचित संयन्त्र निर्माण र सहयोग परिचालन गरिनेछ ।

(ख) सडक, पुल, पुलेसा, झोलुङ्गे पुल, सिंचाइ, पोखरीलगायतका पूर्वाधार निर्माण, मर्मतसम्भार, पुनर्निर्माण कार्य सञ्चालनका लागि आवश्यक संयन्त्र निर्माण गरिनेछ र यस कार्यमा संघीय सरकार प्रदेश सरकार तथा विकास साझेदारको सहयोग समेत आवश्यकतानुसार समन्वय गरी परिचालन गरिनेछ ।

**(क) यातायात पूर्वाधार एवं सहरी तथा कृषि सडक**

**क.१ पृष्ठभूमि**

नगरको भौतिक विकास धेरै हदसम्म त्यस नगरमा विद्यमान तथा भविष्यमा विस्तार हुने यातायात पूर्वाधारको सुविधाले निर्धारण गर्ने गर्दछ । नगर विकास आवधिक योजनाले परिकल्पना गरेको पूर्वाधार विकासको स्वरूपलाई मूर्तरूप दिन नगर सडकहरूको निर्माण, विस्तार एवम् स्तारोन्नती, मर्मत सम्भार र सुधार गर्दै जानु नितान्त आवश्यक हुन्छ । यसले आर्थिक क्रियाकलापलाई वृद्धि गर्नका साथै कृषि, उद्योग, पर्यटन, व्यापार, व्यवसाय, जलविद्युत्, शिक्षा, स्वास्थ्य जस्ता आधारभूत सेवा सुविधामा नागरिकको पहुँच बढाउनका साथै सेवा प्रवाह गर्नसमेत सहयोग पुऱ्याउँदछ ।

**क.२ वर्तमान अवस्था**

दिक्तेल, रूपाकोट मझुवागढी नगरपालिकाभित्र कच्ची सडक, खण्डास्मिथ (ग्राभेल) र कालोपत्रे सडक मिलाएर कुल लम्बाइ करिब ७५४ कि.मि. छ । कुल लम्बाइमध्ये करिब १ कि.मि. बाटो कालोपत्रे (ढलान) भएको छ भने ग्राभेल सडक १४ कि.मि. र ६४२ कि.मि. बाटो धुले अर्थात् कच्ची सडक रहेको छ । वर्तमान अवस्थामा उपलब्ध बाटोहरूले नगरपालिकाको करिब सबै वडाहरूमा यातायात सुविधा पुऱ्याइरहेको छ ।

यसैगरी यस नगरपालिकाभित्र कुल ८० वटा पुल पुलेसा रहेको देखिन्छ । यीमध्ये २१ वटा काठे, ६ वटा पक्की, ४७ वटा झोलुंगे र ७६ वटा ट्रस पुलरहेका छ । अनुपातिक रूपमा यी पुलमध्ये

७० प्रतिशत झोलुंगे, १२ प्रतिशत काठका, १० प्रतिशत ट्रस गरेका र९ प्रतिशत पक्की पुलहरू रहेका छन् । यस आधारमा झोलुंगे पुलको संख्या तुलनात्मक रूपमा बढी छ भने पक्की पुलको संख्या निकै कम रहेको छ ।

माथि उल्लिखित पुलहरूमध्ये जम्मा २८ वटा राम्रो अवस्थामा रहेका छन् । यसैगरी २९ वटा ठिकै वा काम चलाउ अवस्था रहेका छन् भने १२ वटा जीर्ण अवस्थामा रहेका छन् । यस आधारमा काम चलाउ र जीर्ण अवस्थाका पुलहरूलाई थप मर्मत र स्तरोन्नति गरी सञ्चालन गर्नुपर्ने देखिन्छ ।

नगरमा करिब २०० मि. ढल रहेको छ, अधिकांश नगर सडक कच्ची भएकाले नालाको व्यवस्था हुन सकेको छैन । नगरको सहरी क्षेत्रमा सतह ढल र समग्रतामा सडक नालीहरूको व्यवस्थापन क्रमशः जटिल समस्याका रूपमा देखिन थालेको छ । सडक निर्माणका क्रममा ढल निर्माण नहुनु, भिरालो भूबनोटको भूभागमा नालाको पानी निकासको उपयुक्त व्यवस्थापन हुन नसक्दा सडकको आयु कम हुनका साथै भूक्षय र वातावरणीय समस्याहरू पनि देखिएका छन् । जिल्ला सदरमुकामस्थित यस नगरको सहरी क्षेत्रमा बस्तीहरूको विस्तारअनुसार नाला, चर्पीको निकासका लागि आवश्यक ढल (Sewer Lines) तथा फोहर व्यवस्थापन हुन सकेको छैन । मुख्य सहर क्षेत्रमा रहेको ढल पनि ढकनी नहुनु, फोहोर आदि फ्याँक्ने, समयमा सरसफाइ नहुने आदि कारणले फोहर थुप्रिने, पानी जम्ने स्थिति छ । सडक तथा बस्ती विस्तारअनुसार आवश्यक मात्रामा ढल तथा नालीको विस्तार हुन सकेको छैन । ढल निकासको उचित व्यवस्थाबिना व्यवस्थित सहरी विकासको परिकल्पना हुन सक्दैन । अतः नगरको व्यवस्थित विकासका लागि ढल, नाला तथा फोहरमैला विसर्जनको व्यवस्था गर्दै जानु आवश्यक देखिन्छ ।

### क.३ अवसर र चुनौती

नगरपालिकाभित्रका अधिकांश सडकहरू कच्ची प्रकृतिका रहेका कारण सबै आयाममा यातायात सञ्चालन गर्न कठिनाइ रहेको छ, साथै कच्ची सडक, पुलपुलेसाका जीर्ण पुलपुलेसाको मर्मत सम्भार तथा पुनर्स्थापन गर्न ठूलो लगानी बहन गर्नुपर्ने देखिन्छ । यसैगरी सबै वडा तथा बस्तीमा बाह्रै महिना यातायात सञ्चालन हुन स्तरोन्नति गरी खण्डास्मित वा कालोपत्रे गर्नुपर्ने अवस्था छ । सडक निर्माण संगै नालाको आवश्यकता पर्ने त्यसमा पनि भिरालो जमिनमा नाला तथा निकासको व्यवस्थापन वातावरणीय हिसाबले थप क्षयीकरण हुन नदिई गर्न चुनौतीपूर्ण हुन आउँछ ।

सहरी क्षेत्रको घना बस्तीमा पक्की सडक सञ्जाल निर्माण तथा विस्तार गर्न साविकका संरचनाले सहजता पुऱ्याउने देखिँदैन ।

मध्यपहाडी लोकमार्ग र तराई जोड्ने सडक तथा जिल्लाको उत्तरी भेग ऐंसेलुखर्कसम्म जोड्ने सडक सञ्जाल रहनु, नगरपालिका प्रायः सबै वडा कच्ची नै भए तापनि सडक सञ्जालबाट जोडिनु, आवागमनका लागि कमजोरै अवस्थाका भए पनि पुलपुलेसाहरू विद्यमान रहनु, र सडक निर्माणमा जनसहभागिता पर्याप्त प्राप्त हुन सक्नु नगरपालिकाले विकास योजनामा सडक पूर्वाधारलाई उच्च प्राथमिकता दिनुले सडक सञ्जालको निर्माण तथा विकासको अवसर पर्याप्त सृजना भएका छन् । नगरभित्र सञ्चालित यातायातको बसपार्क र बिसौनीको समुचित व्यवस्थापन हुन नसक्दा बढ्दो यातायात व्यवस्थापनमा कठिनाइ महसुस गरिएको छ ।

### क.४ उद्देश्य

मुख्य सडक विन्दुबाट १५ मिनेटभित्र सडकमा पहुँच हुने गरी यातायात पूर्वाधारको विकास र निर्माण भएको हुनेछ ।

## क.५ रणनीति

- मध्य पहाडी राजमार्गबाट दिक्तेल बजार क्षेत्रभित्र कालो पत्रे सडक निर्माण गरिनेछ ।
- नगरपालिकाको केन्द्र/मध्यपहाडी सडकदेखि प्रत्येक वडा केन्द्रसम्म १२ महिना यातायात सञ्चालन हुने गरी सडकको पहुँच पुऱ्याउने ।
- हरेक टोल बस्तीबाट १५ मिनेटको पैदल दूरीमा कच्ची सडकको व्यवस्था गर्ने ।
- वडा कार्यालयहरू बुइपा, नुनथला, विजयखर्क, नेर्पा, पाथेका, जालपा, खार्मी, दोर्पा १ र २, निर्मली, दिक्तेल १, २ सम्मका वडा सेवा केन्द्रसम्म पक्की सडक पुऱ्याइनेछ ।
- दिक्तेलको तोकिएको बसपार्कलाई हव बनाई नेटवर्क मोडलमा सडक सञ्जालको स्तरोन्नति गरी यातायात सेवा सुरु गरिनेछ ।
- स्थानीय सडक स्तरोन्नति गरी नगर यातायात सञ्चालन गर्ने गराउने व्यवस्था मिलाइने छ (विजयखर्क-वुइपा-महुरे-दिक्तेल-पाथेका, खार्मी-सोल्मा-दिक्तेल-लफ्याङ, खाल्ले/खानीडाँडा-दिक्तेल-हुर्लुङ-जालपा-ऐंसेलुखर्क,रावावेशी-बिजुले-नुनथला-दिक्तेल-नेर्पा-दोर्पा-दुम्ली, निर्मलीडाँडा-वुवासुङ-दिक्तेल-नुनथला-विजुले-हलेसी रुट)
- वडा केन्द्रदेखि वडामा रहेका मा.बि., स्वास्थ्य चौकी लगायतका सरकारी कार्यालयहरू, सामुदायिक भवनहरूसम्म पुग्ने गरी सडक विस्तार गरिनेछ ।
- नगर क्षेत्रभित्रका कृषि पकेट क्षेत्र, औद्योगिक ग्राम र पर्यटकीय स्थलहरूलाई मुख्य बजार केन्द्रसँग आबद्ध हुने गरी सडक सञ्जालको निर्माण गरिनेछ ।
- जिल्लाका अन्य नगरपालिका तथा गाउँपालिकाहरूसँग समन्वय गरी स्थानीय सडक सञ्जालसँग जोडिने गरी नगर सडकहरूको विकास गर्दै लगिनेछ ।
- वडा विद्यमान बसपार्कलाई टर्मिनलसहितको व्यवस्थित सुविधा सम्पन्न बनाइनेछ ।
- प्रत्येक वडाको उपयुक्त स्थानमा आवश्यकताअनुसार व्यवस्थित यातायात साधन विश्रामस्थल निर्माण गरिनेछ ।
- नगर क्षेत्रको घनाबस्ती वा बजार क्षेत्रमा व्यवस्थित पार्किङ स्थालको निर्माण गरिनेछ ।
- नगर सडकको वर्गीकरणअनुसार सडक क्षेत्र (Right of way) निर्धारण गरी हरियाली सडक निर्माण गर्ने नीति लिइनेछ ।
- आवश्यक स्थान र चौबाटोहरूमा ट्राफिक पोष्टको व्यवस्था गरी यातायात सुरक्षा मापदण्डहरूको अवलम्बन भएको हुनेछ ।
- सडक यातायात सुरक्षाका आधारभूत व्यवस्थाहरू (ट्राफिक सिग्नल, दुर्घटनाग्रस्त क्षेत्रको संकेत, मोड सुधार) कायम गरिनेछ ।
- अन्तर स्थानीय निकाय समन्वयबाट पूर्वाधार निर्माणको गुणस्तर मापनका लागि पूर्वाधार ल्याबको व्यवस्था गरिनेछ ।
- नगरपालिकाबाट वडा कार्यालयसम्म पुग्ने सडकहरू नगर सडक मापदण्डअनुसारको हुनेछन् ।
- सहरी सडकको आवश्यकताअनुसार दुवैतर्फ नाली र आवश्यकताअनुसार ढल व्यवस्थापन हुनेछ ।

- सडकलाई सबै याममा (All weather) सञ्चालन हुन सक्ने गरी आवश्यक पुल पुलेसा, कजवे तथा फ्लड वेहरूको निर्माण गरिनेछ ।
- आवश्यक स्थानमा आवागमन सुचारु गर्न झोलुङ्गे पुलहरूको निर्माण र स्तरोन्नति गरिनेछ ।
- सडक सीमाको अधिकार क्षेत्र (ROW) नगरको मापदण्डअनुसार तोकिनेछ ।
- सहरी तथा घना बस्तीमा सडक निर्माणमा पैदल यात्रुका लागि सडकपेटीको निर्माण र बत्तीको व्यवस्था हुनेछ ।
- नगर क्षेत्रका झोलुङ्गे पुलहरूको नियमित मर्मत सम्भार गरी सुचारु गरिनेछ । सडक सञ्जालमा जोडिएर प्रयोगविहीन हुने झोलुङ्गे पुलहरूलाई पर्यटकीय उपजको रूपमा वैकल्पिक उपयोग गर्ने नीति अवलम्बन गरिनेछ ।
- नगर क्षेत्रभित्रका सडक, सडक क्षेत्र, पुल पुलेसाजस्ता सृजित सम्पत्तिको अभिलेख राखी नियमित मर्मत सम्भार योजना तयार गरी कार्यान्वयन गरिनेछ ।
- नगरस्तरीय सडकमा लगानी गर्दा व्यक्तिगत स्वामित्वबाट लगत कट्टा गरी सार्वजनिक भएको विषय स्थानीय राजपत्रमा प्रकाशित गरिनेछ ।
- निर्माण गरिने र भएका भौतिक तथा सामाजिक पूर्वाधारहरूलाई बालबालिका, लैंगिक, ज्येष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति तथा वातावरणमैत्री हुने गरी निर्माण, सुधार गरिनेछ ।

## क.६ उपलब्धि लक्ष्य

पूर्वाधार विकासका लक्ष्यहरू (Target) देहायबमोजिम रहेका छन् ।

| क्र.सं | सूचक लक्ष्य | आ.ब. ०७४/ ७५ को अवस्था | आवधिक योजनाको लक्ष्य ०७८/७९ मा) |
|---|---|---|---|
| १ | नगर सडक सञ्जाल | | |
| १.१ | कालोपत्रे (पक्की सडक) | ०.१४ कि.मि. | १०० |
| १.२ | खण्डास्मित (ग्राभेल) | १३९ कि.मि. | ५०० |
| १.३ | धुले सडक (कच्ची) | ६३५ कि.मि. | ६०० |
| २ | बसपार्क निर्माण र स्तरोन्नति, बस बिसौनी निर्माण | - | २ वटा बसपार्क १०० वटा बिसौनी |

## क.७. प्रमुख कार्यक्रमहरू

- नगर यातायात गुरुयोजना निर्माण,
- सहरी सडक स्तरोन्नति कार्यक्रम,
- मध्य पहाडीमार्गसँग जोडिने गरी कृषि सडक कार्यक्रम
- नगर सडक सञ्जाल कार्यक्रम,
- सडक सुरक्षा कार्यक्रम,
- अभिलेख व्यवस्थापन कार्यक्रम,

- हरित सडक निर्माण तथा विस्तार,
- २ वटा बसपार्कको स्तरोन्नति
- १०० वटा बस बिसौनीहरूको निर्माण

**क.८ सहकार्य रणनीति**

| प्रमुख कार्यक्रम | सहकार्य भार (प्रतिशतमा) | | | |
|---|---|---|---|---|
| | निजी क्षेत्र | गै.स.स. | वित्तीय क्षेत्र | नगरपालिका |
| सहरी सडक स्तरोन्नति कार्यक्रम | १५ | ० | ० | ८५ |
| मध्यपहाडी मार्गसँग जोडिने कृषि सडक | १५ | ० | ० | ८५ |
| नगर सडक सञ्जाल विकास कार्यक्रम | १५ | ० | २० | ६५ |
| सडक सुरक्षा कार्यक्रम | १० | १० | ५ | ७५ |
| अभिलेख व्यवस्थापन कार्यक्रम | ० | ० | ० | १०० |
| हरित सडक निर्माण र विस्तार | १५ | ४० | ५ | ४० |
| वसपार्क स्तरोन्नति र बस बिसौनी निर्माण | २५ | १० | १० | ५५ |

- नोटः निजी क्षेत्रले सान्दर्भिकताअनुसार सहकारी र संस्थागत शैक्षिक क्षेत्रसमेत जनाउनेछ। नगरपालिका भन्नाले संघीय र प्रदेश सरकारसमेतको लगानीलाई बुझाउनेछ।

**(ख) सिँचाइ**

**ख.१ पृष्ठभूमि**

अधिकांश जनसंख्या कृषि पेसामा निर्भर रहेको यस नगरमा कृषिको उत्पादन, उत्पादकत्व वृद्धिदर बालीको विविधिकरण गर्न सिंचाइ सुविधाले ठूलो महत्व राख्दछ।

**ख.२ विद्यमान अवस्था**

खोला किनाराका फाँटहरूमा कृषकले सिंचाइ गरी कृषि उत्पादन हुने गरेको छ। नगरमा खेतीयोग्य भूभाग १२५४८ हेक्टरमध्ये जम्मा ३५८४ हेक्टरमा करिब २९ प्रतिशत क्षेत्रफलमा मात्र सिंचाइ सुविधा पुग्न सकेको छ।

**ख.३ अवसर र चुनौती**

समथर किसिमका स-साना टारयुक्त भुभाग, खोलानाला तथा पानीको स्रोतको उपलब्धताले नगरपालिका क्षेत्रमा सिंचाइका सम्भावना राम्रो रहेको छ।उपलब्ध सम्भाव्य पानीको स्रोतबाट एकीकृत र समन्वयात्मक रूपमा सिंचाइको व्यवस्था गरी सिंचाइको कमान्ड एरिया सिञ्चित क्षेत्र विस्तार गर्ने पर्याप्त सम्भावनाहरू देखिन्छन्। बर्तमानमा आकाशे पानी सञ्चिती तथा वैकल्पिक सिंचाइका प्रविधि (थोपा सिंचाइ, स्प्रिङकल सिंचाइ, छानाको पानी संकलन) अवलम्बन गरी कृषि उत्पादनमा वृद्धि गर्न सकिने सम्भावनाहरू रहेका छन्।

नगरपालिकामा सिंचाइ अनुकूलको क्षेत्रफल न्यून हुनु, बनेका सिंचाइ पूर्वाधारहरूको नियमित मर्मत सम्भार भई सुचारु हुन नसक्नु, वैकल्पिक सिंचाइका प्रविधिहरू प्रयोगमा आउन नसक्नु, पानीको स्रोतको बहुआयामिक प्रयोग र व्यवस्थापन हुन नसक्नु, कृषिप्रति युवाहरूको आकर्षणमा कमी, भएका मुहानहरू सुक्दै जानु र पानीको पुनः संरक्षण (recharge) मा ध्यान नजानु, अव्यवस्थित बस्ती विकासबाट पानीको उचित व्यवस्थापन हुन नसक्नु आदि चुनौतीहरू देखिएका छन्।

**ख.४ उद्देश्य**

- कृषियोग्य भूमिमा थप २१ प्रतिशत सिंचाइ उपलब्ध भई सिञ्चित क्षेत्र विस्तार हुनुका साथै सिञ्चित क्षेत्रको ५० प्रतिशत क्षेत्र १२ महिना सिँचाइ सुविधा उपलब्ध हुनेछ ।

**ख.५ रणनीति**

- सिंचाइ सम्भावना भएका खेतीयोग्य जमिन पहिचान गरी स्थायी स्रोतबाट व्यवस्थित १२ महिना चल्ने सिंचाइ सुविधा उपलब्ध गराइनेछ ।
- स्रोत कम भएका ठाउँमा थोपा सिंचाइ तथा प्लास्टिक पोखरीको व्यवस्थापनमा प्राथमिकता दिइनेछ ।
- पानीको स्रोतको समुचित व्यवस्थापन गर्न बहुआयामिक (Multiple Use) पानीको प्रयोग गरी सिञ्चित क्षेत्र विस्तार गरिनेछ ।
- सिञ्चित क्षेत्रमा आधुनिक र व्यावसायिक कृषि प्रणाली लागू तथा विविधिकरण गरिनेछ ।
- पानीको बहावको उचित व्यवस्थापन गरी भूक्षय रोक्नुका साथै उचित प्रविधिको अवलम्बन गरी पानीको अधिकतम उपयोग गरिनेछ ।

**ख.६ उपलब्धि लक्ष्य**

| क.सं | सूचक लक्ष्य | आ.ब. ०७४/७५ को अवस्था | आवधिक योजनाको लक्ष्य ०७८/७९ मा) |
|---|---|---|---|
| १ | **सिंचाइ हेक्टरमा** | १५,२४४ हे. | १६,५०० |
| २ | **वैकल्पिक सिंचाइ** | | |
| २.१ | एक बस्ती एक पोखरी | | ३० |
| २.२ | बहुआयामीक सिंचाइ कार्यक्रम | | ५०० |
| २.३ | पानीको बहाव व्यवस्थापन कार्यक्रम | | १५ |

**ख.७ प्रमुख कार्यक्रमहरू**

- साना तथा मझौला सिंचाइ कार्यक्रम
- कुलो सुधार कार्यक्रम
- पोखरी निर्माण कार्यक्रम
- वैकल्पिक सिंचाइ (आकाशे पानी संकलन, थोपा सिंचाइ आदि) व्यवस्थापन
- जल उत्पन्न प्रकोप नियन्त्रण ।

**ख.८ सहकार्य रणनीति**

| प्रमुख कार्यक्रम | सहकार्य भार (प्रतिशतमा) | | | |
|---|---|---|---|---|
| | निजी क्षेत्र | गै.स.स. | वित्तीय क्षेत्र | नगरपालिका |
| साना तथा मझौला सिंचाइ कार्यक्रम | १५ | ६० | ० | २५ |
| कुलो सुधार कार्यक्रम | १५ | ३५ | ० | ५० |
| पोखरी निर्माण कार्यक्रम | १५ | ४० | ० | ४५ |
| वैकल्पिक सिंचाइ (आकाशेपानी संकलन, थोपा सिंचाइ आदि | ३० | ६० | ० | १० |
| जल उत्पन्न प्रकोप नियन्त्रण | १५ | २० | ० | ६५ |

- नोटः निजी क्षेत्रले सान्दर्भिकताअनुसार सहकारी र संस्थागत शैक्षिक क्षेत्रसमेत जनाउनेछ। नगरपालिका भन्नाले संघीय र प्रदेश सरकारसमेतको लगानीलाई बुझाउनेछ।

## (ग) विद्युत् र ऊर्जा

### ग.१. पृष्ठभूमि

नगरको आधुनिकीकरण तथा पूर्वाधार विकास तथा उद्यम व्यवसायको विस्तारमा ऊर्जाको महत्वपूर्ण भूमिका रहन्छ। यसमा ऊर्जाका सम्भाव्य विभिन्न स्रोतहरू जस्तै- बायोग्यास, सौर्य ऊर्जा, लघु जलविद्युत् तथा राष्ट्रिय ग्रिड प्रणाली रहेका छन्। नगरमा विद्युत्/ऊर्जाको आपूर्तिद्वारा उद्योग व्यापार, व्यवसाय प्रवर्द्धनका साथै दैनिक जनजीबनलाई सहज बनाउन सहयोग पुग्दछ। ऊर्जाको सहज उपलब्धता र प्रयोगले दाउरा र ग्यासको बचत हुन गई वातावरणीय योगदान पुऱ्याउनका साथै आयात प्रतिस्थापन गर्नसमेत मद्दत पुग्ने हुन्छ।

### ग.२. वर्तमान अवस्था

जनगणना २०११ को आँकडाअनुसार यस नगरपालिकाभित्र करिब ८७ प्रतिशत घरधुरीमा बिजुलीको पहुँच पुगेको देखिन्छ। जसमध्ये करिब ७ प्रतिशतले सोलार र १ प्रतिशतले बायोग्यासलाई बत्तीको स्रोतको रूपमा प्रयोग गर्ने देखिन्छ। यसै गरी करिब १० प्रतिशतले बत्तीका लागि मट्टीतेल प्रयोग गर्ने देखिन्छ। नगरपालिकाको पछिल्लो तथ्याङ्कअनुसार जनगणनापश्चात्को अवधिमा विद्युत्को पहुँचमा उल्लेख्य सुधार आएको छ।

यस नगरको मेवाखोलामा १ मेगावाट तथा पाथेकामा गरी दुई वटा लघु जलबिद्युत् आयोजना सञ्चालनमा रहेका छन्। उक्त आयोजनाहरूले क्रमशः १ मेगावाटभन्दा बढी विजुली उत्पादनबाट प्राप्त भइरहेको छ।

### ग.३. अवसर र चुनौती

नगरको सबै क्षेत्रमा आधारभूत सहरी पूर्वाधारसँगै विद्युत् विस्तार प्रसारणलाइनको विस्तार गर्न सक्ने अवसर रहको छ। यसैगरी स्थानीय खोलानालाहरूबाट लघु तथा साना जलविद्युत् परियोजनाद्वारा थप विद्युत् उत्पादनको अवसरसमेत रहेको छ। स्थानीय उत्पादनले विकासको लागत किफायती बनाउँदछ। निर्माणाधीन दूधकोसी योजना सम्पन्न हुने भएपछि राष्ट्रिय ग्रीड प्रणालीमा आबद्ध भई थप विद्युत् उपलब्ध हुन सक्ने अवस्था रहेको छ।

नगरको अधिकांश भाग ग्रामीण प्रकृतिको भएको र छरिएको बस्तीसम्म विद्युत् सेवा पुऱ्याउन लागत बढी र मर्मतसम्भार महँगो हुने हुन्छ। जसका लागि ठूलो स्रोतको जगेर्ना गर्नु पर्ने हुन्छ।

यसैगरी पर्याप्त र नियमित विद्युत् आपूर्तिको अभावमा उद्योग व्यवसायको उत्पादनमा अवरोध हुनका साथै लगानी समेत आकर्षित हुन सकेको छैन ।

**ग.४. उद्देश्य**

- नगरपालिकाभित्रका सबै घरधुरीहरूमा १२ महिना विद्युत् सेवा उपलब्ध गराइनेछ जसअन्तर्गत केन्द्रीय प्रसारण लाइनबाट ९० प्रतिशत नवीकरणीय ऊर्जाबाट १० विद्युत्को आपूर्ति गरिनेछ ।

**ग.५. रणनीति**

- प्राधिकरणको नियमअनुसार फलामे खम्बा (पोल) द्वारा लाइन विस्तार गरिनेछ ।
- १५ वटै वडामा केन्द्रीय विद्युत् ग्रिडबाट विद्युत् आपूर्तिको व्यवस्था मिलाइनेछ ।
- नगरपालिकाभित्रका सबै काठे पोलहरू विस्थापित गरी फलामे पोल प्रयोग गरिनेछ ।
- कम क्षमता भएको ट्रान्सफरमरहरूलाई क्षमता वृद्धि गराई विद्युत् लाइन विस्तार गर्नुपर्नेछ ।
- नगर क्षेत्रभित्र सम्भाव्य थप लघु जलविद्युत् आयोजनाको सञ्चालन गरिनेछ ।
- वैकल्पिक ऊर्जाको उत्पादन र विकास (बायोग्यास र सौर्य ऊर्जा आदि) गर्न प्रोत्साही गरिनेछ र दाउराको बचत गर्न धूवाँरहित चुलो जडान कार्यलाई प्रवर्द्धन गरिनेछ ।
- प्रत्येक वडा कार्यालय विशेष स्थान र सडक पेटीमा क्रमशः सौर्य बत्तीको जडान गरिनेछ ।
- विद्युत् चुहावट न्यूनीकरणका सबै उपाय अवलम्बन गरिनेछ ।

**ग.६. उपलब्धि लक्ष्य**

| क्र.सं | सूचक लक्ष्य | आ.ब. ०७४/ ७५ को अवस्था | आवधिक योजनाको लक्ष्य ०७८/७९ मा) |
|---|---|---|---|
| १ | विद्युत् पहुँच प्राप्त जनसंख्या र प्रतिशत | ८८ प्रतिशत | १०० |

**ग.७. प्रमुख कार्यक्रमहरू**

- साना तथा लघु जलविद्युत् आयोजना
- विद्युत् वितरण प्रणालीको विस्तार र सुधार
- काठे खम्बा (पोल) र पुराना ट्रान्सफरमरको विस्थापन
- बैकल्पिक ऊर्जा उत्पादन र विकास ।

**ग.८ सहकार्य रणनीति**

| प्रमुख कार्यक्रम | सहकार्य भार (प्रतिशतमा) | | | |
|---|---|---|---|---|
| | निजी क्षेत्र | गै.स.स. | वित्तीय क्षेत्र | नगरपालिका |
| साना तथा लघु जलविद्युत् आयोजना | ३० | २५ | १० | ३५ |
| विद्युत् वितरण प्रणालीको विस्तार र सुधार | १५ | ० | ० | ८५ |
| काठे खम्बा (पोल) र पुराना ट्रान्सफरमरको विस्थापन | १० | ० | ० | ९० |
| बैकल्पिक ऊर्जा उत्पादन र विकास | १५ | ५० | १० | २५ |

- नोटः निजी क्षेत्रले सान्दर्भिकताअनुसार सहकारी र संस्थागत शैक्षिक क्षेत्रसमेत जनाउनेछ । नगरपालिका भन्नाले संघीय र प्रदेश सरकारसमेतको लगानीलाई बुझाउनेछ ।

## (घ) बस्ती विकास र विपद् पुनर्निर्माण

### घ.१. पृष्ठभूमि

छरिएर रहेका बस्ती तथा घरहरूलाई समुचित सेवा सुविधा उपलब्ध गराउन कठिन हुन्छ। जोखिममा रहेका परिवारहरूलाई बसोबास गराउँदा समुचित र व्यवस्थित बसोबासका माध्यमबाट बस्ती विकास गर्नुपर्ने हुन आउँछ। यसका लागि भूमि व्यवस्थापन र एकीकृत नगर विकास योजनाका आधारमा नगरमा व्यवस्थित बस्ती विकास गर्नु आवश्यक हुन्छ।

### घ.२. वर्तमान अवस्था

नगरपालिका क्षेत्रका बस्तीहरू योजनाबद्ध रूपमा नभई स्थानीय अवस्था र आवश्यकताअनुसार विकास र विस्तार भएका हुन्। मुख्य सहरी क्षेत्रमा परम्परागत बजारका रूपमा सानो सहरी बस्तीहरूको विकास हुनका साथै जिल्ला सदरमुकाम भएका कारण सरकारी कार्यालयहरू यत्रतत्र छरिएर निर्माण भएका छन्। नयाँ नगरपालिका भएकाले पछिमात्र भवन निर्माण मापदण्ड प्रारम्भ भएको छ। यसको अनुपालना गरी निर्माण गरिने भवनहरूबाट नगरको सुन्दरता, स्वच्छ वातावरण तथा निर्मित वातावरणमा ह्रास आउन नदिनका साथै भूकम्पीय जोखिमको न्यूनीकरण र बारुणयन्त्र तथा अन्य आधारभूत सेवा उपलब्ध गराउन सहज हुने हुन्छ। नगरपालिकाका हालसम्म भू-उपयोग योजना निर्माण भइनसकेकोले भूउपयोग योजनाअनुसार र एकीकृत सहरी विकास एवं व्यवस्थित बस्ती विकासका लागि निश्चित क्षेत्रसमेत निर्धारण हुन सकेको छैन।

### घ.३. अवसर र चुनौती

सदरमुकाममा अवस्थित यस नगरपालिकामा कम जनघनत्व, मुख्य बजार क्षेत्रबाहेकका क्षेत्रमा सडक विस्तारका लागि मापदण्ड कार्यान्वयन गर्न सक्ने अवस्था, भूबनोटका हिसाबले बस्ती विकासका लागि उपयुक्त, खानेपानी तथा विद्युत्को उपलब्धता जस्ता सुविधाहरूले नगरमा व्यवस्थित बस्ती विकासका राम्रा अवसरहरू रहेका छन्। यस नगरपालिकामा पनि एकीकृत केन्द्रीयस्तरको कार्यक्रम एकीकृत सहरी बस्ती योजना लागू गर्ने गरी छनोट भएकाले नगर क्षेत्रको एकीकृत बस्ती विकासको सम्भावना प्रचुर रहेको छ।

नगरको व्यवस्थित विकासका सन्दर्भमा उपयुक्त बस्ती विकास योजना कार्यान्वयनमा ल्याउन, भूउयोग योजनाबमोजिम जमिनको दीर्घकालीन प्रयोग चुनौतीको रूपमा दुवै रहेका छन्। साँघुरो सडक र अव्यवस्थित रहेको पुरानो बजार क्षेत्रमा भूकम्पीय र अन्य विपद् व्यवस्थापन गरी सुरक्षित बसोबास गराउनु थप चुनौतीको रूपमा रहेको छ।

### घ.४. उद्देश्य

बसिसकेको बस्तीमा आधारभूत सहरी सुविधाको उपलब्धताका साथै व्यवस्थित बस्ती विकासको मापदण्ड निर्धारण गरी एकीकृत सहरी विकास योजनाका आधारमा व्यवस्थित बसोबासको व्यवस्था भएको हुनेछ।

### घ.५. रणनीति

- नगरपालिका क्षेत्रभित्र बन्ने सबै घरहरूमापदण्डअनुसार भूकम्प प्रतिरोधात्मक हुनेछन्।
- भूकम्प पुनर्निर्माण कार्यक्रमअन्तर्गतका क्षतिग्रस्त १,५१० घर निर्माण हुनुका साथै ती घरपरिवारलाई आवश्यक सेवा सुविधाहरू उपलब्ध गराइनेछ।
- नगर क्षेत्रभित्रका पुराना बजारहरूलाई संरक्षण गर्दै सम्भावित स्थान हेरी दिक्तेल बजार (वडा नं. १) बाहेक प्रत्येक वडामा एक-एक वटा एकीकृत बस्ती विकास गरिनेछ।

- एकीकृत बस्ती विकास कार्यक्रममा भूकम्प पुनर्निर्माण, विपद् प्रभावित गरिब, अतिगरिब र दलित वर्गका गरिब नगरबासीलाई प्रथमिकता दिइनेछ ।
- भू-उपयोग योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।
- एकीकृत सहरी विकास योजना तर्जुमा गरी कार्यान्वयनमा आउनेछ ।
- व्यवस्थित बस्ती घडेरी विकाससम्बन्धी कामका लागि स्वीकृत मापदण्डअनुसार कार्यान्वयन गरिनेछ ।
- कृषियोग्य जमिनमा बस्ती विकासलाई निरुत्साहित गरिनेछ, ।
- नयाँ बस्ती विकास हुने स्थानको प्रवर्द्धन गरी आधारभूत सेवा सुविधाको व्यवस्था हुनेछ ।

### घ.६. उपलब्धि लक्ष्य

| क.सं | सूचक लक्ष्य | आ.ब. ०७४/ ७५ को अवस्था | आवधिक योजनाको लक्ष्य ०७८/७९ मा) |
|---|---|---|---|
| १ | भूकम्प प्रभावित घर पुनर्निर्माण | ० | १५१० घर निर्माण |
| २ | एकीकृत बस्ती विकास (प्रत्येक बस्तीमा न्यूनतम १०० घर निर्माण) | ० | १४ |
| ३ | व्यवस्थित वस्ती तथा घडेरी विकास | ० | ३ |
| ४ | भूउपयोग र सहरी विकास योजना तर्जुमा र कार्यान्वयन | ० | २ |

### घ.७. प्रमुख कार्यक्रमहरू

- भवन आवास मापदण्ड (Building code) कार्यान्वन,
- एकीकृत सहरी विकास योजनाअन्तर्गतका कार्यक्रमहरू,
- जग्गा एकीकरण तथा व्यवस्थित बस्ती विकास कार्यक्रम,
- भुकम्प प्रभावित घर बस्ती पुननिर्माण,
- एकीकृत बस्ती विकास ।

### घ.८ सहकार्य रणनीति

| प्रमुख कार्यक्रम | सहकार्य भार (प्रतिशतमा) | | | |
|---|---|---|---|---|
| | निजी क्षेत्र | गै.स.स. | वित्तीय क्षेत्र | नगरपालिका |
| भूकम्प प्रभावित घर पुनर्निर्माण | ७० | ५ | १० | १५ |
| एकीकृत बस्ती विकास | ६५ | ५ | २० | १० |
| व्यवस्थित बस्ती तथा घडेरी विकास | ६५ | ५ | २० | १० |
| भूउपयोग र सहरी विकास योजना तर्जुमा र कार्यान्वयन | १५ | १५ | ० | ७० |

- नोटः निजी क्षेत्रले सान्दर्भिकताअनुसार सहकारी र संस्थागत शैक्षिक क्षेत्रसमेत जनाउनेछ । नगरपालिका भन्नाले संघीय र प्रदेश सरकारसमेतको लगानीलाई बुझाउनेछ ।

## (ङ) सार्वजनिक भवन तथा अन्य पूर्वाधार

### ङ.१. पृष्ठभूमि

स्थानीय सरकारको रूपमा रहेको नगरपालिकालाई शिक्षा, स्वास्थ्य जस्ता आवश्यक सेवा प्रवाहका साथै सामुदायिक कार्यका निमित्तसमेत आधारभूत भवन तथा पूर्वाधार आवश्यक हुन्छ। यसैगरी नगर क्षेत्रको आधारभूत पूर्वाधारका अन्य क्षेत्रमा पार्क तथा मनोरञ्जन स्थल, पर्यटन पूर्वाधार, खेलकुद मैदान, सामुदायिक भवनलगायतका अन्य पूर्वाधारहरूसमेत आवश्यक पर्दछन् ।

### ङ.२. वर्तमान अवस्था

बर्तमान अवस्थामा नगरपालिकाको भवन समेत भाडामा बस्दै आएको छ । त्यसै गरी कतिपय वडाकार्यालयहरूको आफ्नो भवन नभई सेवा प्रवाहमा असर परिरहेको छ । साविकका सेवा केन्द्रहरू र वडा कार्यालयहरू संयोजन गरी एकीकृत रूपमा एकद्वार सेवा प्रवाह गर्नुपर्ने अवस्था सृजना हुन सकेको छैन । यसैगरी नगर क्षेत्रभित्र शिक्षा तथा स्वास्थ्य सेवा प्रवाहका लागि विद्यालय तथा स्वास्थ्य चौकी, पशु स्वास्थ्यजस्ता भवनहरू पर्याप्त देखिँदैनन् र कच्ची भवनहरूलाई पक्की भवन बनाई आवश्यक सेवा उपलब्ध गराउनुपर्ने, पर्यटन पूर्वाधारको अवस्था पनि सन्तोषजनक रहेको देखिँदैन, सरकारी र निजी क्षेत्रको प्रयासबाट पर्याप्त पूर्वाधार सेवामा विस्तार गरिनेछ ।

### ङ.३. अवसर तथा चुनौती

नगरपालिका आफ्नै भवनको नरहेको र वडा तहमा भवन पूर्वाधारको अवस्था कमजोर रहेको छ । जिल्लास्थित विषयगत कार्यालयहरूको सम्पत्ति हस्तान्तरणले नगरपालिकालाई आवश्यक भवन पूर्वाधार उपलब्ध हुन सक्ने अवस्था देखिन्छ । वडा कार्यालय र स्वास्थ्य चौकी भवन तथा सामुदायिक सेवाका निमित्त आवश्यक भवन पूर्वाधारको अभाव रहेको छ। पर्यटकीय स्थलको पहुँच तथा पूर्वाधारको अवस्था दुवै कमजोर देखिन्छ भने अन्य पूर्वाधारहरूको अवस्थासमेत सन्तोषप्रद छैन ।

### ङ.४. उद्देश्य

सबै नगरपालिका र सबै वडामा एकीकृत रूपमा सेवा उपलब्ध हुने गरी आवश्यक सुविधा तथा उपकरणसहितको भवनहरू निर्माण, स्तरोन्नति र मर्मतसम्भार भई कार्य सुचारु भएको हुनेछ ।

### ङ.५. रणनीति

- नगरमा सम्पूर्ण भवनहरू (व्यक्तिगत तथा सार्वजनिक) भवन मापदण्ड ऐन २०७२ र भवन संहिताअनुसार निर्माण गर्ने गराइनेछ,
- नगरपालिकाबाट उपलब्ध हुने सबै सेवा एकै स्थानबाट उपलब्ध हुने गरी व्यवस्था गरिनेछ ।
- भवन नभएका वडा कार्यालयहरूमा एकीकृत सेवा उपलब्ध हुने गरी पक्की भवन (तालिम बैठक कक्षसहितको) निर्माण भएको गरिनेछ ।
- वडा कार्यालयको आवश्यकताअनुसार हुने गरी साविकबाट हस्तान्तरण भई आएका गाविस/वडा कार्यालय भवन मर्मत सुधार र स्तरोन्नति भएको हुनेछ ।
- नगर क्षेत्रमा उपयुक्त क्षमताको नगर सभा भबन (सिटी हल) निर्माण भएको हुनेछ ।
- हरियाली बस्ती प्रवर्द्धनका लागि एक घर एक बगैंचा अवधारण कार्यान्वयन गरिनेछ ।
- नगरपालिकाको भवनलगायत सबै सार्वजनिक भवनहरू अपांगमैत्री हुनेछन् र वर्तमानमा निर्माण भएका भवनहरू पनि अपांगमैत्री रूपमा विकास गरिनेछ ।

- निर्माण भएका भवनहरूमा खानेपानी सरसफाइ, विद्युत् सुविधाका साथै आवश्यक न्यूनतम उपकरण (भवन सुरक्षा उपकरण, कम्प्युटर, इन्टरनेट, फोटोकपी मेसिन, टेलिफोन इन्टरकम आदि सुविधा, फर्निचर र फर्निसिङ) सहितको भवन निर्माण तथा स्तरोन्नति गरिनेछ ।
- नगर क्षेत्रमा बहुउपयोगी व्यावसायिक भवन निर्माण गरी स्थानीय उत्पादनको प्रवर्द्धन तथा बजार विस्तार गरिनेछ ।

## ङ.६. उपलब्धि लक्ष्य

| क्र.सं | सूचक लक्ष्य | आ.ब. ०७४/७५ को अवस्था | आवधिक योजनाको लक्ष्य ०७८/७९ मा) | |
|---|---|---|---|---|
| १ | **भवन** | | | |
| १.१ | नगरपालिकाको भवन र सबै वडा कार्यालयको भवन | १० वडा | १ नगरपालिका भवन, १५ वडा | मर्मत, सम्भार र निर्माण |
| १.२ | स्वास्थ्य चौकी भवन | १३ | १५ | मर्मत, सम्भार र निर्माण |
| १.३ | सामुदायिक भवन | ६२ | ७० | |
| १.४ | सिटी हल र कमर्सियल कम्प्लेक्स निर्माण | ० | २ | |
| १.५ | ब्लड बैंक | ० | १ | |
| २ | **खेलकुद पूर्वाधार** | | | |
| २.१ | कभर्ड हल | १ निर्माणधीन | २ | |
| २.२ | खेलकुद मैदान | १६ गोटा | १६ | स्तरोन्नति |
| ३ | **पर्यटन** | | | |
| ३.१ | ट्रेकिङ ट्रेल र सम्बन्धित पूर्वाधार | ० | १ | हलेसी मेलुङ ट्रेकिङ ट्रेल |
| ३.२ | भ्यू प्वाइन्ट निर्माण | ० | २ | नुनथला र पाथेका गहिरो |
| ३.३ | पाथेका गहिरो ताल | ० | १ | |
| ३.४ | भुलभुले, देवीस्थान, यलम्बर पार्क | ० | ३ | |
| ४ | **खानेपानी पूर्वाधार** | | | |
| ४.१ | खानेपानी ट्यांकी निर्माण | | १० | |
| ४.२ | खानेपानी धारा निर्माण | | १००० | |

### ङ.७. प्रमुख कार्यक्रमहरू

- सेवा अनुकूल हुने नगरपालिकाको भवनलाई व्यवस्थित गर्ने,
- वडा कार्यालय भबन निर्माण, स्तरोन्नति र मर्मतसम्भार तथा सुविधा जडान
- सामुदायिक भवन निर्माण
- नगर भवन (सिटी हल) निर्माण
- ट्रेकिङ ट्रेल र अन्य पर्यटन पूर्वाधार विकास
- पार्क तथा उध्यान विकास

### ङ.८ सहकार्य रणनीति

| प्रमुख कार्यक्रम | सहकार्य भार (प्रतिशतमा) | | | |
|---|---|---|---|---|
| | निजी क्षेत्र | गै.स.स. | वित्तीय क्षेत्र | नगरपालिका |
| नगरपालिकाको भवन निर्माण | ० | ० | ० | १०० |
| वडा कार्यालय भवन र सुविधा जडान | ० | ० | ० | १०० |
| सामुदायिक भवन निर्माण | १५ | १५ | ० | ७० |
| नगर भवन (सिटी हल) निर्माण | ० | ० | ४० | ६० |

- नोटः निजी क्षेत्रले सान्दर्भिकताअनुसार सहकारी र संस्थागत शैक्षिक क्षेत्रसमेत जनाउनेछ । नगरपालिका भन्नाले संघीय र प्रदेश सरकारसमेतको लगानीलाई बुझाउनेछ ।

## ९. पूर्वाधार क्षेत्रमा प्रक्षेपित लगानी

नगरपालिकाको पाँचवर्षे आवधिक योजनाको लक्ष्यबमोजिम प्राथमिकतामा समावेश गरिएका विकास कार्यक्रम तथा क्रियाकलापहरूअन्तर्गत सामाजिक क्षेत्रपछि लगानीका दृष्टिले दोस्रो स्थानमा रहेको पूर्वाधार क्षेत्रमा रु. १.४७ अर्ब (कुल प्रक्षेपित व्ययको २५.२३ प्रतिशत) खर्च हुने अनुमान गरिएको छ । जसअन्तर्गत सडक तथा पुल (झोलुंगे पुलसमेत) का लागि १२.५३ प्रतिशत, गोरेटो तथा घोडेटो बाटोका लागि ०.५२ प्रतिशत, भवन निर्माणका लागि १.३६ प्रतिशत, शीतगृह तथा गोदाम निर्माणका लागि ०.८२ प्रतिशत, सिंचाइका लागि ६.२८ प्रतिशत, जलविद्युत् (वैकल्पिक ऊर्जासमेत) का लागि ३.२९ प्रतिशत र सञ्चार क्षेत्रका लागि ०.४३ प्रतिशत व्ययको प्रक्षेपण गरिएको छ । पूर्वाधारको विकासमा अन्य क्षेत्रहरूका साथै नगरपालिका इलाकामा शीतगृह तथा गोदाम निर्माणका लागि रु.४.७७ करोड समावेश गरिएको छ । पूर्वाधार क्षेत्र सम्बद्ध विकास कार्यहरूमा निजी क्षेत्र, गैरसरकारी क्षेत्र र समुदायको अधिकाधिक लगानी एवं सहभागिता रहने अपेक्षा गरिएको हुँदा यस क्षेत्रमा प्रक्षेपित लगानीमध्ये नगरपालिकासँगको सहकार्यमा रु. २१.६५ करोड रकम उल्लिखित संघ संस्थाबाट लगानी हुने अपेक्षा गरिएको छ ।

# भाग- ८

# वन तथा भूसंरक्षण, वातावरण र विपद् व्यवस्थापन

## ८.१ विषय प्रवेश

वर्तमानमा वन, वातावरण, जलवायु अनुकूलनले दिगो विकासको लक्ष्य प्राप्तिका महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ तथा स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारको सुनिश्चित गर्दै मौलिक हकको व्यवस्था गरेको छ। सम्पूर्ण क्षेत्रको कम्तीमा पनि ४० प्रतिशत वन भूभागले ओगटेको क्षेत्र हुने नीति रहेको र वनबाटै काठ, दाउरा, घाँसपात, गैरकाष्ठ वन पैदावारको आपूर्ति हुने हुनाले यस क्षेत्रबाट कृषि, पशुपालन, पर्यटन सुविधा पुग्ने हुनाले यसको प्रवर्द्धन र भूक्षय रोकथाम गर्न यसले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ।

जैविक विविधता र प्राकृतिक स्रोतको संरक्षण, संबर्द्धन र दीगो उपयोग गरी, जलवायु अनुकूलन तथा न्यूनीकरण पद्धतिको अवलम्बनका साथै बन भू तथा जलाधार, विपद् र फोहरमैला व्यवस्थापन गरी वातावरणमैत्री विकासको माध्यमबाट हरित र सफा नगर विकास भएको हुनेछ।

## ८.२ विषय क्षेत्र

यस विषयगत क्षेत्रभित्र निम्न उपक्षेत्र समावेश गरिएका छन् :

(क) वन तथा वातावरण

(ख) भू तथा जलाधार

(ग) विपद् व्यवस्थापन

(घ) फोहरमैला व्यवस्थापन

## (क) वन तथा वातावरण

### १. पृष्ठभूमि

दिगो विकासमा वन तथा वातावरण क्षेत्रको महत्वपूर्ण योगदान रहन्छ। यस क्षेत्रको रोजगारीको सिर्जना, आय वृद्धि, स्थानीय समुदायको आधारभूत आवश्यकता जस्तै- काठ, दाउरा, घाँसपात, गैरकाष्ठ वन पैदावारहरूको आपूर्तिका साथै कृषि, पशुपालन, पर्यटन र सिंचाइमा समेत वन क्षेत्रको उल्लेखनीय भूमिका रहेको छ। जनसहभागितामूलक वन व्यवस्थापनका माध्यमबाट स्थानीय आर्थिक-सामाजिक विकास तथा स्थानीय नेतृत्व विकासमा पनि वन क्षेत्रको प्रत्यक्ष योगदान रहेको छ।

अधिकांश पहाडी भूभाग भएको यस नगर क्षेत्रमा माटो र पानीको संरक्षण गरी दिगो विकास तथा जीविकोपार्जनमा टेवा पुऱ्याउन एकीकृत जलाधार व्यवस्थापन तथा खोलानाला प्रणालीमा आधारित भू-जलाधार संरक्षण एवम् व्यवस्थापनका साथै बनस्पति संरक्षाका साथै व्यवस्थापनको व्यवस्था गरिनुपर्नेछ।

## २. वर्तमान अवस्था

यस नगर क्षेत्रमा ८३५७ हेक्टर वन क्षेत्र रहेको छ । अधिकांश वडाहरूमा आधाभन्दा बढी वनको घनत्व रहेको छ । उक्त वन क्षेत्रमा सरकारी वन, सामुदायिक वन तथा कबुलियती वनसमेत समावेश रहेको छ । नगर क्षेत्रको वनमा मुख्यतः चिलाउने, सल्ला, खयर, साल, बाँझ, गुराँस आदि जातका रूखहरूको बाहुल्यता रहेको छ ।

## ३. अवसर र चुनौती

यस नगर क्षेत्र राजमार्गको स्थायी पहुँचका साथसाथै नगर क्षेत्रका रूख काठ कटान गरी अन्यत्र निर्याातले नगर क्षेत्रको वातावरणीय प्रभाव देखिन सक्ने चुनौती रहेको छ । यसैगरी जलाधार क्षेत्रको उचित व्यवस्थापन र मूलहरूको संरक्षण हुन नसक्दा खानेपानी तथा सिंचाइको स्रोतसमेत प्रभावित हुन सक्ने जोखिम रहेको छ । भिरालो परेको भूबनोट, जलाधार तथा भूसंरक्षणको अभाव र अव्यवस्थित विकासका गतिविधिहरूले वन, भूसंरक्षण र वातावरण विनाशका चुनौतीको सामना गर्नु परिरहेको छ । वन क्षेत्रको वृद्धिका साथसाथै वन्यजन्तुहरूले खेतीपाती नोक्सान गरी कृषि उत्पादनमा असर परिरहेको छ । यसैगरी वन क्षेत्रमा सुक्खायाममा हुने अनियन्त्रित डढेलोबाट वन क्षेत्रलाई जोगाउने चुनौती पनि रहेको छ । कृषि उत्पादनमा विस्तारसँगै उच्च भूभागमा अवस्थित यस नगरपालिका क्षेत्रमा बहुमूल्य जडिबुटीहरू (चिराइतो, ठूलो ओखर, पाखनवेद आदि) रहेकाले त्यसको समुचित व्यवस्थापनबाट लाभ प्राप्त गर्न सकिने अवसर रहेका छन् । यसैगरी सडक सञ्जालका कारण खाना पकाउन तथा घरायसी ऊर्जाका लागि काठ दाउराको प्रयोग घट्दै जाने भएकाले वन क्षेत्रको संरक्षणमा योगदान पुग्न सक्ने हुन्छ । वन तथा वातावरणीय चेतनाको स्तर राम्रो रहेको यस नगरमा समुदायमा आधारित वन संरक्षण र संवर्द्धनमा नागरिकको सक्रिय सहभागिता देखिएकाले उचित वन व्यवस्थापनका माध्यमबाट राष्ट्रिय लक्ष्यभन्दा बढी वन क्षेत्र सृजना र जलाधार, पानीको स्रोत संरक्षण तथा भूसंरक्षका लागि उपयुक्त सम्भावनासमेत रहेको छ ।

वनको घनत्वसमेत राम्रो भएकाले उपयुक्त वन व्यवस्थापन योजनाको तर्जुमा गरी वनमा आधारित व्यवसायको वृद्धि हुनका साथै हरित रोजगारीको अभिवृद्धिका अवसरहरू पनि रहेका छन् ।

## ४. उद्देश्य

वन तथा जैविक विविधता र प्राकृतिक स्रोत (खानी तथा खनिज पदार्थसमेत) को वैज्ञानिक व्यवस्थापन गर्दै वातावरणमैत्री व्यवस्थापन, संरक्षण तथा उपयोग भएको हुनेछ ।

## ५. रणनीति

- वन पैदावार उपयोग तथा जैविक विविधता र वातावरणसम्बन्धी नीति, कानुन, योजना तर्जुमा कार्यान्वयन नियमन तथा अनुगमन गर्ने,
- नगरपालिका क्षेत्रभित्रको उपयुक्त स्थानहरूमा वन पैदावर संकलन र वितरण केन्द्र स्थापना गरिनेछ ।
- खानी तथा खनिज पदार्थहरूको पहिचान तथा वातावरणीय जोखिम न्यूनीकरण उपाय अवलम्बन गरी सञ्चालन, व्यवस्थापन तथा उपयोग गरिनेछ,
- गैरकाष्ठ उत्पादन (जडीबुटी) लाई व्यवस्थित एवं वैज्ञानिक तरिकाले व्यवस्थापन गरी मूल्य अभिवृद्धि हुने गरी निकासी गरिनेछ,

- सबै प्रकारका वनमा वैज्ञानिक पद्धतिबाट व्यवस्थापन गरी (पकेट क्षेत्रका पुराना तथा सडेगलेका काठदाउरा व्यवस्थापन) प्रयोग तथा उपयोग गरिनेछ,
- वन नर्सरीको स्थापना गरी बाँझो पर्ती तथा खाली **जग्गामा** बृक्षरोपण गरिनेछ,
- उपयोग नभएको वन क्षेत्रमा कबुलियती वन कार्यक्रम आरम्भका साथै चिया, लोक्ता, अलैंची आदि जस्ता आयमूलक खेती गर्न किसानलाई प्रोत्साहित एवं अनुदानको समेतको व्यवस्था मिलाई सामूहिक युवा लक्षित जीविकोपार्जन कार्यक्रम सञ्चालन गरिनेछ,
- व्यवस्थित तरिकाले गैरकाष्ठ उत्पादन (जडीबुटी) लाई वैधानिक तरिकाले निकासी पैठारी गर्न सुरुवात गर्ने,
- विद्यमान सामुदायिक वनमा भएका स्थानीय जलवायु अनुकूलन योजनाहरू संकलन गरी नगर क्षेत्रको समष्टिगत जलवायु अनुकूलन योजना बनाई तदअनुसार कार्यक्रम सञ्चालन गरिनेछ,
- नगर क्षेत्रभित्रका धार्मिक स्थल तथा सम्पदा क्षेत्रमा रहेका वनलाई धार्मिक वनको रूपमा विकास गरिनेछ ।
- नगर क्षेत्रभित्रका भीर तथा अनुत्पादक क्षेत्रमा निजी वन लगाउन अभिप्रेरित गरी कृषि वन प्रणालीलाई प्रोत्साहित गरिनेछ,
- निजी बाँझो तथा कबुलियती वनमा जडिबुटी तथा अन्य उच्च मूल्यका मसलाजन्य उत्पादनमा जोड दिइनेछ ।
- सडक किनारामा बृक्षरोपण गरी हरियाली प्रवर्द्धन गरिनेछ ।

**६. अपेक्षित उपलब्धिहरू**

| क्र.सं. | सूचकहरू | हालको अवस्था | आगामी लक्ष्य |
|---|---|---|---|
| | सामुदायिक वन | ६३८२ हे. | वैज्ञानिक व्यवस्थापन (१००० हे.)<br>बृक्षरोपण (५०० हे.)<br>सामूहिक खेती (५०० हे.) |
| | राष्ट्रिय वन | ९६०१ हे. | कम्तीमा २५ प्रतिशतमा वैज्ञानिक व्यवस्थापन गर्ने |
| | कबुलियत वन (४२ वटा) | १२०.८ हे. | ६२० हे. पुऱ्याउने, ४२ बाट ५५ पुऱ्याउने, |
| | उद्यान, पार्क | ० | ७ वटा स्थापन तथा सञ्चालन |
| | वन पैदावर संकलन तथा वितरण केन्द्र | ० | २ वटा निर्माण र सञ्चालन गर्ने |

**७. मुख्य कार्यहरू**

- नर्सरी स्थापना र वन संरक्षण
- सामुदायिक, कबुलियती धार्मिक तथा निजी वन कार्यक्रम
- उच्चमूल्य मसलाजन्य र जडिबुटी उत्पादन कार्यक्रम
- काठ दाउरा व्यवस्थापन ।

## ८. सहकार्य रणनीति

| प्रमुख कार्यक्रम | सहकार्य भार (प्रतिशतमा) | | | |
|---|---|---|---|---|
| | निजी क्षेत्र | गै.स.स. | वित्तीय क्षेत्र | नगरपालिका |
| नर्सरी स्थापना र वन संरक्षण, | ३० | १० | ५ | ५५ |
| सामुदायिक, कबुलियती धार्मिक तथा निजी वन कार्यक्रम | १५ | १५ | ० | ७० |
| उच्च मूल्य मसलाजन्य र जडिबुटी उत्पादन कार्यक्रम, | ७० | १५ | ५ | १० |
| काठ दाउरा व्यवस्थापन | ८० | १५ | ० | ५ |

- नोटः निजी क्षेत्रले सान्दर्भिकताअनुसार सहकारी र संस्थागत शैक्षिक क्षेत्रसमेत जनाउनेछ। नगरपालिका भन्नाले संघीय र प्रदेश सरकारसमेतको लगानीलाई बुझाउनेछ।

## (ख) भू तथा जलाधार संरक्षण

### १. पृष्ठभूमि

भूमि मानवीय जीवनको आधारको रूपमा रहेको हुन्छ। यसको धरातलीय स्वरूप, बनावट, र किसिमले जमिनको उपयोग निर्धारित हुन्छ। भिरालोपनायुक्त भूभाग, जलाधारको अवस्था र विकासका क्रियाकलापका वातावरणीय पक्षले भूसंरक्षणमा महत्वपूर्ण भूमिका खेल्दछ। खासगरी जलाधार क्षेत्रको संरक्षणले कृषि जमिनको उर्वरपनाको संरक्षण, पानीका मूलहरूको संरक्षणमा योगदान पुग्नका साथै भूक्षय तथा गल्छी कटान जस्ता जोखिमहरू कम गरी विकासको लागत न्यून गर्न सहयोग पुग्ने हुन्छ।

### २. वर्तमान अवस्था

नगरपालिकामा ४० प्रतिशतभन्दा बढी क्षेत्रफल वन तथा हरियाली रहनु भू तथा वातावरणीय जोखिम न्यूनीकरणका दृष्टिले सकारात्मक रहेको छ। खासगरी रावा र साप्सुधाप क्षेत्र जलाधारीय दृष्टिले संवेदनशील रहेको छ भने नगरपालिकाको वडा नै ५ को चालिसे पैरोले त्यस क्षेत्रमा जोखिम बढाएको छ। नगर क्षेत्रमा व्यापक रूपमा सडक विस्तार भइरहेको र यसक्रममा सुव्यवस्थित तथा वातावरणमैत्री सडक पूर्वाधारमा पर्याप्त ध्यान पुग्न नसक्दा भूक्षय, माटोको बहावका साथसाथै अधिकांश सडक कच्ची भएकोले वर्षादको पानीको उचित व्यवस्थापन हुन नसकिरहेको अवस्था यत्रतत्र रहेको छ।

### ३. अवसर र चुनौती

नगर क्षेत्रमा हरियाली र वन क्षेत्रको उपलब्धताले भूसंरक्षण, पानीको उपलब्धता, घाँस दाउराको सुलभता जस्ता पक्षले नगरवासीको आधारभूत आवश्यकता परिपूर्तिमा सघाउनका साथै कृषि उत्पादन र उत्पादकत्व वृद्धिका अवसरहरू देखिन्छन्। हालसालै सडक सञ्जालको विस्तार भइरहेकोले प्रारम्भदेखि नै वातावरण अनुकूल सडक पूर्वाधार विकासको अवसर पनि उत्तिकै रहेको छ।

घट्दो वन क्षेत्र तथा अव्यवस्थित विकासका गतिविधिले भूक्षय तथा वातावरण परिवर्तनको असरबाट नगरपालिकाको भूक्षेत्र प्रभावित भएको छ। यसले उत्पादन र उत्पादकत्वमा मात्र नभई प्रकोप जोखिमसमेत विस्तार गर्न मद्दत पुऱ्याएको छ ।

## ४. उद्देश्य

भू तथा जलाधार (पानीका मुहान, सिमसार क्षेत्रको संरक्षण, खानेपानी, सिंचाइ र जलविद्युत्) क्षेत्रको पहिचान, संरक्षण, व्यवस्थापन र उपयोग गर्ने ।

## ५. रणनीति

- नगर क्षेत्रभित्र रहेका जलाधार क्षेत्रहरू संरक्षण तथा उपयोग गर्ने नीति तयार गरिनेछ,
- नगर क्षेत्रभित्र रहेका जलाधार भूक्षय संवेदनशील क्षेत्रहरूको पहिचान गरी संरक्षण तथा उपयोग गरिनेछ,
- जलाधार (पानीका मुहान, सिमसार क्षेत्रको संरक्षण, खानेपानी, सिंचाइ र जलविद्युत्) क्षेत्रको पहिचान, व्यवस्थापन र उपयोग गरिनेछ,
- भू उपयोग नीति अनुरूप (नीति निर्माण) भू-व्यवस्थापन गरी भूक्षय कमगरी जमिनको उर्वराशक्ति वृद्धि गरिनेछ,
- नगर क्षेत्रमा भएका जलस्रोतका मुहानको संरक्षण गर्दै पानीको (पिउने पानी, सिंचाइ तथा विद्युत् उत्पादन) एकीकृत रूपमा बहुप्रयोग गरिनेछ ।
- नगरको सुक्खा क्षेत्र पहिचान गरी आकाशे पानीमा आधारित पोखरीको निर्माण गरी पानी सञ्चिती प्रणालीलाई प्रवर्द्धन गरिनेछ ।
- माटो संरक्षण हुने किसिमका कृषि प्रणाली, डाले घाँस, अमरिसो लगायतको प्रवर्द्धन गरी भू तथा जलाधार संरक्षण गरिनेछ,
- भू-संरक्षण कार्यलाई प्रभावकारी बनाउन अन्य निकाय, गैसस र समुदायको सहभागिता र साझेदारी गरिनेछ ।

## ६. लक्ष्य/अपेक्षित उपलब्धि

| क्र.सं. | सूचकहरू | हालको अवस्था | आगामी लक्ष्य |
|---|---|---|---|
| १ | मूख्य जलाधार क्षेत्रको प्रकोप जोखिम न्यूनीकरण, जैविक विविधता संरक्षण र जलवायु परिवर्तन अनुकूलन कार्यक्रम निर्माण र कार्यान्वयन | ० | ३ |
| २ | समग्र नगर क्षेत्रको प्रकोप जोखिम नक्सांकन | ० | १ |
| ३ | पर्यावरणमा आधारित जलवायु परिवर्तन अनुकूलन कार्यक्रम सञ्चालन : पोखरी निर्माण, पानी मुहान क्षेत्रमा वृक्षरोपण, भल भँगालोहरूको संरक्षण, जैविक इन्जिनियरिङ विधिबाट भूक्षय नियन्त्रण, खर्क संरक्षण | | १० लाख बिरुवा वृक्षरोपण, ७५ रिचार्ज पोखरी निर्माण, १०० भल भँगालो र ५ पहिरो नियन्त्रण, ५ खर्क संरक्षण |

| | | | |
|---|---|---|---|
| ४ | समुदायमा आधारित जलवायु परिवर्तन अनुकूलन कार्यक्रम सञ्चालन | ० | ३ वडामा |
| ४.१ | सीमसार, धाप, खर्क, मूल, मुहान, कुवा संरक्षण | | ५० वटा |
| ४.२ | जलवायु अनुकुलित कृषि उपज, बीउहरूको संरक्षण, उपयोग | ० | १ बीउ बैंक, विविध ५ बालीहरूको अनुसन्धान, उपयोग |
| ४.३ | परम्परागत कृषिको ज्ञान, सिंचाइ प्रणाली, अर्ग्यानिक खेती प्रणालीको संरक्षण, प्रवर्द्धन र दिगो उपयोग | ० | १० |
| ४.४ | प्लास्टिक पोखरी | | १५० थप गर्ने |

## ७. कार्यक्रमहरू

- प्रकोप नक्सांकन तथा जोखिम न्यूनीकरण कार्यक्रम
- जैविक विविधता संरक्षण कार्यक्रम
- समुदायमा आधारित जलवायु परिवर्तन अनुकूलन कार्यक्रम
- रूपाकोट जलाधार संरक्षण तथा पर्यावरणमा आधारित जलवायु परिवर्तन अनुकूलन कार्यक्रम
- साप्सुधाप जलाधार संरक्षण कार्यक्रम जैविक इन्जिनियरिङ विधिबाट रानीवन, चालिसे, करचुन्डे पैरो नियन्त्रण
- सुक्खा क्षेत्रमा आकाशे पानी संकलन ।

## ८. सहकार्य रणनीति

| प्रमुख कार्यक्रम | सहकार्य भार (प्रतिशतमा) | | | |
|---|---|---|---|---|
| | निजी क्षेत्र | गै.स.स. | वित्तीय क्षेत्र | नगरपालिका |
| प्रकोप नक्सांकन तथा जोखिम न्यूनीकरण कार्यक्रम | ० | ९० | ० | १० |
| जैविक विविधता संरक्षण कार्यक्रम सञ्चालन | १० | ६० | ० | ३० |
| समुदायमा आधारित जलवायु परिवर्तन अनुकूलन कार्यक्रम | १० | ८० | ० | १० |
| रूपाकोट पर्यावरणमा आधारित जलवायु परिवर्तन अनुकूलन कार्यक्रम | १० | ८० | ० | १० |
| साप्सुधाप जलाधार संरक्षण कार्यक्रम | १० | ३० | ० | ६० |
| रानीवन, चालिसे, करचुन्डे पैरो नियन्त्रण | ० | २० | ० | ८० |

■ नोटः निजी क्षेत्रले सान्दर्भिकताअनुसार सहकारी र संस्थागत शैक्षिक क्षेत्रसमेत जनाउनेछ । नगरपालिका भन्नाले संघीय र प्रदेश सरकारसमेतको लगानीलाई बुझाउनेछ ।

## (ग) विपद् व्यवस्थापन

### १. पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको व्यवस्था गरेको छ। नेपालको संविधानले विपद् व्यवस्थापनलाई उच्च प्राथमिकतामा राखी तीनवटै तहका सरकारका लागि विपद व्यवस्थापनको कार्य जिम्मेवारी तोकेको छ। यसका साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पनि विपद् व्यवस्थापनसम्बन्धी स्थानीयस्तरमा योजना एवं कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय सरकारलाई तोकेको छ।

विपद् व्यवस्थापनलाई योजनाबद्ध रूपमा आ-आफ्नो क्षेत्रमा आवश्यकताअनुसार परिचालन गर्न पूर्वतयारी आवश्यक हुन्छ। यसरी पूर्वतयारी गरिँदा पूर्व अनुमानसमेत गरी आवश्यक जनशक्ति, सामग्री, करणउप, कोषको व्यवस्था र जोखिमयुक्त स्थानको पहिचानका साथै जोखिम न्यूनीकरणका मापदण्डको गम्भीरपूर्वक परिपालना गर्नुपर्छ। विपद् व्यवस्थापन कार्यक्रम कार्यान्वयनका लागि नियमित स्रोत व्यवस्थापन गर्न एक विपद् व्यवस्थापन कोषको स्थापना गर्न सकिन्छ। उक्त कोषमा नियमित एवं अन्य स्रोतबाट समेत रकम जम्मा गर्ने र स्वीकृत कार्यविधिका आधारमा सो कोषको परिचालनमार्फत विपद् व्यवस्थापन कार्य सञ्चालन तथा व्यवस्थापन गरिनु उपयुक्त हुन्छ। साथै विपद्पश्चात् बसोबास गराउन सकिने स्थानको पहिचानसमेत गराई राख्नुपर्ने हुन्छ। यस्तो विपद्को बेला विभिन्न संस्थाहरूबीच समन्वयका लागि सबै तहमा उचित संस्थागत व्यवस्थासमेत गरिनुपर्ने जरुरी हुन आउँछ। स्थानीय सरकारहरूले अन्तरस्थानीय तहबीच समेत समन्वय गरी आ-आफ्नो क्षेत्रमा कार्यक्रम र बजेटको व्यवस्था कार्यान्वयन गर्नुपर्ने हुन्छ।

### २. वर्तमान अवस्था

नवगठित नगरपालिका भएको कारण वातावरण र विपद् व्यवस्थापनको क्षेत्रमा यस योजना अवधिमा यस आवधिक योजनाले परिलक्षित गरेका प्रमुख क्षेत्रमा वार्षिक कार्यक्रम तयार गरी कार्यान्वयन गर्नुपर्ने र सहरी वातावरण सुधार गर्न सफा सहर, हरियाली सहर र उज्यालो सहरको रूपमा योजना बनाउनुपर्ने आवश्यकता छ।

गरिबी न्यूनीकरणको मुद्दालाई प्रभावकारी रूपमा सम्बोधन गर्नका लागि वातावरण मैत्री जलवायु उत्थानशील र विपद् प्रतिरोधात्मक क्रियाकलापहरू एकीकृत रूपमा कार्यान्वयन गर्नुपर्ने हुन्छ। यसका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट यस अघिदेखि नै निर्माण गरी कार्यन्वयनमा रहेको वातावरण मैत्री स्थानीय शासन प्रारूप २०७० लाई आधार लिन सकिन्छ।

### ३. अवसर र चुनौतीहरू

नगरपालिकाले व्यवस्थित र योजनाबद्ध विकासका प्रयासहरूको अवलम्बन प्रारम्भ गरेको छ। नगरपालिकाले आरम्भ गरेको योजनाबद्ध विकास प्रयास, वातावरण मैत्री पूर्वाधार विकास, हरित सडक, फोहरमैला व्यवस्थापन, जनचेताना अभिवृद्धि जस्ता प्रयासहरूले विपद् न्यूनीकरण र स्थानीय सहभागिताबाट विपद् व्यवस्थापन गर्ने उपयुक्त अवसरहरूको विकास गरेको छ। यसैगरी दमकल तथा अग्नि नियन्त्रणसम्बन्धी सेवा, सदरमुकाममा सुरक्षा निकायहरूको उपस्थितिले पनि विपद् व्यवस्थापनमा सहयोग पुग्ने हुन्छ।

नगरको भू-बनोट, अव्यवस्थित बसोबास, जथाभावी बाटोघाटो खन्ने प्रवृत्ति, डढेलो जस्ता प्रकोपका कारण पहाडी भू-धरातलमा विपद् व्यवस्थापन चुनौतीको रूपमा रहने गर्दछ। यसैगरी सबै स्थानमा विपद्को अवस्थामा तत्काल नियन्त्रण गर्न पूर्वाधारको अवस्था अर्को चुनौतीको रूपमा रहेको

देखिन्छ । विपद् व्यवस्थापनलाई योजनाबद्ध रूपमा सञ्चालन गर्ने प्रतिकार्यका लागि पनि जनशक्ति, उपकरण, सामग्री, कोषको व्यवस्था र जोखिमयुक्त स्थानको पहिचानका साथै जोखिम न्यूनीकरणका मापदण्डको गम्भीरतापूर्वक परिपालना गराई विपद् व्यवस्थापनको कार्यलाई सुव्यवस्थित गर्नु नगरपालिकाका लागि चुनौतीको विषय रहेको छ ।

विपद् जोखिम व्यवस्थापनको सवाललाई विकासका योजनासँग मूलप्रवाहीकरण गरी विपद् उत्थानशील समाज निर्माण गर्ने क्रममा नगरपालिकाले पहलकदमी लिन आवश्यक हुन्छ ।

## ४. उद्देश्य

नगर क्षेत्रमा विपद् व्यवस्थापन गर्ने ।

## ५. रणनीति

- नगर विपद् व्यवस्थापन नीति, रणनीति तयार गरी कार्यान्वयन गरिनेछ ।
- विपद् व्यवस्थापनको पूर्वतयारीका लागि विपद् जोखिम न्यूनीकरण तथा Hazard Mapping समेत तयार गरी सञ्चालन गरिनेछ ।
- विगतमा भएको भूकम्पको क्षति भएको तथा अन्य विपद्बाट भएको तदारुकताका साथ कार्यान्वयन गरिनेछ ।
- नगरपालिकास्तरीय विपद जोखिम व्यवस्थापनका लागि वडास्तरदेखि नै संस्थागत व्यवस्थासमेत गरी विकास निर्माण र जोखिम न्यूनीकरणका कार्यमा संलग्न गराउनुका साथै नियमन र अनुगमनको व्यवस्थासमेत गरिनेछ ।
- नगर स्तरीय विपद् व्यवस्थापन कोष स्थापना गरी विपद् व्यवस्थापनका लागि वडा स्तरीय स्वयंसेवक तयार परिचालनको व्यवस्था गरिनेछ ।
- वन्यजन्तुबाट हुने क्षतिको न्यूनीकरण गर्नका लागि (बाँदर, दुम्सी जस्ता जंगली जनावरको नियन्त्रणको व्यवस्था समुदायको सहभागितामा गरिनेछ ।
- बिजुलीको विस्तारसँगै चट्याङको जोखिमबाट अर्थिङ स्थिति कमजोर भएको र बढी खतरा भएको क्षेत्रको पहिचान गरी उचित आर्थिक सहयोग र सहुलियतको व्यवस्था गरिनेछ ।
- विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गरिनुका साथै विपद् व्यवस्थापनमा समन्वय प्रणालीलाई प्रभावकारी बनाइनेछ ।
- विपद् व्यवस्थापनसम्बन्धी सूचना प्रणालीलाई सर्वसुलभ र प्रभावकारी बनाउने ।
- विपद् व्यवस्थापनका लागि पूर्व तयारी गर्न उपकरण, सामग्री र दक्ष जनशक्तिको प्रबन्ध गरिनेछ ।
- नगर क्षेत्रभित्र पूर्ण रूपमा जोखिम संवेदनशील भू-उपयोग नक्सा (Risk Sensitive Land Use Map) कार्यान्वयनमा ल्याइनेछ ।
- एम्बुलेन्स, बारुणयन्त्र जस्ता अत्यावश्यक साधनहरू र यसको प्रयोग गर्ने व्यवस्था मिलाइने छ ।
- विपद्पश्चात् पुनर्स्थापना र पुनर्निर्माण कार्यहरूको सबै सरोकारवालाहरूसँग संयोजन र प्रबन्धन गरिनेछ ।
- विपद् जोखिम शासनको सुदृढीकरण ।
- नगरभित्रका सम्भावित जोखिम क्षेत्रको पहिचान गरी न्यूनीकरण तथा अनुकूलन कार्य सञ्चालनका लागि प्राथमिकता निर्धारण गरी सञ्चालन गरिनेछ ।
- विकास निर्माणका कार्यमा जोखिम न्यूनीकरणका उपाय अवलम्बन गरिनेछ ।

## ६. लक्ष्य

| क्र.सं. | सूचक लक्ष्य | आ.व.२०७४/०७५ | आवधिक योजनाको लक्ष्य (२०७८/०७९) |
|---|---|---|---|
| १ | बारुण यन्त्र | १ | पानी पोखरी निर्माण, बारुण यन्त्र २ थान |
| २ | आगलागीबाट प्रभावित घर संख्या | २० | ५ मा झार्ने |
| ३ | प्रकोपबाट मृत्यु हुनेको संख्या | | वार्षिक १० भन्दा कममा झार्ने |
| ४ | जोखिमयुक्त क्षेत्रमा बसोबास घरधुरी संख्या | ५३४ | ३०० मा झार्ने |

## ७. मुख्य कार्यक्रमहरू

- विपद् पूर्वतयारी र व्यवस्थापन
- खुला क्षेत्र पहिचान तथा अभिलेखाङ्कन
- विपद् सचेतना कार्यक्रम
- विपद्
- मेसिनरी, विविध नियन्त्रण र सूचना प्रणाली जडान

## ८. सहकार्य रणनीति

| प्रमुख कार्यक्रम | सहकार्य भार (प्रतिशतमा) | | | |
|---|---|---|---|---|
| | निजी क्षेत्र | गै.स.स. | वित्तीय क्षेत्र | नगरपालिका |
| विपद् उद्धार, राहत र पुनर्स्थापना पूर्वतयारी | २० | २० | ५ | ५५ |
| आपतकालीन उद्धार सामग्री खरिद, संग्रह, अभिलेखन | २० | ० | १० | ७० |
| खुला क्षेत्र पहिचान तथा अभिलेखाङ्कन | १० | ० | ० | ९० |
| विपद् सचेतना कार्यक्रम | ० | ९० | ० | १० |
| दमकल, मेसिनरी औजार आदि व्यवस्था | १० | १० | ० | ८० |
| चट्याङ नियन्त्रण प्रणाली जडान | १५ | ४० | ० | ४५ |
| विपद पूर्व सूचना प्रणाली जडान | १५ | ६० | ० | २५ |

- नोटः निजी क्षेत्रले सान्दर्भिकताअनुसार सहकारी र संस्थागत शैक्षिक क्षेत्रसमेत जनाउनेछ। नगरपालिका भन्नाले संघीय र प्रदेश सरकारसमेतको लगानीलाई बुझाउनेछ।

## (घ) फोहरमैला व्यवस्थापन

### १. विषय प्रवेश

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको व्यवस्था गरेको छ। फोहरमैला व्यवस्थापन नगरपालिकाहरूको एक प्रमुख जिम्मेवारीमा पर्दछ। नगरमा स्वस्थ र स्वच्छ वातावरण कायम गर्न फोहरमैलाको उचित व्यवस्थापन आवश्यक हुन्छ। सभ्यता र सुसंस्कारको प्रतीकको रूपमा सरसफाइलाई हेर्ने गरिन्छ।

### २. वर्तमान अवस्था

नगरपालिका फोहरमैला व्यवस्थापनको दृष्टिले अत्यन्त प्रारम्भिक चरणमा रहेको छ। सहरी क्षेत्रमा फोहरमैला व्यवस्थापनका नियमित संयन्त्रहरू क्रियाशील छन् भने नगरपालिकाको ग्रामीण क्षेत्रमा फोहरमैला संकलन तथा व्यवस्थापनसम्बन्धी खासै काम हुन सकेको छैन। यातायात सुविधाको विस्तारसँगै पुनः प्रयोगमा आउने सीसी, टिन तथा कागजहरू संकलन गरी निर्यात हुने गरेको छ भने फोहरको पुनः प्रशोधन र प्रयोगसम्बन्धी गतिविधि हुन सकेको छैन। हाल नगरपालिकाले एक फोहरमैला व्यवस्थापन केन्द्रको स्थापना गरेको छ भने फोहरमैला व्यवस्थापनका लागि निजी क्षेत्रसँग सहकार्य गरी कार्यसञ्चालन भइरहेको छ।

### ३. अवसर र चुनौती

ग्रामीण प्रकृतिको अधिकतम भूभागसहित भरखरै स्थापित नगरपालिकामा फोहरमैलासम्बन्धी ठूलो समस्या आइसकेको छैन। यसैले प्रारम्भिक अवस्थादेखि नै फोहरमैला व्यवस्थापन गरी सुव्यवस्थित गर्ने अवसर रहेको छ। फोहरमैला व्यवस्थापन स्थललाई विकसित गरी लामो समयसम्म उपयोग गर्न सकिने अवस्था छ। यसैगरी उपयुक्त प्रविधिको माध्यमबाट दिगो फोहरमैला व्यवस्थापन प्रणालीको विकास गर्न सकिने अवसरसमेत नगरपालिकामा रहेको छ।

स्रोत साधनको व्यवस्था मिलाएर फोहरमैला व्यवस्थापनका लागि आवश्यक यन्त्र उपकरणसहितका पूर्वाधारको व्यवस्था, जनचेतनाको अभिवृद्धि, व्यवस्थित ढल विसर्जन तथा फोहरमैला संकलन केन्द्रको व्यवस्था आदिको व्यवस्था गर्नु नगरपालिकाका लागि चुनौतीका रूपमा रहेका छन्।

### ४. उद्देश्य

- नगर क्षेत्रमा उत्पादित फोहरमैलाको वैज्ञानिक व्यवस्थापन गर्ने।

### ५. रणनीति

- फोहोरमैला व्यवस्थापनको लागि नगरवासीलाई सचेतना कार्यक्रम सञ्चालन गरी सुशिक्षित तथा व्यवस्थापन गर्ने नीति तयार गरी कार्यान्वयन गरिनेछ।
- फोहोर व्यवस्थापनका लागि निर्माणाधीन दिक्तेल स्यानिटरी ल्यान्ड फिलसाइटको स्तर उन्नतिका साथै नगरका विभिन्न स्थानमा फोहरमैला संकलन केन्द्रको व्यवस्था गरी फोहर प्रशोधन तथा व्यवस्थापन गरिनेछ।
- एक घर एक धूवाँरहित चुलो, एक घर एक पक्की चर्पी र बजार तथा मुख्य सार्वजनिक स्थलहरूमा सार्वजनिक शौचालयहरू निर्माण गरिनेछ।
- फोहरकर्तालाई फोहरको प्रकृति र मात्राअनुसार फोहरमैला व्यवस्थापन सेवा शुल्क लिई यसको दिगो व्यवस्थापनमा उपयोग गरिनेछ।

- घर, आँगन, आफ्नो आँगन अगाडिको सडक सरसफाइबारे जानकारी, प्रचारप्रसार व्यापक गरिनुका साथै फोहर गर्नेलाई तत्काल जरिवानासमेत गर्ने व्यवस्था गरिनेछ ।
- नगरपालिकाले सहज सरसफाइ सेवा उपलब्ध गराउन सरसफाइ शुल्कसमेत लागू गरिनेछ र सरसफाइ कोषमा जम्मा गरिनेछ ।
- नगर क्षेत्रका आवश्यक स्थानमा सरसफाइसहितको सार्वजनिक शौचालयको व्यवस्था गरिनेछ ।
- फोहरमैला व्यवस्थापन सचेतनाका साथै फोहरको वर्गीकरण गरी सड्ने, गल्ने फोहरको जैविक मल उत्पादन गर्ने, पुनः प्रयोगको फोहरलाई छुट्याई त्यसको बिक्री प्रबन्ध गर्ने, अस्पताल आदिबाट निष्कासन हुने खतराजन्य फोहरलाई समुचित व्यवस्थापन गरिनेछ र फोहरलाई उत्पादन वृद्धि तथा आम्दानीको स्रोतको रूपमा प्रयोग, पुनः प्रयोगको व्यवस्था गरिनेछ ।
- नगर सफाइलाई अभियानकै रूपमा सञ्चालन गरिनेछ । पानीका स्रोतहरू फोहर गर्नेलाई सुरुमा सचेतना दिने र पछि दण्डनीय बनाइनेछ ।
- घना बस्तीमा घरआँगन सफाइ, चोकमा सामुदायिक सफाइ र गाउँ टोलमा सामूहिक सफाइ कार्यक्रम सञ्चालन गरिनेछ र सरसफाइ अनुगमन संयन्त्र स्थापना गरी फोहर हुन नदिने वातावरण बनाइनेछ ।
- बढी आवतजावत हुने स्थान जस्तै- बसपार्क, बजारको उपयुक्त स्थानमा पिसाब घर वा शौचालयको व्यवस्तापन गरी सफाइपूर्वक सञ्चालनको व्यवस्ता गरिनेछ ।
- फोहरमैला व्यवस्थापनमा गैरसरकारी संस्था वा निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।
- प्लास्टिक झोला विस्थापनका लागि न्यूनतम मापदण्डभन्दा तलको झोलालगायत प्लास्टिकजन्य पदार्थमा प्रतिबन्ध लगाइनेछ ।

## ६. लक्ष्य

| क.सं | सूचक लक्ष्य | आ.व. ०७४/ ७५ को अवस्था | आवधिक योजनाको लक्ष्य ०७८/७९ मा) |
|---|---|---|---|
| १ | **फोहरमैला व्यवस्थापन केन्द्र** | | |
| १.१ | ल्यान्डफिल साइट आधारभूत सुविधा | | सडक, जमिन, गन्ध व्यवस्थापन |
| १.२ | फोहरमैला व्यवस्थापन तथा विसर्जन सम्बन्धी यन्त्र उपकरण | जे.सी.भी. १ | जे.सी.भी. १ |
| १.३ | ढुवानी साधन | | २ ट्याक्टर, १ हौज क्लिनर भेहिकल, |
| १.४ | फोहरमैला व्यवस्थापन केन्द्र (वर्गीकरण र प्रशोधनको सुविधा, कम्पोस्ट पिट र रिसाइक्लिङ प्लान्टसहित) | ० | १ व्यवस्थापन केन्द्र स्थापना र स्तरोन्नति, ३ संकलन केन्द्र |

| | | | |
|---|---|---|---|
| २ | **सचेतना, आचरण र नियमन** | | |
| २.१ | प्यानसहितको चर्पी निर्माण | | १०० प्रतिशत घरमा चर्पी |
| २.२ | सार्वजनिक शौचालय निर्माण र उपयोग | ० | २५ चर्पी निर्माण, ९० प्रतिशत खुला दिशा पिसाब नियन्त्रण |
| २.३ | स्रोतमा फोहोर छुट्याउने, कुहिने नकुहिने फोहोरको फरक फरक संकलन, प्रशोधन | नभएको | ९० प्रतिशत फोहर वर्गीकरण, संकलन, प्रशोधन |
| २.४ | २० माइक्रोनभन्दा पातला प्लास्टिक झोला प्रतिबन्ध । कागज, कपडा, कुहिने पदार्थबाट निर्मित स्थानीयस्तरमा उत्पादित झोलालाई अनुदान | नभएको | २० माइक्रोनभन्दा पातला प्लास्टिक झोला पूर्ण नियन्त्रण |

## ७. मुख्य कार्यक्रम

- फोहरमैला संकलन तथा व्यवस्थापन,
- ल्यान्डफिल साइटको निर्माण तथा स्तरोन्नति,
- फोहरको पुनः प्रयोगसम्बन्धी सचेतना कार्यक्रम,
- विद्यालय तथा टोल, बस्ती र समुदाय सरसफाइ कार्यक्रम,
- ल्पास्टिक तथा नसड्ने चीजको प्रयोगमा बन्देज ।

## ८. सहकार्य रणनीति

| प्रमुख कार्यक्रम | सहकार्य भार (प्रतिशतमा) | | | |
|---|---|---|---|---|
| | निजी क्षेत्र | गै.स.स. | वित्तीय क्षेत्र | नगरपालिका |
| फोहरमैला संकलन तथा व्यवस्थापन | ५० | ० | ० | ५० |
| ल्यान्डफिल साइटको निर्माण तथा स्तरोन्नति | १५ | ० | ० | ८५ |
| फोहरको पुनः प्रयोगसम्बन्धी सचेतना कार्यक्रम | ३० | २० | ० | ५० |
| विद्यालय तथा टोल, बस्ती र समुदाय सरसफाई कार्यक्रम | २५ | २५ | २५ | २५ |
| प्लाास्टिक तथा नसड्ने चीजको प्रयोगमा बन्देज । वैकल्पिक झोलालाई अनुदान । | ४५ | ५ | १० | ४० |

नोटः निजी क्षेत्रले सान्दर्भिकताअनुसार सहकारी र संस्थागत शैक्षिक क्षेत्रसमेत जनाउनेछ । नगरपालिका भन्नाले संघीय र प्रदेश सरकारसमेतको लगानीलाई बुझाउनेछ ।

## ३. वातावरण संरक्षण तथा विपद् व्यवस्थापनमा प्रक्षेपित लगानी

वातावरण क्षेत्रअन्तर्गत वन तथा भूसंरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन र बारुणयन्त्र सञ्चालन सम्बद्ध कार्यहरू समावेश गरिएका छन्। वातावरण क्षेत्रअन्तर्गत आवधिक योजनामा करिब रु. १६.४० करोड अर्थात् कुल खर्च अनुमानको २.८२ प्रतिशत खर्च हुने अनुमान गरिएको छ। वातावरण क्षेत्रमा समावेश गरिएको बारुणयन्त्र सञ्चालनलाई उच्च प्राथमिकतामा राखी आ.व २०७५/७६ मा नै रु. १ करोडको व्यय समावेश राखिएको छ। वातावरण सरक्षण तथा विपद् व्यवस्थापन सम्बद्ध कार्यहरूमा निजी क्षेत्र, गैरसरकारी क्षेत्र र समुदायको लगानी एवं सहभागिता रहने अपेक्षा गरिएको छ। यस क्षेत्रमा प्रक्षेपित लगानीमध्ये नगरपालिकासँगको सहकार्यमा रु.१.१० करोड रकमको अतिरिक्त वस्तुगत सहयोगसमेत उल्लिखित संघ संस्थाहरूबाट उपलब्ध हुने अपेक्षा गरिएको छ।

# भाग- ९
# संस्थागत विकास तथा सेवा प्रवाह

## ९.१ विषय प्रवेश

नेपालको संविधान (२०७२) बमोजिम मुलुक संघीय संरचनामा प्रवेश गरी राज्यको पुन:संरचनापश्चात् जारी भएको स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय सरकारको रूपमा नगरपालिकालाई नगरको समग्र विकासको नेतृत्व गर्ने जिम्मेवारी प्रदान गरेको छ। नगरपालिकाले विकास आयोजनाको तर्जुमा कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्नुका साथै नागरिक मैत्री सेवा प्रवाह, सेवा प्रवाहमा प्रविधिको उपयोग, चुस्त संगठन संरचनाको विकास, प्रभावकारी संस्थागत संयन्त्रको स्थापना र विकास, पधाधिकारी एवं कर्मचारीको क्षमता विकासमार्फत अधिकारमा आधारित सेवा प्रवाहको प्रत्याभूति गर्नु वर्तमान स्थानीय सरकारको अवसर हो भने नवस्थापित संरचनका लागि यो कार्यभार पूरा गर्ने कम चुनौतीपूर्ण छैन। यी कार्यहरू पूरा गर्ने नातिजामूलक कार्य योजनाको तर्जुमाका साथै त्यसको प्रभावकारी कार्यान्वयनका माध्यमबाट मात्र पूरा गर्न सकिन्छ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने तथा राज्य शक्तिको प्रयोग तीनै तहले संविधान र कानुनबमोजिम गर्ने व्यवस्था गरेको छ। संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक अधिकारसम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्थासमेत गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा स्थानीयस्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिक र विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्नुपर्ने व्यवस्था रहेको छ। स्थानीय सरकार सञ्चालन ऐनले संघीय सरकारको स्वीकृतिमा विकास साझेदार तथा अन्तर्राष्टिय गैरसरकारी संस्थाको नगरको विकासका लागि स्रोत जुटाउन सक्ने व्यवस्था गर्नुका साथै नगर क्षेत्रभित्र कार्यरत सबै संघीय, प्रादेशिक र स्थानीय तहमा कार्यरत सबै सरकारी कार्यालय, गैरसरकारी, सहकारी संस्था एवं निजी क्षेत्रसँग सहकार्य र अन्तरसम्बन्ध स्थापित गरी समन्वयात्मक रूपमा कार्य सञ्चालन र व्यवस्थापन गर्ने जिम्मेवारीसमेत दिएको छ। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्ने, मध्यमकालीन खर्च संरचना तयार गर्ने, आवश्यकताको प्रक्षेपण गर्ने, राजस्वको प्रक्षेपण तयार गर्ने र वित्तीय अनुशासन कायम गर्नुपर्ने व्यवस्थासमेत गरेको छ।

केन्द्र सरकारको चालु योजनाले कानुनी शासनको मूल्य तथा मान्यता अनुरूप नागरिक संलग्नता, जवाफदेहिता, पारदर्शिता र भ्रष्टाचारमुक्त अवस्थाको सिर्जना र सञ्चालित विकास कार्य तथा प्रवाहित सेवाको प्रभावकारिता अभिवृद्धि गरी विकास कार्यलाई नतिजामुखी बनाउन जोड दिएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले नगरपालिकाले सम्पादन गर्ने सम्पूर्ण गतिविधि तथा सेवालाई सरल, सुव्यवस्थित, सेवाग्राहीमैत्री र जवाफदेही बनाई स्थानीय निकायलाई नागरिकप्रति उत्तरदायी बनाउनुपर्ने अपेक्षा गरेको छ।

संघीय सरकारले चालु योजनाले कानुनी शासनको मूल्य तथा मान्यता अनुरूप नागरिक संलग्नता, जवाफदेहिता, पारदर्शिता र भ्रष्टाचारमुक्त अवस्थाको सिर्जना र सञ्चालित विकास कार्य

तथा प्रवाहित सेवाको प्रभावकारिता अभिवृद्धि गरी विकास कार्यलाई नतिजामुखी बनाउन जोड दिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले सम्पादन गर्ने सम्पूर्ण गतिविधि तथा सेवालाई सरल, सुव्यस्थित, सेवाग्राहीमैत्री र जवाफदेही बनाई स्थानीय निकायलाई नागरिकप्रति उत्तरदायी बनाउनुपर्ने अपेक्षा गरेको छ ।

यस विषय क्षेत्रअन्तर्गत मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजस्व परिचालन, वित्तीय व्यवस्थापन, वित्तीय जोखिम न्यूनीकरण, सुशासन कायममा सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, आन्तरिक र अन्तिम लेखापरीक्षण, बेरुजु फछ्र्योट, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग, नागरिक सन्तुष्टि सर्वेक्षण र अन्तरनिकाय समन्वय जस्ता क्षेत्र समावेश भएको हुनेछ ।

## ९.२ वर्तमान अवस्था

राज्यको पुनःसंरचनापश्चात् नयाँ गठन भएको नगरपालिकाको संस्थागत विकास प्रयासको थालनी प्रारम्भ मात्र भएको छ। नगरपालिकाको संगठन संरचनाको खाका निर्माण, जनशक्तिको व्यवस्था प्रमुख समस्याको रूपमा रहेको छ। सेवा प्रवाहको केन्द्रको रूपमा रहेका वडा कार्यालयहरूको भौतिक संरचना (भवन) र जनशक्तिको व्यवस्था, नगरपालिकाको केन्द्रीय भवन, कर्मचारी, मेसिन औजारको व्यवस्था तत्कालका प्रमुख जिम्मेवारी हुन्। हालको संक्रमणकालीन अवस्थामा नगरपालिकाभित्र रहेका सरकारी, गैरसरकारी निकाय र निजी क्षेत्रसँगको साझेदारी, समन्वय र सहकार्य नगरपालिकाको लागि निकै चुनौतीको रूपमा रहेको छ ।

परिणाममुखी विकास तथा प्रभावकारी सेवा प्रवाह, स्थानीय शासनको प्रभावकारी सञ्चालनको लागि संस्थागत, क्षमता विकास तथा सुशासनको आवश्यकता पर्दछ । यसको अर्थ स्थानीय शासनको संस्थागत विकास तथा सुशासनबाट मात्र विकास गतिविधि तथा सेवा प्रवाहबाट अपेक्षित नतिजा हासिल गर्न सकिन्छ । आवधिक नगर विकास योजना आफैंमा संस्थागत विकास तथा सुशासनको एक प्रमुख रणनीति भएको कारण संस्थागत, क्षमता विकास र सुशासनलाई यसभित्रको प्रमुख साधन तथा माध्यमको रूपमा लिइएको छ ।

## ९.३ अवसर र चुनौती

नवगठित नगरपालिका (नगर सरकार) भएकोले संस्थागत विकास तथा सेवा प्रवाहको नवीन पद्धति निर्माण गर्ने अवसर अहिले प्राप्त छ । तसर्थ आवधिक योजना अवधिमा संस्थागत विकास तथा सेवा प्रवाहलाई सुदृढ तुल्याउन निम्न अवसरहरू विद्यमान रहेको छ :

- निर्वाचित युवा पदाधिकारी
- मध्य पहाडी राजमार्गबाट अन्य सहरी यातायात प्रवर्द्धन तथा पहुँच विस्तार
- बढी स्रोत र साधनको उपलब्धता
- राष्ट्रिय विद्युत् प्रसारणमा जोडिएको
- विधि निर्माणका खाका प्राप्त र तर्जुमाको सुरुवात भएको अवस्था

भर्खरै स्थापना भएको नगरपालिकाका सामु केही चुनौतीहरू रहेका छन् :

- मौजुदा जनशक्तिमा विज्ञताको कमी,

- अन्तरिम व्यवस्थापन काल भएकाले संघीय, प्रागदेशिक र स्थानीय तहका संरचनाको निर्क्योल र व्यवस्थापन पूर्ण रूपमा भइनसकेको,
- सेवा प्रवाहका लागि आवश्यक भौतिक पूर्वाधार नहुनु,
- जनशक्तिको नितान्त कमी र नगरको जिम्मेवारी सेवा दिने उपयुक्त जनशक्ति समायोजित भई आइनसकेको,
- बढ्दो आकांक्षा अनुरूप आफ्नो आयस्रोत प्राप्त हुन नसक्नु, केन्द्रबाट प्राप्त हुनुपर्ने समानीकरण अनुदानसमेत घट्दै जानु, वैदेशिक र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको स्रोतको समेत व्यवस्था हुन नसक्नु,
- सुशासनका प्रमुख औजारहरू कार्यविधि बनाई लागू गरिनुपर्ने भएकोले त्यसको पनि व्यवस्थापन हुन नसक्नु,
- नगरपालिकाका वडा तहमा भौतिक पूर्वाधार तथा उपकरणको व्यवस्था गर्नु जस्ता चुनौती देखिन आएका छन् ।

## ९.४ उद्देश्य

- विधि र प्रक्रियाको निर्माण, चुस्त तथा प्रभावकारी संगठन संरचना र क्षमता विकास, सार्वजनिक, निजी, सहकारी, गैसस तथा सामुदायिक साझेदारीलाई प्रवर्द्धन गर्दै सेवामा पहुँच र सुविधा प्रवाह सुनिश्चित भएको हुनेछ ।

## ९.५ रणनीति

- संविधानबमोजिम निर्दिष्ट एकल अधिकार क्षेत्र र अधिकारको साझा सूची तथा संघीय र प्रादेशिक कानुनबमोजिम आवश्यक नीति, कानुन, कार्यविधि, मापदण्डहरूको निर्माण गरी कार्यान्वयन र नियमन, अनुगमन गरिनेछ ।
- घर धुरी सर्वेक्षण गरी वस्तुगत विवरण र स्रोत नक्सा तयार गरिनेछ । यस्तो सर्वेक्षण गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई सम्बोधन हुने गरी खण्डीकृत तथ्याङ्कसमेत समाविष्ट गरिनेछ ।
- संगठन तथा व्यवस्थापन अध्ययन गरी चुस्त तथा प्रभावकारी संगठन संरचना निर्माण गरिनेछ ।
- नगर विकासका विषय क्षेत्रगत नीति, रणनीति र गुरुयोजनाहरू तयारी तथा कार्यान्वयन गरिनेछ ।
- वर्तमानमा संघीय सरकारबाट प्राप्त संगठन संरचना र दरबन्दीको नगरको परिप्रेक्ष्यमा समीक्षा गरिनेछ । नगरको समग्र सम्भाव्यता तथा आवश्यकताका आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी न्यूनतम अत्यावश्यक दरबन्दी सृजना गरिनेछ ।
- नगर क्षेत्रमा सम्भाव्यताका आधारमा प्राविधिक दक्ष प्राविधिकको प्रयोग सेवा करार वा साझेदारीलाई प्रश्रय दिई मितव्ययितापूर्वक विकास निर्माण एवं सेवा सुविधाको प्रवाह र पहुँच सुनिश्चित गरिनेछ ।

- नगरपालिका (विषयगत शाखासमेत) र वडा कार्यालयहरूबाट प्रवाह हुने सेवालाई नागरिक बडापत्र जारी गरी सोबमोजिम सेवा उपलब्धताको सुनिश्चितता गरिनेछ र क्रमशः क्षतिपूर्तिसहितको नागरिक बडापत्र लागू गरिनेछ ।
- नगरपालिकाका निर्वाचित पदाधिकारी तथा कर्मचारीहरूका लागि आचारसंहिता लागू गरी तदअनुसार सदाचार पद्धति लागू गरी भ्रष्टाचारमा शून्य सहनशीलता अवलम्बन गरिनेछ ।
- कार्यस्थलमा लैङ्गिक हिंसा र विभेदरहित कार्यालयको रूपमा नगरपालिकालाई स्थापित गरिनेछ ।
- जनप्रतिनिधि, कर्मचारी, साझेदार संस्थाहरूको क्षमता पहिचान गरी क्षमता विकासको कार्यक्रमहरू सञ्चालन गरिने छ । विशेष गरेर महिला, अल्पसंख्यक तथा दलित तथा अन्य पिछडिएका वर्ग सम्बद्ध पदाधिकारीहरूको क्षमता विकासमा विशेष ध्यान पुर्‍याइनेछ ।
- स्थानीय योजना तथा कार्यक्रमको स्वीकृतिका बखतमा नै सबै शाखा, उपशाखा तथा वडा कार्यालयका लागि कार्यान्वयन तालिका बनाई कार्यान्वयनको जिम्मेवारी किटान गर्ने र कार्यान्यनको ढाँचा तयार गरिनेछ ।
- नगर विकासमा सार्वजनिक, निजी, गैसस तथा सामुदायिक साझेदारीलाई संस्थागत गर्दै साझेदारीमा आधारित सहकार्यलाई अभिवृद्धि गरिनेछ ।
- सार्वजनिक प्रशासनलाई स्वच्छ, परिणाममुखी, जवाफदेही र पारदर्शी बनाई सार्वजनिक सेवा प्रवाह र विकास प्रक्रियालाई प्रभावकारी बनाउनका साथै सार्वजनिक प्रशासनलाई नागरिकप्रति उत्तरदायी, सेवामूलक तथा विकासमैत्री बनाइनेछ ।
- नगरपालिकाको कार्यसम्पादनलाई प्रविधि मैत्री तथा विद्युतीय शासनमा आबद्ध गर्दै लगिनेछ ।
- नगरपालिकाले प्रवाह गर्ने सार्वजनिक सेवामा लैङ्गिक मैत्री र समावेशी बनाइनेछ ।
- अति विपन्न वर्गका लागि लक्षित गरी सामाजिक सशक्तीकरणका साथै आर्थिक अवसरहरूमा पहुँच वृद्धि गरी संस्थागत विकासका माध्यमबाट रूपान्तरण गरिनेछ ।
- नागरिकको दैनानुदिनका सेवाहरू वडा कार्यालय/सेवा केन्द्रहरूबाट प्रवाहको सुनिश्चित गरिनेछ र सेवा प्रवाह र पहुँचको लागत घटाइनेछ ।
- कार्यसम्पादनमा आधारित मूल्याङ्कनका लागि कार्यसम्पादन करार प्रणाली लागू गरिनुका साथै प्रोत्साही प्रणालीसँग आबद्ध गरिनेछ ।
- आन्तरिक स्रोत परिचालनका लागि करका आधार, दायरा र दरलाई नागरिकको क्षमताका आधारमा निर्धारण गर्न नागरिकको व्यापक सहभागिता परिचालन गरिनेछ र राजस्वको चुहावट नियन्त्रणमा समेत नागरिक परिचालन गरी आन्तरिक स्रोत वृद्धि गरिनेछ ।
- नगरपालिका गतिविधिलाई पारदर्शी, जवावादेहिता तथा भरपर्दो विश्वसनीय बनाई सञ्चालन गरिनेछ र भ्रष्टाचारमा शून्य सहनशीलता कायम गरिनेछ र भ्रष्ट प्रवृत्तिको अन्त्य गर्न नागरिक सचेतनासमेतमा जोड दिइनेछ ।
- बाह्य स्रोत परिचालनका लागि नगरपालिकाको प्रतिष्ठामा वृद्धि गरी लगानीमैत्री वातावरण तयार गरिनेछ र सम्भाव्य योजनाको पहिचान गरी संघ, प्रदेश तथा अन्य निकायसँग

साझेदारी कायम गरी विशेष र सम्पूरकता तथा आन्तरिक ऋणमा आधारित योजनामा पुँजीगत लगानी वृद्धि गरिनेछ ।

- तोकिएको समय सीमाभित्र सबै पुँजीगत र कम खर्च हुने गरी साधन स्रोतको व्यवस्थापन गरी नागरिकलाई समयमा सेवा उपलब्ध गराउन क्रियाशील र प्रतिबद्ध व्यवस्थापन प्रणाली स्थापित गरिनेछ ।
- सबै शाखा, वडाहरू विद्युतीय सुशासनमा आबद्ध गरी दैनिक कामकाज विद्युतीय सुशासनका माध्यमबाट गरिनेछ ।
- वातावरण, प्रविधि एवं नागरिकमैत्री नगरपालिका बनाई सुशासनको प्रत्याभूति हुने गरी सेवा सुविधा व्यवस्थापन गरिनेछ ।
- न्यायिक समितिका संयोजकलगायत सबै सदस्यको आफ्नो कार्य जिम्मेवारी निर्वाह गर्न सक्ने गरी तालिम आदि संस्थागत क्षमता विकास गरिनेछ ।
- नगर विकासका कार्यक्रमहरू सञ्चालन गर्दा सरकारी, गैरसरकारी, सहकारी, नागरिक समाज तथा सामुदायिक संस्थाहरूसँग समन्वय र सहकार्य गरी सञ्चालन गरिने प्रणालीको स्थापना र विकास गरिनेछ ।
- सार्वजनिक जवाफदेहिता, उत्तरदायित्व र पारदर्शिता कायम गर्नमा नागरिक समाजको भूमिकालाई प्रश्रय दिइनेछ ।
- आवश्यकतानुसार संघीय तथा प्रादेशिक सरकारसँग सहकार्य र साझेदारीमा कार्यक्रम सञ्चालन र व्यवस्थापन गरिनेछ ।
- संघीय सरकारको स्वीकृति तथा प्रादेशिक सरकारको सहमतिमा प्राथमिकताको क्षेत्रमा आवश्यकतानुसार वैदेशिक सहयोग परिचालनमा समन्वय र सहकार्यसमेत गरिनेछ ।

## ९.६ उपलब्धि लक्ष्य

| क्र.सं | सूचक लक्ष्य | आ.व. ०७४/७५ को अवस्था | आवधिक योजनाको लक्ष्य ०७८/७९ मा) |
|---|---|---|---|
| **१.** | **संस्थागत विकास र सेवा प्रवाह** | | |
| १.१ | कर्मचारी पदपूर्ति | ५७.३% | १००% |
| १.२ | नागरिक बडापत्र | | १००% |
| १.३ | सूचना प्रविधिमैत्री सेवा प्रवाह (विद्युतीय सूचना प्रवाहसमेत) | ५ | १५ |
| १.४ | सवै वडाहरूमा इन्टरनेट जडान | १ | १५ |
| १.५ | नपासँग गैरसरकारी संस्थाको कार्यक्रमको समन्वय | | १००% |

| | | | |
|---|---|---|---|
| १.६ | क्षमता विकास कार्यक्रम (वटा) | | वार्षिक १० |
| १.७ | न्यायीक समिति तालिम | | २ |
| १.८ | सार्वजनिक, निजी, गैसस तथा सामुदायिक साझेदारीमा आधारित परियोजनाहरू | | १५ |
| १.९ | नागरिकमैत्री सेवा प्रवाह | | ९०% |
| २ | ऐन कानुन र कार्यविधि निर्माण | | |
| २.१ | ऐन कानुन निर्माण | ३ | ४४ |
| २.२ | कार्यविधि तथा मापदण्ड निर्माण (वटा) | ६ | ४४ |
| ३ | योजना तथा गरुयोजना | | |
| ३.१ | वस्तुगत विवरण | | ५ (बार्षिक) |
| ३.२ | स्रोत नक्सा निर्माण (Resource & Accessibility) | | २ |
| ३.३ | विषय क्षेत्रगत गरुयोजना निर्माण | | २ |
| ३.४ | मध्यकालीन खर्च संरचना निर्माण | | ५ |

## ९.७ प्रमुख कार्यक्रम

- संगठन तथा व्यवस्थापन सर्वेक्षण,
- विषय क्षेत्रगत गुरुयोजना,
- वस्तुगत विवरण निर्माण तथा अद्यावधिक,
- स्रोत नक्सा निर्माण,
- आवधिक विकास योजनाको मध्यावधि मूल्याङ्कन,
- ऐन, कानुन, कार्यविधि र मापदण्ड आदि निर्माण,
- जवाफदेही उत्तरदायी प्रशासन व्यवस्थापन,
- कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली,
- स्थानीय तहले निर्माण गर्नुपर्ने कानुन, कार्यविधि तथा मापदण्ड निर्माण,
- सरोकारवालासमेतको क्षमता विकास कार्यक्रम,
- विद्युतीय सुशासन,

- सुशासन (स्थानीय सरकारबाट दिइने सेवा र सुविधालाई प्रभावकारी, सरल, छिटो र छरितो, पारदर्शी र सहभागितामूलक बनाएर भ्रष्टाचाररहित सुशासनको अनुभूति नागरिकलाई गराउने),
- गुनासो व्यवस्थापन,
- आन्तरिक आयवृद्धि प्रवर्द्धन,
- आन्तरिक र बाह्य समन्वय सहकार्य प्रवर्द्धन ।

## ९.८ संस्थागत विकास तथा सेवा प्रवाहमा प्रक्षेपित लगानी

आवधिक योजना अवधिमा संस्थागत विकास, सेवा प्रवाह सुशासन तथा व्यवस्थापन सुधारलगायतका क्षेत्रमा रु. १९.२८ करोड (कुल प्रक्षेपित व्ययको ३.३२ प्रतिशत) खर्च हुने अनुमान गरिएको छ । यसमा मानव संसाधन विकास, संस्थागत विकास, सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग जस्ता कार्यहरू पर्दछन् । यस क्षेत्रअन्तर्गत संस्थागत विकासका लागि मात्र रु. १७.५० करोड अर्थात् कुल प्रक्षेपित व्ययको ३.०१ प्रतिशत खर्च हुने अनुमान छ। नगरपालिका र वडा कार्यालयहरूको कमजोर भौतिक अवस्थामा सुधार गर्न मर्मत सम्भार लगायतका संस्थागत विकास सम्बद्ध कार्यहरूका लागि यो रकम समावेश गरिएको हो ।

# भाग- १०

# वित्तीय व्यवस्थापन र सुशासन

## १०.१ विषय प्रवेश

नगरपालिकाको आवधिक नगर विकास योजनाको सफल कार्यान्वयनका लागि प्रभावकारी वित्तीय व्यवस्थापन आवश्यक पर्दछ। यस नगरपालिकाको आफ्नो स्वआर्जित सीमित स्रोत-साधन, संघ, प्रदेश बाट प्राप्त हुनसक्ने वित्तीय हस्तान्तरण, राजश्वबांडफांड एवं अन्य बाह्य स्रोतबाट प्राप्त हुने रकमसमेतको महत्तम उपयोग गरी आवधिक योजनाद्वारा अपेक्षित उपलब्धिहरू हासिल गर्नका लागि नतिजाउन्मुख आधारमा वित्तीय व्यवस्थापन गरिनुपर्ने हुन्छ।

## १०.२ वर्तमान अवस्था

नगरपालिकाको हाल समष्टिगत वित्तीय स्थिति सबल देखिदैन। विकट भौगोलिक परिवेश, न्यून आर्थिक क्रियाकलाप, जीविकोपार्जनमुखी कृषिआदिका कारण आन्तरिक आयमा ठूलो परिवर्तन सहज छैन। आर्थिक वर्ष २०७४/७५ मा नगरपालिकाले विभिन्न स्रोतहरूवाट गरी करिब रु. ६० करोड प्राप्त हुने परिमार्जित अनुमान रहेको छ। यस आ.व. को प्रमुख स्रोतहरूमा संघीय सरकारबाट प्राप्त समानीकरण अनुदान रु. २८.६५ करोड, ससर्त अनुदानबापत रु. १९.८८ करोड, सामाजिक सुरक्षा कार्यक्रमका लागि रु. ९.०८ करोड, विषय क्षेत्रगत (विषयगत कार्यालय) विशेष अनुदान रु. २.८० करोड बजेट विनियोजन भएको छ। जिल्लास्तरीय विषयगत निकायहरूबाट नगरपालिका क्षेत्रभित्र सञ्चालन कार्यक्रमहरूका लागि खर्च हुने रकमको यथार्थ तथ्यांक उपलब्ध नभए तापनि चालु आर्थिक वर्षमा करिब रु. १४ करोड विषयगत निकायबाट नगरपालिका क्षेत्रभित्र सिधै खर्च हुने अनुमान गरिएको छ।

## १०.३ अवसर तथा चुनौतीहरू

### (क) चुनौतीहरू

यस नगरपालिकाको विद्यमान आर्थिक तथा सामाजिक स्थितिका सूचकहरु कमजोर रहेकाले आगामी वर्षहरूका वित्तीय व्यवस्थापन गर्न चुनौतीपूर्ण हुने देखिन्छ। बढ्दो जनअपेक्षाको तुलनामा नगरपालकिाको न्यून स्रोतबाट सार्वजनिक खर्च र सेवाको बीचमा तादात्म्यता कायम गर्न निकै कठिन हुन आउने देखिन्छ। नगरको आर्थिक तथा सामाजिक स्थितिमा सुधार ल्याई जनताको आधारभूत सेवा र सुविधालाई प्रभावकारी रूपले सहज पहुँच पुर्‍याउनका लागि आवश्यक पर्ने पुँजीगत लगानी लगायतको कार्यक्रम खर्च र सामाजिक सुरक्षा तथा चालु खर्च गरी कुल व्ययको व्यवस्थापन गरिनुपर्ने हुन आउँछ। यसैगरी उपलब्ध स्रोत साधनको ठूलो अंश उपभोगमा (चालु) खर्च गर्नुपर्ने बाध्यताले विकास कार्यका लागि थोरै मात्र खर्च गर्न सकिने अवस्था विद्यमान रहेको छ। अर्कोतर्फ जिल्ला सदरमुकाममा अवस्थित रहेको कारणले यस नगरपालिकाले छिमेकीलगायत वरपरका नगरपालिका एवं गाउँपालिकाका बासिन्दालाई समेत सेवा प्रवाह गर्नुपर्दा सीमित स्रोतमा थप चाप पर्न गएको छ।

**(ख) अवसर**

सङ्घीयताको कार्यान्वयनको क्रममा स्थानीय सरकार सञ्चालन ऐन र अन्तर–सरकारी वित्त व्यवस्थापन ऐनले नगरपालिकालाई आन्तरिक राजस्व र संघ तथा प्रदेशबाट प्राप्त हुने गरी थप स्रोत तथा साधनहरू जुटाउन सक्ने कानुनी अवसरहरू प्राप्त भएको छ। यसैगरी स्थानीय स्तरमा निजी, सहकारी, गैरसरकारी क्षेत्र र नागरिक समाजको सहकार्यमा पूरक वित्तीय स्रोतहरू जुटाउन सक्ने थप अवसरहरूसमेत विद्यमान रहेका छन्। नगरपालिकाको भौगोलिक विकटता र न्यून आर्थिक क्रियाकलापहरूको विद्यमान स्थितिमा सुधार ल्याउन सम्भाव्य आर्थिक अवसरहरूलाई उपयोग गरिनुपर्ने हुन आउँदछ। निर्माणाधीन मध्यपहाडी लोकमार्गबाट यस नगरपालिकामा सहज पहुँच सम्भव सम्भव भएकोले यस लोकमार्ग नगरपालिकाको आर्थिक सामाजिक विकासका लागि आधार रेखाको रूपमा उपयोग गर्न सकिने अवसर जुटेको छ। यसका लागि नगरपालिकाको पाँच वर्षे आवधिक योजना अवधिमा वित्तीय व्यवस्थापनलाई प्रभावकारी एवं नतिजाउन्मुख तुल्याएर नगर क्षेत्रको समृद्धिमा सघाउ पुग्ने अवसरहरूलाई उपयोग गर्न सक्ने सम्भावना बलियो छ।

## १०.४ उद्देश्य

"आन्तरिक र बाह्य स्रोत साधनको उच्चतम प्रयोग गर्दै प्रविधिमैत्री कर तथा आर्थिक व्यवस्थापनको माध्यमबाट वित्तीय अनुशासन कायम भई स्थानीय सुशासन प्रत्याभूत भएको हुने।"

## १०.५ रणनीति

**(१) वित्तीय स्रोत परिचालन सम्बद्ध रणनीति तथा कार्यनीतिहरू**

- करको विद्यमान संरचनाको पुनरावलोकनद्वारा नयाँ करका सम्भावनाहरूको पहिचान गरी बढीभन्दा बढी करदाताहरूलाई करको दायरामा समेट्ने गरी स्थानीय करका आधारलाई विस्तार गरिनेछ।
- स्थानीय करको आधारलाई फराकिलो तुल्याउन नगर क्षेत्रभित्रका सबै आर्थिक कारोबारलाई अभिलेखीकरण गरिनेछ।
- स्थानीय कर प्रणालीलाई प्रक्रियागत सरलीकरण गरी करदाताहरूलाई सहज हुने गरी नगरपालिकाको कर प्रशासनलाई प्रविधिउन्मुख एवं करदातामैत्री तुल्याइनेछ।
- स्थानीय करका दरहरूलाई पारदर्शी, प्रतिस्पर्धी, स्वच्छ, तटस्थ एवम् समन्यायिक बनाइने छ।
- नगर क्षेत्रमा उद्योग व्यवसायको प्रवर्द्धनमा सघाउ पुग्ने गरी स्थानीय कर प्रणालीलाई लगानी तथा व्यवसायमैत्री बनाउँदै स्थानीय कर प्रशासनलाई दक्ष एवं सक्षम तुल्याइनेछ।
- उद्योग व्यवसाय क्षेत्र तथा व्यक्तिगत करदाताहरूमा स्थानीय कर प्रणालीको औचित्यता प्रस्ट्याउन कर शिक्षा र परामर्श सेवालाई वडा तहसम्म विस्तार गरिनेछ।
- संघ र प्रदेशबाट उपलब्ध हुने समानीकरण, ससर्त, समपूरक र विशेष अनुदान र अन्य स्रोतलाई नगरपालिकाको आवश्यकता र प्राथमिकताबमोजिम परिचालन गरिनेछ।
- स्थानीय राजस्व परामर्श समितिको क्षमता विकास गरिनेछ।
- बढी कर बुझाउनेलाई सार्वजनिक रूपमा सम्मान गरिनेछ।
- करदाताहरूलाई सघाउन सरल एवं स्पष्ट हुने गरी कार्यविधिहरू लागू गरिनेछ।

- संघ, प्रदेश र अन्य निकायहरूबाट नगरपालिकालाई उपलब्ध हुने समपूरक तथा विशेष अनुदानलाई नगर सभाबाट पारित वार्षिक योजना, कार्यक्रम तथा बजेटको आधारमा उपयोग गरिनेछ ।
- सामाजिक सुरक्षाबापतको अनुदान रकमलाई पारदर्शी रूपमा व्यवस्थापन गरिनेछ ।

(२) **बजेट खर्चसम्बन्धी रणनीति**

- नगरपालिकाको बजेट निर्माण गर्दा आवधिक योजनाले तोकेका प्राथमिकता, प्रदेश र केन्द्र सरकारबाट प्राप्त मार्गदर्शन एवं नगर कार्यपालिकाले तोकेको प्राथमिकताको सिद्धान्तका आधारमा वित्तीय स्रोतहरूको व्यवस्था गरिनेछ ।
- नगरपालिकाको बजेट तर्जुमा दिग्दर्शन तथा मध्यकालीन खर्च संरचनाको आधारमा बजेट प्रस्ताव तयार गरिनेछ ।
- बजेट खर्चलाई जवाफदेही, पारदर्शी र उपलब्धिमूलक बनाउँदै गैरबजेटीय खर्चहरूलाई नियन्त्रण गरिनेछ ।
- विकास कार्यक्रमहरूमा सार्वजनिक, निजी, सहकारी, गैरसरकारी, साझेदारी एवं सामुदायिक सहभागितालाई प्रवर्द्धन गरिनेछ ।
- सम्भाव्यता अध्ययन र प्राविधिक लगत अनुमानका आधारमा निर्माणसम्बन्धी कार्यमा बजेट विनियोजन गरिनेछ ।
- नगरपालिकाको खर्च व्यवस्थालाई जवाफदेही, पारदर्शी एवं समयबद्ध तुल्याउन स्पष्ट कानुन र आर्थिक कार्यविधिहरू लागू गरिनेछ ।
- नगरपालिकाको बजेट कार्यान्वयन गर्दा वित्तीय अनुशासनलाई दृढताका साथ लागू गरिनेछ ।
- नगरपालिकाको कार्यक्रमहरू सार्वजनिक खरिद ऐन, आर्थिक कार्यविधि ऐन, सार्वजजिक निजी साझेदारी ऐन, कार्यक्रम सञ्चालन कार्यविधिहरूबमोजिम कार्यान्वयन गरिनेछ ।
- नगरपालिकाको पुँजीगत निर्माण कार्यसम्बन्धी कार्यक्रमहरू सम्बन्धित कार्यविधिको अधीनमा रही उपभोक्ता समितिको माध्यमद्वारा सञ्चालन गरिनेछ ।

(३) **रणनीति**

(क) समग्र वित्तीय व्यवस्थापनलाई यथार्थपरक, पारदर्शी एवं विश्वसनीय तुल्याइनेछ ।

(ख) नगरको समग्र वित्तीय स्थितिलाई आवधिक रूपमा सार्वजनिक गरिनेछ ।

(ग) नगरपालिकाको बजेट प्रणालीलाई सन्तुलित बनाई अनुत्पादक खर्चहरूलाई नियन्त्रण गरिनेछ ।

(घ) नगरपालिकाको आय व्ययसम्बन्धी सम्पूर्ण आर्थिक कारोबारको विद्युतीय प्रणालीमा आधरित गरी अद्यावधिक अभिलेख राखिनेछ ।

(ङ) नगरपालिकाको आय व्ययसम्बन्धी सम्पूर्ण लेखा तथा आर्थिक विवरणको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराई कायम भएका बेरुजुको प्रतिवेदन लेखा समितिमा प्रस्तुत गरी नगर सभाको निर्देशनबमोजिम कारबाही तथा फछ्र्योट गरिनेछ ।

(च) नगरपालिकाको आय व्यय सम्बन्धमा सामाजिक परीक्षण, सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाइ गरी नगरपालिकाको वेबसाइटको माध्यमद्वारा नागरिकलाई सुसूचित गरिनेछ ।

(छ) नगरपालिकाको बजेट प्रणालीमा सन्तुलन कायम गर्ने गरी आय व्ययलाई व्यवस्थापन गरिनेछ ।

(ज) नगरपालिकाको बजेट प्रणालीमा वित्तीय आयोगले निर्धारण गरेका मापदण्डबमोजिम पुँजीगत लगानीमा सहुलियतपूर्ण ऋण उपयोग गर्न सकिनेछ ।

(झ) अन्य नगर तथा गाउँपालिकामा प्रदान गरिने सेवाका लागि थप वित्तीय स्रोत व्यवस्थापन हुन पहल गरिनेछ ।

## १०.६ वित्तीय स्रोतको प्रक्षेपण

दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाको पाँचवर्षे आवधिक योजना (२०७५/७६–२०७९/८०) अन्तर्गत नगरपालिकाको आर्थिक तथा सामाजिक विकासका लागि समग्र रूपमा प्रभावकारी वित्तीय व्यवस्थापन गर्नु पर्ने हुन्छ। आवधिक योजनाद्वारा परिलक्षित आर्थिक वृद्धि र सामाजिक विकासका लक्ष्यहरू हासिल गर्नका लागि स्रोत साधनको महत्तम परिचालन र सोको नतिजाउन्मुख उपयोगको आवश्यकता पर्दछ ।

नगरपालकिाको समग्र विकासका लागि आवश्यक पर्ने विकास खर्च र प्रशासनिक खर्चको समेत आवश्यकता पूरा गर्न अन्तर सरकारी वित्तीय हस्तान्तरण प्रणालीको अधिकतम उपयोग गर्दै आन्तरिक स्रोत परिचालनलाई समेत जोड दिनुपर्ने हुन्छ। यस नगरपालिका खोटाङ जिल्लाको सदरमुकाम दिक्तेलमा अवस्थित रहेको कारणले छिमेकी लगायत वरपरका नगरपालिका एवं गाउँपालिकाका बासिन्दालाई समेत सेवा प्रवाह गर्नुपर्ने भई संघ र प्रदेशबाट अनुदान र राजस्व बाँडफाँटका रकमहरू निर्धारण गर्दा यस नगरपालिकालाई थप व्यवस्था हुने अपेक्षा गरिएको छ। यसै गरी नगरपालिकाको भौगोलिक विकटता र न्यून आर्थिक क्रियाकलापहरूको विद्यमान स्थितिमा सुधार ल्याउन सम्भाव्य आर्थिक अवसरहरूलाई उपयोग गरी आन्तरिक स्रोतलाई बढाउन स्वच्छ, तटस्थ एवम् पारदर्शी स्थानीय कर प्रणालीको विकास र स्वैच्छिक कर सहभागिताबाट नगरपालिकाको आन्तरिक कर राजस्वको अनुपात बढाउँदै लैजान आवश्यक हुन्छ ।

नगरपालिकाको पांच बर्षे आवधिक नगर विकास योजनाका निर्दिष्ट उपलव्धी लक्ष्य हासिल गर्न आ.ब (२०७५/७६–२०७९/८०) को अवधिमा प्रक्षेपित (वर्ष २०७४/७५ लाई आधार वर्ष मानी) सार्वजनिक क्षेत्रअन्तर्गत र अन्य विभिन्न स्रोतहरूबाट गरी कुल रु. ५.८१ अर्ब परिचालन गर्ने अनुमान गरिएको छ (आय तथा व्ययको वित्तीय विवरण अनुसूची ४.१ र ४.२ मा संलग्न छ)।

## स्रोतगत आय तथा प्राप्तिको तालिका

| क्र.सं | स्रोतगत आय तथा प्राप्ति | रकम (रु. करोडमा) | प्रतिशत |
|---|---|---|---|
| १ | संघीय सरकारको अनुदान | ३६७.३१ | ६३.२३ |
| २ | प्रदेश सरकारको अनुदान | ७.०० | १.२० |
| ३ | राजस्वको बाँडफाँट | ६१.४३ | १०.५७ |
| ४ | रोयल्टीको बाँडफाँट | १.२० | ०.२१ |
| ५ | वैदेशिक सहायता | ३.१० | ०.५३ |
| ६ | आन्तरिक राजस्व | ८.८२ | १.५२ |
| ७ | नगरपालिकामार्फतको जम्मा प्राप्ति | ४४८.८७ | ७७.२६ |
| ८ | विषयगत निकायहरूबाट नगरपालिका क्षेत्रका लागि सिधै विनियोजित रकम | ९०.३९ | १५.५६ |
| ९ | निजी क्षेत्र, सहकारी क्षेत्र, गैरसरकारी क्षेत्र र जनसहभागिताबाट नगरपालिकासँगको सहकार्यमा प्राप्त हुने अनुमानित रकम | ४१.७० | ७.१८ |
| १० | कुल अनुमानित जम्मा प्राप्ति तथा आय | ५८०.९६ | १०० |

प्रक्षेपणअनुसार संघीय सरकारबाट विभिन्न अनुदानबापत कुल रु. ३६७.३१ करोड प्राप्त हुने अनुमान गरिएको छ । जसमध्ये समानीकरण अनुदानबापत रु. ८६.०३ करोड, ससर्त अनुदानबापत रु. १९५.३२ करोड, समपूरक अनुदानबापत रु. १५ करोड र विशेष अनुदानबापत रु. १० करोड प्राप्त हुने अनुमान छ । अघिल्लो आ.व २०७४/७५ का लागि समानीकरण अनुदानबापत रु. २८.६५ करोड प्राप्त भएको थियो । तर आर्थिक वर्ष २०७५/७६ का लागि समानीकरण अनुदानबापत रु. १४.०९ करोड मात्र प्राप्त हुने गरी उपलब्ध सिलिङका आधारमा आवधिक योजनका लागि समानीकरण अनुदानको प्रक्षेपण गरिएको छ। ससर्त अनुदानको हकमा आर्थिक वर्ष २०७५/७६ का लागि रु. ३२.०९ करोड सिलिङ उपलब्ध हुने आधारमा प्रक्षेपण गरिएको छ ।

राजस्व बाँडफाँटको सन्दर्भमा संघीय सरकारद्वारा उठाउने मूल्य अभिवृद्धि कर र अन्तःशुल्कको रकम तोकिएबमोजिम विभाज्य कोषमार्फत स्थानीय तहलाई उपलब्ध गराइनेछ। आर्थिक वर्ष २०७५/७६ का लागि संघीय सरकारबाट रु. १०.०३ करोड प्राप्त हुने गरी राजस्वको बाँडफाँटको सिलिङ प्राप्त भएकाले सोही अंकलाई आधार मानी दिक्तेल रूपाकोट मझुवागढीले योजना अवधिमा राजस्व बाँडफाँटबापत रु. ६१.४३ करोड अर्थात् कुल आय तथा प्राप्तिको करिब १०.५७ प्रतिशत मात्र प्राप्त गर्ने प्रारम्भिक प्रक्षेपण गरिएको छ। यसैगरी सामाजिक सुरक्षाबापत आवधिक योजना अवधिमा जम्मा रु. ६०.९७ करोड संघीय सरकारबाट थप अनुदान प्राप्त हुने अनुमान गरिएको छ। प्रक्षेपणअनुसार कुल आय तथा प्राप्तिको करिब ६३ प्रतिशत रकम संघीय सरकारबाट अनुदान प्राप्त हुने अनुमान छ ।

प्रदेश सरकारको सीमित स्रोतको कारण प्रदेश सरकारको तर्फबाट दिइने अनुदानको आधार तय भइनसकेकोले तत्कालका लागि आवधिक योजना अवधिमा रु. ७ करोड अर्थात् १.२० प्रतिशत मात्र प्राप्त हुने प्रारम्भिक अनुमान छ ।

साथै यस नगरपालिकाले तत्काल प्राकृतिक स्रोत साधनको रोयल्टी बाँडफाँटबापतको रकम नपाउने भए तापनि दिक्तेल रूपाकोट मझुवागढीको छेउछाउ वन जंगल तथा जलस्रोतहरूको उपयोगबापत आवधिक योजना अवधिमा यस नगरपालिकाले रोयल्टी बाँडफाँटको रकमबापत रु. १.२० करोड (कुल आय तथा प्राप्तिको करिब ०.२१ प्रतिशत) प्राप्त गर्ने अनुमान गरिएको छ। आवधिक योजना अवधिमा यस नगरपालिकाले संघीय अर्थ मन्त्रालयको संयोजनमा करिब रु. ३.१० करोड (कुल आय तथा प्राप्तिको करिब ०.५३ प्रतिशत) वैदेशिक सहायता प्राप्त गर्ने अनुमान गरिएको छ। कुल आय तथा प्राप्तिअन्तर्गत विषयगत निकायहरूबाट नगरपालिका क्षेत्रका लागि सिधै विनियोजित रकम करिब रु. ९०.३९ करोड अर्थात् १५.५६ प्रतिशत हुन सक्ने अनुमान गरिएको छ ।

नगरपालिकाको आन्तरिक राजस्वतर्फ हाल कायम भएका आयस्रोतहरू र आगामी वर्षहरूमा परिचालन गर्न सकिने सम्भाव्य थप आयस्रोतहरूसमेतलाई विचार गरी प्रक्षेपण गरिएको छ। यस प्रयोजनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेख भएबमोजिम नगरपालिकाको वित्तीय अधिकार क्षेत्रमा उल्लेख भएबमोजिम लगाउन सक्ने करहरूलाई आधार मानी प्रक्षेपण गरिएको छ । जसअनुसार २०७५ साउनदेखि एकीकृत सम्पत्ति कर मात्र लगाउनुपर्ने हुँदा नगरपालिका क्षेत्रभित्र रहेका घर जग्गाको एकीकृत रूपमा हिसाब गरी सम्पत्ति कर लगाउनुपर्नेछ । एकीकृत रूपमा सम्पत्ति कर लगाएको अवस्थामा भूमि कर नलगाइने हुँदा प्रक्षेपणमा सोहीबमोजिम समायोजन गरिएको छ । नेपाल सरकारको निर्णयअनुसार घर जग्गा बहाल कर स्थानीय सरकारले मात्र उठाउने हुँदा सोको आय बढाएर प्रक्षेपण गरिएको छ । आन्तरिक स्रोतबाट आवधिक योजना अवधिमा जम्मा रु. ८.८२ करोड अर्थात् कुल आय तथा प्राप्तिको करिब २ प्रतिशतसम्म परिचालन हुन सक्ने अनुमान छ। दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाको पाँचवर्षे आवधिक योजना अवधिमा नगरपालिकाको आन्तरिक आयमा क्रमिक वृद्धि हुने अपेक्षा गरिएको छ ।

यसैगरी आवधिक योजना अवधिमा निजी क्षेत्र, सहकारी क्षेत्र, गैरसरकारी क्षेत्र र जनसहभागिताबाट नगरपालिकासँगको सहकार्यमा थप रु. ४१.७० करोड (कुल अनुमानित प्राप्ति तथा आयको करिब ७ प्रतिशत) परिचालन हुने अनुमान छ ।

### २. व्ययको प्रक्षेपण

दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाको पाँचवर्षे आवधिक योजनाअन्तर्गत सार्वजनिक खर्चको प्रक्षेपण गर्दा स्वीकृत योजना र बजेटको परिधिभित्र रहेर वित्तीय जवाफदेहितासहित कुशल र समन्यायिक तथा दिगो रूपमा धान्न सकिने गरी आर्थिक वृद्धि तथा सामाजिक विकासमा योगदान पुग्नेतर्फ ध्यान दिइएको छ। सार्वजनिक खर्चबाट न्यायोचित र उत्पादनमूलक विनियोजन तथा प्रभावकारी कार्यान्वयनका लागि दक्षता अभिवृद्धि गर्नेसमेत अपेक्षा गरिएको छ ।

विभिन्न आर्थिक तथा सामाजिक विकास सम्बद्ध कार्यहरू, सामाजिक सुरक्षा र चालु खर्च लगायतमा गरी कुल रु. ५.८१ अर्ब खर्च हुने प्रारम्भिक अनुमान गरिएको छ। जसअनुसार आर्थिक तथा सामाजिक विकास सम्बद्ध कार्यहरूका लागि करिब रु. ४.६७ अर्ब अर्थात् कुल व्ययको करिब ८० प्रतिशत खर्च हुने अनुमान छ। नगरपालिकाको आवधिक योजनाअन्तर्गत प्रक्षेपित कुल कार्यक्रम खर्चमध्ये करिब ७ प्रतिशत अर्थात् रु.४१.७० करोड बराबरको रकम निजी क्षेत्र, सहकारी क्षेत्र, गैरसरकारी क्षेत्र र जनसहभागिताबाट नगरपालिकासँगको सहकार्यमा खर्च हुने अनुमान छ। कुल

खर्चको बाँकी १९ प्रतिशत अर्थात् रु. १.१४ अर्बमध्ये सामाजिक सुरक्षामा रु. ६०.९७ करोड र कार्य सञ्चालन प्रयोजनमा रु. ५२.६० करोड खर्च हुने अनुमान छ। दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाको पाँचवर्षे आवधिक योजना अवधिमा गरिने खर्चहरूको विस्तृत विवरण अनुसूची–४.२ मा दिइएको छ। सोको मुख्य शीर्षकगत विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ।

**मुख्य शीर्षकगत व्ययको तालिका**

| क्र.सं. | व्ययको मुख्य शीर्षक | रकम (रु.करोडमा) | प्रतिशत |
|---|---|---|---|
| १ | आर्थिक क्षेत्र | ४२.०० | ७.२३ |
| २ | पूर्वाधार क्षेत्र | १४६.५७ | २५.२३ |
| ३ | सामाजिक क्षेत्र | २४०.१३ | ४१.३३ |
| ४ | वातावरण क्षेत्र | १६.४० | २.८२ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह सुशासन तथा व्यवस्थापन सुधार क्षेत्र | १९.२८ | ३.३२ |
| ६ | अन्य क्षेत्र | ३.०० | ०.५२ |
| ७ | जम्मा कार्यक्रम खर्च (१.–६ सम्म) | ४६७.३८ | ८०.४५ |
| ८ | सामाजिक सुरक्षा खर्च | ६०.९७ | १०.५० |
| ९ | कार्य सञ्चालन खर्च | ५२.६१ | ९.०५ |
| १० | **कुल अनुमानित खर्च** | **५८०.९६** | **१००** |

नगरपालिकाको पाँचवर्षे आवधिक योजनाको लक्ष्यबमोजिम प्राथमिकतामा समावेश गरिएका विकास कार्यक्रम तथा क्रियाकलापहरूलाई आवश्यक पर्ने खर्च जुटाउने गरी माथिको तालिकामा उल्लेख भएअनुसार सबैभन्दा बढी रकम रु. २.४० अर्ब (कुल प्रक्षेपित व्ययको ४१.३३ प्रतिशत) सामाजिक क्षेत्रका लागि खर्च हुने अनुमान गरिएको छ। सामाजिक क्षेत्रअन्तर्गत हुने खर्चमध्ये शिक्षा, युवा तथा खेलकुदमा सबैभन्दा बढी ३१.१६ प्रतिशत, स्वास्थ्यमा ६.०६ प्रतिशत, खानेपानी तथा सरसफाइमा २.६४ प्रतिशत, संस्कृति प्रवर्द्धनमा ०.५८ प्रतिशत र लैंगिक समानता तथा सामाजिक समावेशीकरणमा ०.८९ प्रतिशत खर्च हुने अनुमान छ। सामाजिक क्षेत्रपछि धेरै खर्च पूर्वाधार क्षेत्रमा रु. १.४७ अर्ब (कुल प्रक्षेपित व्ययको २५.२३ प्रतिशत) खर्च हुने अनुमान गरिएको छ। जसअन्तर्गत सडक तथा पुल (झोलुंगे पुलसमेत) का लागि १२.५३ प्रतिशत, गोरेटो तथा घोडेटो बाटोका लागि ०.५२ प्रतिशत, भवन निर्माणका लागि १.३६ प्रतिशत, शीतगृह तथा गोदाम निर्माणका लागि ०.८२ प्रतिशत, सिञ्चाइका लागि ६.२८ प्रतिशत, जलविद्युत् (वैकल्पिक ऊर्जासमेत) का लागि ३.२९ प्रतिशत र सञ्चार क्षेत्रका लागि ०.४३ प्रतिशत व्ययको प्रक्षेपण गरिएको छ। पूर्वाधारको विकासमा अन्य क्षेत्रहरूका साथै नगरपालिका इलाकामा शीतगृह तथा गोदाम निर्माणका लागि रु. १.३२ करोड समावेश गरिएको छ। पूर्वाधारको विकासमा अन्य क्षेत्रहरूका साथै नगरपालिका इलाकामा शीतगृह तथा गोदाम निर्माणका लागि रु.४.७७ करोड समावेश गरिएको छ। आर्थिक क्षेत्रका लागि रु. ४२. करोड (कुल प्रक्षेपित व्ययको ७.२३ प्रतिशत) खर्च हुने अनुमान गरिएको छ। जसअन्तर्गत कृषि तथा पशुपालनमा ३.९६ प्रतिशत, उद्योग तथा खानीमा १.२६ प्रतिशत, वाणिज्यमा ०.८६ प्रतिशत, पर्यटनमा ०.८९ प्रतिशत, सहकारी क्षेत्रमा ०.१० प्रतिशत र वित्तीय क्षेत्रमा ०.१६ प्रतिशत खर्च हुने अनुमान गरिएको छ।

सामाजिक र पूर्वाधार क्षेत्रको तुलनामा आर्थिक क्षेत्रका लागि प्रक्षेपित व्ययको रकम एकदमै कम देखिन्छ। तथापि कृषि तथा पशुपालनको व्यवसायीकीकरण, आर्थिक क्षेत्रअन्तर्गत औद्योगिक ग्रामको विकास, बजार केन्द्रहरूको स्थापना तथा विस्तार, पर्यटन केन्द्रहरूको विकास, सहकारी संस्थाहरूको प्रवर्द्धन र वित्तीय संस्थाहरूको विकास सम्बद्ध कार्यहरूमा निजी क्षेत्रको अधिकाधिक लगानी एवं सहभागिता रहने अपेक्षा गरिएको हुँदा नगरपालिकाको प्रत्येक्ष लगानी कम मात्र देखाइएको हो। वातावरण क्षेत्रअन्तर्गत रु. १६.४० करोड (कुल प्रक्षेपित व्ययको २.८२ प्रतिशत) खर्च हुने अनुमान गरिएको छ। वातावरण क्षेत्रअन्तर्गत वन तथा भूसंरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन र वारुणयन्त्र सञ्चालन सम्बद्ध कार्यहरू समावेश गरिएका छन्। वातावरण क्षेत्रअन्तर्गत समावेश गरिएको वारुणयन्त्र सञ्चालनलाई उच्च प्राथमिकतामा राखी आ.व २०७५/७६ मा नै रु. १ करोडको व्यय समावेश राखिएको छ। वातावरण क्षेत्रअन्तर्गतका यावत् क्रियाकलापहरूमा पनि निजी क्षेत्रको लगानी एवं सहभागिता रहने अपेक्षा गरिएको छ। संस्थागत विकास, सेवा प्रवाह सुशासन तथा व्यवस्थापन सुधार क्षेत्रमा रु. १९.२८ करोड (कुल प्रक्षेपित व्ययको ३.३२ प्रतिशत) खर्च हुने अनुमान गरिएको छ। यसमा मानव संसाधन विकास, संस्थागत विकास, सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग जस्ता कार्यहरू पर्दछन्। यस क्षेत्रअन्तर्गत संस्थागत विकासका लागि मात्र रु. १७.५० करोड अर्थात् कुल प्रक्षेपित व्ययको ३.०१ प्रतिशत खर्च हुने अनुमान छ। नगरपालिका र वडा कार्यालयहरूको कमजोर भौतिक अवस्थामा सुधार गर्न मर्मत सम्भार लगायतका संस्थागत विकास सम्बद्ध कार्यहरूका लागि यो रकम समावेश गरिएको हो।

## ३. सहकार्य तथा साझेदारीअन्तर्गतको व्यय

निजी क्षेत्र, सहकारी क्षेत्र, गैरसरकारी क्षेत्र र जनसहभागिताबाट नगरपालिकासँगको सहकार्यमा खर्च हुने अनुमानित रकम निम्नबमोजिमका क्षेत्रहरूमा खर्च हुने अनुमान गरिएको छ :

**सहकार्य तथा साझेदारीअन्तर्गतको व्यय तालिका**

| क्र.सं. | व्यय शीर्षक | रकम (रु.करोडमा) | प्रतिशत |
|---|---|---|---|
| १ | आर्थिक क्षेत्र | ११.६५ | २७.९४ |
| २ | पूर्वाधार क्षेत्र | २१ .६५ | ५१.९२ |
| ३ | सामाजिक क्षेत्र | ७.३० | १७.५० |
| ४ | वातावरण क्षेत्र | १.१० | २.६४ |
| | जम्मा | **४१.७०** | **१००** |

माथिको तालिकाअनुसार निजी क्षेत्र, सहकारी क्षेत्र, गैरसरकारी क्षेत्र र जनसहभागिताबाट नगरपालिकासँगको सहकार्यमा सबैभन्दा बढी पूर्वाधार क्षेत्रमा ५१.९२ प्रतिशत र त्यसपछि आर्थिक क्षेत्रमा २७.९४ प्रतिशत, सामाजिक क्षेत्रमा १७.५० प्रतिशत र वातावरण क्षेत्रमा २.६४ प्रतिशत खर्च हुने अनुमान छ। सहकार्य तथा साझेदारीअन्तर्गतको व्यय नगरपालिका र सम्बद्ध निकायका बीचमा तय भएको आयोजनागत आधारमा खर्चको अनुपात निर्धारण गरिनेछ।

# भाग- ११
# कार्यान्वयन योजना

## ११.१ कार्यान्वयन कार्ययोजना

गाउँ वा नगर सभाबाट आवधिक नगर विकास योजना स्वीकृत भए पछि यसका आधारमा नगरपालिकाले सबै विषय क्षेत्र शाखा र वडा कार्यालयहरूलाई मार्गदर्शनसहित वार्षिक योजना तर्जुमाका लाीग बजेट पूर्वानुमान पठाउनुपर्दछ। उक्त पूर्वानुमान र मार्गदर्शनका आधारमा सहभागितात्मक प्रक्रिया अवलम्बन गरी वार्षिक योजना तर्जुमा गर्नुपर्ने हुन्छ।

## ११.२ मार्गदर्शन तयारी

योजना वा कार्यक्रम सञ्चालन हुनुपूर्व स्वीकृत योजनाको विभिन्न विषय क्षेत्रगत कार्यक्रम कार्यान्वयनका लागि आवश्यक मार्गदर्शन तयार गर्नुपर्दछ। उक्त मार्गदर्शनसाथ खर्च गर्ने अख्तियारी पठाउनुपर्ने भए सोसमेत संलग्न गरी पठाउनुपर्दछ।

## ११.३ कार्यान्वयन विधिको छनोट

योजना कार्यान्वयन गर्नुपूर्व आवश्यकताअनुसार सार्वजनिक खरिद ऐनको परिधिभित्र रही ठेकापट्टा, उपभोक्ता समिति, करार वा, अमानत, गैरसरकारी संस्थासँगको साझेदारीमध्ये कुन प्रक्रिया अवलम्बन गरिने हो सो समेत खुलाई नगरपालिकामा पठाउनुपर्ने छ र नगरपालिकाबाट स्वीकृत भएपछि सोहीबमोजिम कार्यान्वयन गर्नुपर्ने छ। नगरपालिकाले कार्यान्वयन कार्ययोजना निर्माण गर्दा उपलब्धि सूचकसमेत उल्लेख गर्नुपर्छ। स्थानीय तहले सम्बन्धित कार्यान्वयन एकाइबाट चौमासिक रूपमा सोही सूचकबमोजिम प्रगति प्रतिवेदन लिने प्रणाली अपनाउनुपर्दछ।

गाउँपालिका तथा नगरपालिकाले सबै विषयगत क्षेत्र समेटी समष्टिगत कार्यान्वयन कार्य योजनासमेत बनाउनुपर्ने हुन्छ। कार्यान्वयन गर्ने सबै निकायबाट अनुसूचीबमोजिमको कार्यान्वयन योजना प्राप्त भएपछि नगरपालिकाले एकीकृत गरी विषय क्षेत्रगत प्रमुख कार्यक्रम र लगानी देखिने गरी समष्टिगत विवरण तयार गर्नुपर्दछ। यसैबमोजिम योजना कार्यान्वयन सम्बद्ध निकाय र व्यक्तिलाई कार्य जिम्मेवारी र क्रियाकलापप्रति जिम्मेवार बनाउनुपर्दछ।

## ११.४ अख्तियारी

वार्षिक कार्यक्रम र बजेट नगरसभाबाट पारित भएपछि नगर प्रमुखले स्वीकृत कार्यक्रम कार्यान्वयनका लगि प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिनुपर्दछ। प्रमुख प्रशासकीय अधिकृतले विषयगत शाखा र वडा कार्यालयहरूलाई अनुसूची ३ र ३क फाराम भर्न लगाई चौमासिक विभाजनसहितको कार्यक्रम माग गर्नुपर्ने छ। उक्त विवरणमा स्वीकृत वार्षिक कार्यक्रमअनुसार आवश्यक परिमार्जनसहित स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनका लागि मार्गदर्शनसहित प्रमुखबाट अख्तियारी प्राप्त भएको १५ दिनभित्र सम्बन्धित विषय क्षेत्रगत शाखा र वडा कार्यालयहरूलाई अख्तियारी प्रदान गर्नुपर्नेछ।

## ११.५ अनुगमनको प्रतिवेदन र समीक्षा

उक्त फाराममा उल्लेखित क्रियाकलापहरूको आधारमा अनुगमन योजना बनाई उपप्रमुखको संयोजकत्वमा गठन भएको समितिबाट अनुगमन योजना स्वीकृत गराई नियमित अनुगमनको व्यवस्था गर्नुपर्दछ। यसरी अनुगमन गर्दा अनुगमन सूचकको आधारमा गरी अनुगमन प्रतिवेदन पेस गर्नुपर्ने हुन्छ। उपप्रमुखको संयोजकत्वमा भएका अनुगमनको प्रतिवेदन कार्यपालिकाको नियमित बैठकमा छलफल गर्नुपर्दछ। यसैगरी योजनाको अनुगमन तथा कार्यालयको समष्टि भौतिक र वित्तीय प्रगति एवं समस्याहरूको बारेमा चौमासिक र वार्षिक समीक्षा तथा स्थानीय तह विकास समस्या समाधान समितिको बैठकमा पेस गरी प्राप्त निर्देशनबमोजिम कार्यान्वयन गर्नुपर्ने छ।

# भाग- १२
# अनुगमन तथा मूल्याङ्कन

## १२.१ पृष्ठभूमि

स्थानीय तहको विकासको मेरुदण्डको रूपमा रहेका विकास नीति, योजना तथा कार्यक्रमहरूको सफल कार्यान्यनका लागि अनुगमन तथा मूल्यांकनको महत्वपूर्ण भूमिका रहन्छ स्थानीय तहले योजना तर्जुमा तथा कार्यान्वनमा सशक्त स्वःअनुगमन तथा मूल्यांकन प्रणालीको स्थापना गरी आफूले निर्धारण गरेका लक्ष्य तथा उद्देश्य हासिल गर्ने दिशातर्फ योजनाको प्रगति उन्मुख भएको छ वा छैन भन्ने जानकारी प्राप्त गर्नुपर्ने हुन आउँदछ। कार्यान्यन चरणको समयमा नै आयोजनाहरूमा भएको लगानी तथा साधनको प्रवाह समुचित ढंगले भएको छ वा छैन, कार्यतालिकाअनुसार क्रियाकलापहरू सुचारु भएका छन् वा छैनन् साथै व्यवस्थापकीय कमजोरीहरू के के छन् भन्ने जानकारी प्राप्त गर्नुपर्ने हुन्छ। त्यसैले, नगरपालिकाले आवधिक विकास योजनाको आधारमा वार्षिक विकास योजना तर्जुमा गर्नुपर्ने हुन्छ। वार्षिक योजना कार्यान्वयनका लागि कार्यान्वयन तालिकासमेत तयार गर्नुपर्ने र सो कार्यान्वयन तालिकामा बजेटसहितका अनुगमनका कार्यहरूसमेत निर्दिष्ट गरी तदअनुसार अनुगमन गर्ने कार्यप्रणाली स्थापित गरिनुपर्दछ।

## १२.२ वर्तमान अवस्था

नगरपालिकाले वार्षिक योजनाका कार्यान्वयन तालिका बनाएर कार्यान्वयनका चरणमा अनुगमनलाई प्राथमिकता दिने गरेको पाइँदैन। अनुगमनलाई सामान्य प्राविधिक निरीक्षणको विषयको रूपमा ग्रहण गर्ने गरेको पाइन्छ। विकास साझेदारहरूको सहयोगमा सञ्चालित कार्यक्रमहरूको हकमा सघन अनुगमन प्रणाली पनि पाइन्छ। निर्वाचित जनप्रतिनिधिहरूको बहालीपछि प्रतिनिधिसहितको संयुक्त अनुगमनको अभ्यास पनि भएको पाइन्छ। यसैगरी चौमासिक तथा वार्षिक समीक्षामा प्रगतिको स्थितिको समीक्षा पनि हुने गरेको छ। निरीक्षण, सुपरिवेक्षण र अनुगमनमा खासै भिन्नता छ भन्ने महसुस हुन सकेको देखिँदैन। अनुगमन गर्दा पूर्वनिर्धारित सूचकहरूको आधारमा हुने अभ्यास पनि भएको देखिँदैन। अनुगमनलाई योजना चक्रको हिस्साको रूपमा बजेट विनियोजनसमेत हुने गरेको छैन। अनुगमनको परम्परागत प्रणाली समस्या समाधानको दृष्टिले त्यति प्रभावकारी हुन सकेको देखिँदैन।

## १२.३ अवसर र चुनौती

योजनाबद्ध विकासको प्रयासमा अनुगमनलाई योजना चक्रको अभिन्न हिस्सा र प्रगति सिंहावलोकन गर्ने प्रमुख आधार मान्ने गरिन्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ ले उपाध्यक्ष वा उपप्रमुखको र वडाअध्यक्षको काम कर्तव्य र अधिकारमा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेस गर्नुपर्ने कानुनी व्यवस्था गरेको छ। त्यस्तै उपप्रमुखको अध्यक्षतामा अनुगमन समितिको समेत प्रबन्ध भएको देखिन्छ। जिल्ला समन्वय समितिले पनि अनुगमन र वार्षिक समीक्षा गर्नुपर्ने संस्थागत र कानुनी व्यवस्था भएको छ। त्यस्तै ऐनको दफा ८४ ले प्रमुख प्रशासकीय अधिकृतले प्रमुखको निर्देशनमा अनुगमन तथा मूल्याङ्कन गर्ने

गराउने कानुनी व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐनले नगरपालिकालाई आफ्नो कार्यक्षेत्रभित्र पर्ने विकास योजनाको अनुगमनसम्बन्धी कानुनी संस्थागत तथा कार्यविधिगत जिम्मेवारी समेत किटानी व्यवस्था हुनुलाई प्रभावकारी अनुगमन प्रणाली स्थापना गर्ने अवसरको रूपमा लिनुपर्ने हुन्छ ।

भरखरै स्थापित स्थानीय तहहरूको संस्थागत विकास भइनसकेको वर्तमान अवस्थामा उपरोक्त कानुनी व्यवस्थाको कार्यान्वयन गर्नु चुनौतीपूर्ण रहेको छ। योजना सम्बद्ध प्राविधिक जनशक्तिको अभावले नियमित अनुगमन प्रभावित भइरहेको अवस्था छ। अनुगमनसम्बन्धी संयन्त्रहरू क्रियाशील हुन सकिरहेका छैनन्, अनुगमनका लागि भिन्दै बजेटको विनियोजनसमेत हुन सकेको देखिँदैन। यसैगरी स्थानीय सरकारका रूपमा विभिन्न विषयगत कार्य जिम्मेवारीहरू प्राप्त भए तापनि ती कार्य जिम्मेवारीअनुसारका अनुगमनका सूचकहरू निर्धारण हुन नसक्नु, तत्तत् विषयगत शाखाबाट आआफ्नो कार्यक्रमअनुसारका क्रियाकलापगत, परिमाणत्मक, नतिजागत, असर वा प्रतिफलगत तहसम्मका सूचकहरू प्राप्त गरी अनुगमन प्रणालीलाई सुव्यवस्थित गर्नु चुनौतीपूर्ण कार्यको रूपमा रहेको छ। कार्यप्रतिनिधिहरूलाई अनुगमनको महत्वबोध गराउन नसकिँदा अनुगमनले उचित प्राथमिकता प्राप्त गर्न सकेको देखिँदैन ।

कार्यक्रमअनुसारका चरणगत अनुगमन गरी पूर्वनिर्धारित समय, गुणस्तर, लागतमा कार्य भए नभएको यकिन गर्न कार्यान्वय चरणदेखि नै प्रभावकारी अनुगमन प्रणाली स्थापित गरी नतिजामुखी अनुगमन प्रणालीको स्थापना हुन झनै जरुरी देखिन्छ ।

## १२.४ उद्देश्य

आवधिक योजना र यसबमोजिम तर्जुमा हुने वार्षिक योजनाहरूको नतिजामुखी अनुगमन तथा मूल्याङ्कन पद्धति स्थापित भई संस्थागत भएको हुनेछ ।

## १२.५ रणनीति

- स्थानीय सरकार सञ्चालन ऐनबमोजिमको अनुगमन संयन्त्रलाई संस्थागत गरी क्रियाशील गराइनेछ ।
- आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य, उद्देश्य हासिल भए नभएको उपलब्धि र नतिजा सूचकहरूको विकास गरी मध्यावधि मूल्याङ्कन गरिनेछ ।
- आवधिक योजनाका आधारमा वार्षिक योजना तर्जुमा गरी आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्यहरू प्राप्त उन्मुख भए नभएको अनुगमन गरिनेछ ।
- विषयगत कार्यक्रमहरूको कार्यक्रमगत सूचकहरूको निर्माण गरी तदअनुसार अनुगमन गरिनेछ ।
- अनुगमनको कार्यतालिका बनाई अनुगमन गर्ने प्रणालीको विकास गरी, तदअनुसार क्षमता विकासका साथै बजेटको व्यवस्था गरिनेछ ।
- अनुगमन पश्चात अनुगमनकर्ताबाट लिखित रूपमा अनुगमन प्रतिवेदन लिने, यसलाई नियमित बैठकमा छलफल गरी देखिएका बाधा अड्चन फुकाइनेछ ।

- चौमासिक समीक्षा तथा स्थानीय तहको समस्या समाधान समितिको बैठकमा अनुगमन समितिबाट समष्टिगत अनुगमन प्राप्त गरी छलफल गरी समस्याको समाधान गर्ने प्रणालीको स्थापना गरिनेछ ।
- अनुगमनको प्रतिवेदन नगरपालिकाको वेबसाइटमा राखिनका साथै सार्वजनिकसमेत गरिनेछ ।

## १२.६ कार्यक्रम

- संस्थागत संयन्त्रका स्थापना र क्षमता विकास,
- अनुगमन प्रणाली र तहगत सूचकहरूको निर्माण र कार्यान्वयन,
- अनुगमन कार्यान्वयन कार्यक्रम
- समीक्षा तथा स्थानीय समस्या समाधान समितिको बैठक

## अनुसूची- १

## आवधिक योजना तर्जुमा मूल-समिति

| क.सं | पद | नाम थर | जिम्मेवारी | |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्री दीप नारायण रिजाल | संयोजक | |
| २ | उपप्रमुख | श्री | उपसंयोजक | |
| ३ | कार्यपालिका सदस्य | | | |
| ४ | ,, | | | |
| ५ | ,, | | | |
| ६ | ,, | | | |
| ७ | ,, | | | |
| ८ | ,, | | | |
| ९ | ,, | | | |
| १० | ,, | | | |
| ११ | ,, | | | |

## अनुसूची- २

### (क) आवधिक योजना तर्जुमा विषयक्षेत्रगत समिति

| क.सं | पद | नाम थर | जिम्मेवारी | |
|---|---|---|---|---|
| १ | कार्यपालिका सदस्य | | संयोजक | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |

### (ख) आवधिक योजना तर्जुमा प्राविधिक समिति

| क.सं | पद | नाम थर | जिम्मेवारी | |
|---|---|---|---|---|
| १ | कार्यकारी अधिकृत | श्री ..........पोखरेल | संयोजक | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | सूचना अधिकृत | श्री सुभाष राई | | |

## अनुसूची- ३

## दिक्तेल रुमनपा आवधिक नगर विकास योजना

## *बार्षिक कार्यान्वयन कार्ययोजना*

| क्र. सं | विषय क्षेत्र र उपक्षेत्र | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलापहरू | इकाई | वार्षिक लक्ष्य | बार्षिक बजेट | प्रमुख जिम्मेवार निकाय | सहयोगी निकाय | सम्पन्न गर्ने समयावधि | आनवियो कार्यक्रम संकेत नं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| (क) | **आर्थिक विकास** | | | | | | | | | | |
| १ | कृषि | | | | | | | | | | |
| २ | उद्योग व्यापार व्यवसाय | | | | | | | | | | |
| | वित्तीय क्षेत्र | | | | | | | | | | |
| | | | | | | | | | | | |
| ३ | सहकारी | | | | | | | | | | |
| | | | | | | | | | | | |
| ४ | पर्यटन | पर्यटन पूर्वाधार विकास र सेवा प्रवर्द्धन, | | | | | | | | | |
| ५ | वैदेशिक रोजगार | सुरक्षित वैदेशिक रोजगारी | | | | | | | | | |
| (ख)१ | **सामाजिक** | | | | | | | | | | |
| २ | शिक्षा | | | | | | | | | | |
| | युवा तथा खेलकुद | | | | | | | | | | |
| ३ | स्वास्थ्य जनसंख्या तथा पोषण | | | | | | | | | | |
| ४ | खानेपानी तथा सरसफाइ | | | | | | | | | | |
| ५ | लैङ्गिक समानता र सामाजिक समावेशीकरण | | | | | | | | | | |
| ग | **पूर्वाधार विकास** | | | | | | | | | | |
| १ | यातायात पूर्वाधार | | | | | | | | | | |
| २ | सिँचाइ | | | | | | | | | | |
| ३ | विद्युत्, ऊर्जा र जलस्रोत | | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | सार्वजनिक बस्ती विकास, पुनर्निर्माण अन्य पूर्वाधार | | | | | | | | | | |
| (घ) | **विपद्, वन तथा वातावरण** | | | | | | | | | | |
| १ | वन, वातावरण तथा भूसंरक्षण | | | | | | | | | | |
| ३ | विपद् व्यवस्थापन | | | | | | | | | | |
| ४ | फोहरमैला व्यवस्थापन | | | | | | | | | | |
| (ङ) | **संस्थागत विकास तथा सेवा प्रवाह** | | | | | | | | | | |
| (च) | **वित्तीय व्यवस्थापन र सुशासन विकास** | | | | | | | | | | |
| | **जम्मा कार्यक्रम खर्च** | | | | | | | | | | |
| | **जम्मा चालु खर्च** | | | | | | | | | | |
| | **कूल जम्मा** | | | | | | | | | | |

द्रष्टव्यः विषय क्षेत्र र उपक्षेत्रहरूले आ-आफ्नो कार्यक्रमहरू प्रस्तुत गर्दा चालु र पुँजीगत खर्च खुलाई नगरपालिकामा पेस गर्नुपर्ने छ।

## अनुसूची ३ (क)

## विषय क्षेत्रगत योजना कार्यान्वयन विवरण फाराम

विषयगत शाखा/शाखा उपशाखा निकाय/संस्था र गैसस तथा निजी क्षेत्रले यस फाराम भरी नगरपालिकामा पेस गर्नुपर्ने छ। यसै विवरणको आधारमा नगरपालिकाले अनुसूची ३ तयार गर्नेछ। अख्तियारीका साथ सम्बन्धित विषयगत शाखा/शाखा उपशाखा/निकाय/संस्था र वडा कार्यालयलाई प्रमुख प्रशासकीय अधिकृतले यसै फारामलाई प्रमाणित गरी पठाउनुपर्ने छ।

| विषयगत शाखा/शाखा उपशाखा/निकाय/संस्थाको नाम/वडा नं : | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलापहरू | इकाइ | वार्षिक लक्ष्य | वार्षिक बजेट | प्रमुख जिम्मेवार पदाधिकारी | सहयोगी निकाय शाखा | सम्पन्न गर्ने समयावधि | आनवियो कार्यक्रम संकेत नं | कैफियत |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |
| ४ | | | | | | | | | | |
| ५ | | | | | | | | | | |
| ६ | | | | | | | | | | |
| ७ | | | | | | | | | | |
| ८ | | | | | | | | | | |
| ९ | | | | | | | | | | |
| १० | | | | | | | | | | |
| ११ | | | | | | | | | | |
| १२ | | | | | | | | | | |
| १३ | | | | | | | | | | |
| १४ | | | | | | | | | | |
| | **जम्मा कार्यक्रम खर्च** | | | | | | | | | |
| | **जम्मा चालु खर्च** | | | | | | | | | |
| | **कूल जम्मा** | | | | | | | | | |

द्रष्टव्य : यस वार्षिक कार्यक्रमको चौमासिक विभाजन ढाँचा राष्ट्रिय योजना आयोगले निर्दिष्ट गरेको ढाँचामा तयार गरी स्वीकृत गराउनुपर्ने छ।

# आवधिक नगर विकास योजना तर्जुमा सम्बन्धी तस्बिरहरू












“दिक्तेल रूमबासीको रहर:समाजवाद उन्मुख सभ्य र समृद्ध नगर”
दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको
आवधिक नगर विकास योजना-अन्तिम मस्यौदा
सार्वजनिकीकरण समारोह
१० बैशाख २०७५
आयोजक


विकास योजना
मस्यौदा





# अनुसूची ४.१

## दिक्तेल, रूपाकोट मझुवागढी नगरपालिका, खोटाङ

### स्रोतगत आय तथा प्राप्तिको प्रक्षेपित विवरण

(रु. हजारमा)

| क्र. सं. | आय स्रोत | २०७४/७५ को संशोधित अनुमान | २०७५/७६ को अनुमान | २०७६/७७ प्रक्षेपण | २०७७/७८ प्रक्षेपण | २०७८/७९ प्रक्षेपण | २०७९/८० प्रक्षेपण | आवधिक योजना अवधिको जम्मा प्राप्ति तथा आय प्रक्षेपण (२०७५/७६–२०७९/८०) | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | रकम | प्रतिशत |
| **१** | **संघीय सरकारको अनुदान** | **५७,७९,४१** | **५९,१६,८०** | **६५,७८,३०** | **७२,९६,३३** | **८०,१६,४७** | **८९,२३,४६** | **३,६७, ३१,३६** | **६३.२३** |
| १.१ | समानीकरण अनुदान | २८,६५,३० | १४,०९,०० | १५,४९,९० | १७,०४,८९ | १८,७५,३८ | २०,६२,९२ | ८६,०२,०९ | |
| १.२ | ससर्त अनुदान | १९,८८,१४ | ३२,०९,०० | ३५,२९,९० | ३८,८२,८९ | ४२,११,७९ | ४६,९८,३० | १,९५,३१,८८ | |
| १.३ | समपूरक अनुदान | – | २,००,०० | २,५०,०० | ३,००,०० | ३,५०,०० | ४,००,०० | १५,००,०० | |
| १.४ | विशेषअनुदान | १७,९७ | १,००,०० | १,५०,०० | २,००,०० | २,५०,०० | ३,००,०० | १०,००,०० | |
| १.५ | सामाजिक सुरक्षा | ९,०८,०० | ९,९८,८० | १०,९८,५० | १२,०८,५५ | १३,२९,३० | १४,६२,२४ | ६०,९७,३९ | |
| **२** | **प्रदेश सरकारको अनुदान** | **–** | **१,००,००** | **१,२०,००** | **१,४०,००** | **१,६०,००** | **१,८०,००** | **७,००,००** | **१.२०** |
| २.१ | समानीकरण अनुदान | – | ५०,०० | ६०,०० | ७०,०० | ८०,०० | ९०,०० | ३,५०,०० | |
| २.२ | ससर्त अनुदान | – | ५०,०० | ६०,०० | ७०,०० | ८०,०० | ९०,०० | ३,५०,०० | |
| २.३ | समपूरक अनुदान | – | | | | | | | |
| २.४ | विशेष अनुदान | – | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | **राजस्वको बाँडफाँट** | **२५,००** | **१०,०३,२४** | **११,०४,००** | **१२,१४,००** | **१३,५३,००** | **१४,६९,००** | **६१,४३,२४** | **१०.५७** |
| ४ | **रोयल्टीको बाँडफाँट** | – | – | – | **३०,००** | **४०,००** | **५०,००** | **१,२०,००** | **०.२१** |
| ५ | **बैदेशिक सहायता** | – | **३०,००** | **४०,००** | **६०,००** | **८०,००** | **१,००,००** | **३,१०,००** | **०.५३** |
| ५.१ | वैदेशिक अनुदान | – | ३०,०० | ४०,०० | ६०,०० | ८०,०० | १,००,०० | ३,१०,०० | |
| ५.२ | वैदेशिक ऋण | – | | | | | | | |
| ६ | **आन्तरिक राजस्व** | **५९,६०** | **१,१४,५०** | **१,४७,५०** | **१,७६,७५** | **२,०७,००** | **२,३६,५०** | **८,८२,२५** | **१.५२** |
| ६.१ | भूमि कर (एकीकृत सम्पत्ति कर नलगाएकोमा) | २६,०० | – | – | – | – | – | – | |
| ६.२ | एकीकृत सम्पति कर | – | ४०,०० | ५०,०० | ६०,०० | ७०,०० | ८०,०० | ३,००,०० | |
| ६.३ | घर जग्गा बहाल कर | २५ | २५,०० | ३५,०० | ४०,०० | ४५,०० | ५०,०० | १,९५,०० | |
| ६.४ | व्यवसाय कर | १०,०० | १५,०० | २०,०० | २५,०० | ३०,०० | ३५,०० | १,२५,०० | |
| ६.५ | बहाल बिटौरी कर | ६० | २,०० | ३,०० | ४,०० | ५,०० | ६,०० | २०,०० | |
| ६.६ | पार्किङ शुल्क | – | २,०० | ३,०० | ४,०० | ५,०० | ६,०० | २०,०० | |
| ६.७ | जडीबुटी, कवाडी र जीवजन्तु कर | – | २,०० | ३,०० | ४,०० | ५,०० | ६,०० | २०,०० | |
| ६.८ | सेवा शुल्क | ७५ | १,०० | २,०० | ३,०० | ४,०० | ५,०० | १६,०० | |
| ६.९ | सवारी साधन कर | ५० | १,०० | १,५० | २,०० | २,५० | ३,०० | १०,०० | |
| ६.१० | घर जग्गा रजिस्ट्रेसन शुल्क | ५,०० | ७,०० | ८,०० | ९,०० | ११,०० | १२,०० | ४७,०० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६.११ | विज्ञापन कर | २५ | ५० | १,०० | १,५० | २,०० | २,५० | ७,५० | |
| ६.१२ | मनोरञ्जन कर | – | २५ | ५० | ७५ | १,०० | १,५० | ४,०० | |
| ६.१३ | पर्यटन शुल्क | – | २० | ५० | १,०० | १,५० | २,०० | ५,२० | |
| ६.१४ | सिफारिस शुल्क | ११,०० | १२,०० | १३,०० | १४,०० | १५,०० | १६,०० | ७०,०० | |
| ६.१५ | दण्ड जरिवाना | २५ | ५० | १,०० | १,५० | २,०० | २,५० | ७,५० | |
| ६.१६ | अन्य | ५,०० | ५,०० | ६,०० | ७,०० | ८,०० | ९,०० | ३५,०० | |
| ७ | **आन्तरिक ऋण** | – | – | – | – | – | – | – | |
| ७.१ | संघीय सरकार | – | – | – | – | – | – | – | |
| ७.२ | प्रदेश सरकार | – | – | – | – | – | – | – | |
| ७.३ | अन्य स्थानीय सरकार | – | – | – | – | – | – | – | |
| ७.४ | वित्तीय संस्था | – | – | – | – | – | – | – | |
| ७.५ | अन्य | – | – | – | – | – | – | – | |
| ८ | **अन्य** | **२,८९,२२** | – | – | – | – | – | – | |
| ८.१ | नेपाल कृषि सेवा विकास कार्यक्रम | ७०,०० | | | | | | | |
| ८.२ | बहुक्षेत्रीय पोषण कार्यक्रम | १६,२२ | | | | | | | |
| ८.३ | गत आ.व को मौज्दात | २०३,०० | | | | | | | |
| ९ | **नगरपालिका मार्फतको जम्मा प्राप्ति** | **६१,५३,२३** | **७१,६४,५४** | **७९,८९,८०** | **८९,१७,०८** | **९८,५६,४७** | **१,०९, ५८,९६** | **४,४८,८६,८५** | **७७.२६** |
| १० | **विषयगत निकायहरूवाट नगरपालिका क्षेत्रमा सिधै खर्च हुने रकम विनियोजित रकम** | **१३,५२,५०** | **१४,८७,१२** | **१६,३५,९०** | **१७,९९,००** | **१९,३९,४०** | **२१,७७,२६** | **९०,३८,६८** | **१५.५६** |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ११ | नगरपालिकाको प्राप्ति तथा आयको जम्मा | ७५,०५,७३ | ८६,५१,६६ | ९६,२५,७० | १,०७,१६,०८ | १,१७,९५,८७ | १,३१, ३६,२२ | ५,३९, २५,५३ | ९२.८२ |
| १२ | निजी क्षेत्र, सहकारी क्षेत्र, गैरसरकारी क्षेत्र र जनसहभागिता वाट नगरपालिका सँगको सहकार्यमा खर्च हुने अनुमानित रकम | – | ८,७४,३० | ८,१७,५७ | ८,१२,३८ | ८,२७,२१ | ८,३८,५४ | ४१,७०,०० | ७.१८ |
| १३ | कुल अनुमानित प्राप्ति तथा आय रकम | ७५,०५,७३ | ९५,२५,९६ | १,०४,४३,२७ | १,१५,२८,४६ | १,२६,२३,०८ | १,३९, ७४,७६ | ५,८०, ९५,५३ | १०० |

(१) संघीय सरकारवाट प्राप्त हुने समानीकरण अनुदान, ससर्त अनुदान र राजस्वको बाँडफाँटबाहेकका अन्य स्रोतहरूलाई आ.व २०७४/७५ को संशोधित रकमलाई आधार मानी त्यसपछिका वर्षहरूका लागि करिब १० प्रतिशतका दरले वृद्धि गरिएको छ ।

(२) आ.व २०७५/७६ का लागि संघीय सरकारद्वारा समानीकरण अनुदान, ससर्त अनुदान र राजस्वको बाँडफाँटबापत प्राप्त सिलिङको रकमलाई आधार मानी त्यसपछिका वर्षहरूका लागि करिब १० प्रतिशतका दरले वृद्धि गरिएको छ ।

(३) आ.व २०७४/७५ मा दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका क्षेत्रमा कार्यरत विषयगत कार्यालयहरूवाट यस नगरपालिका क्षेत्रभित्र हुने सिधै खर्चको विवरणमध्ये सिंचाइ र खानेपानी क्षेत्रहरूको मात्र विवरण प्राप्त हुन सकेको छ । कृषि, शिक्षा र स्वास्थ्यको हकमा जिल्ला भरको एकमुष्ट अंक प्राप्त भएकाले यस नगरपालिककाको अंशमा ३० प्रतिशत राखी प्रक्षेपण गरिएको छ ।

(४) आन्तरिक राजस्वको हकमा आ.व २०७४/७५ को अनुमानमा स्थानीय करका रकमहरूमा वृद्धिका सम्भावनाहरूसमेतलाई विचार गरी प्रक्षेपण गरिएको छ भने अन्य करहरूमा करिब १० प्रतिशतका दरले वृद्धि गरिएको छ ।

(७) निजी क्षेत्र, सहकारी क्षेत्र, गैरसरकारी क्षेत्र र जनसहभागितावाट नगरपालिकासँगको सहकार्यमा आवधिक योजनामा जम्माजम्मी रु. ४१.७० करोड परिचालन हुने अनुमान गरिएको छ ।

# अनुसूची ४.२

## दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका, खोटाङको वित्तीय प्रक्षेपण

### व्ययको प्रक्षेपित विवरण (रु. हजारमा)

| क्र. सं. | क्षेत्रहरू | २०७४/७५ को विनियोजन | २०७५/७६ प्रक्षेपण | २०७६/७७ प्रक्षेपण | २०७७/७८ प्रक्षेपण | २०७८/७९ प्रक्षेपण | २०७९/८० प्रक्षेपण | आवधिक योजना अवधिको जम्मा व्यय प्रक्षेपण (२०७५/७६–२०७९/८०) | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | रकम | प्रतिशत |
| **१** | **आर्थिक क्षेत्र** | **४,४९,८२** | **६,७७,२०** | **७,५४,४०** | **८,३०,३०** | **९,१९,३०** | **१०,१८,५०** | **४१,९९,७०** | **७.२३** |
| १.१ | कृषि तथा पशुपालन क्षेत्र | २,९४,९७ | ३,७४,७० | ४,१६,९० | ४,५२, ६० | ५,०१,६० | ५,५५,५० | २३,०१,३० | |
| १.३ | उद्योग तथा खानी क्षेत्र | ५,७५ | १,२०,०० | १,३२,०० | १,४५,२० | १,५९,७० | १,७५,७० | ७,३२,६० | |
| १.४ | वाणिज्य क्षेत्र | ७०,०० | ८०,०० | ९०,०० | १,००,०० | १,१०,०० | १,२१,०० | ५,०१,०० | |
| १.५ | पर्यटन क्षेत्र | ७८,२० | ८५,०० | ९३,५० | १,०५,०० | १,१३,०० | १,२४,३० | ५,२०,८० | |
| १.६ | सहकारी क्षेत्र | २० | ७,५० | १०,०० | १२,५० | १५,०० | १७,०० | ६२,०० | |
| १.७ | वित्तीय क्षेत्र | ७० | १०,०० | १२,०० | १५,०० | २०,०० | २५,०० | ९२,०० | |
| **२** | **पूर्वाधार विकास** | **१८,६२,३४** | **२३,७८,२६** | **२६,५३,४०** | **२९,१८,७३** | **३२,०२,५७** | **३५,०४,१८** | **१,४६,५७,१४** | **२५.२३** |
| २.१ | सडक तथा पुल (झोलुंगे पुलसमेत) क्षेत्र | ९,३६,१२ | १२,१९,७० | १३,३२,७० | १४,४६,०० | १५,७०,५५ | १७,०७,६० | ७२,७६,५५ | |
| २.२ | गोरेटो तथा घाडेटो बाटो क्षेत्र | ५,०० | ५०,०० | ५५,०० | ६०,०० | ६६,०० | ७३,०० | ३,०४,०० | |
| २.३ | भवन निर्माण क्षेत्र | १,१६,२५ | १,३७,६१ | १,४०,६४ | १,५४,७० | १,७०,१६ | १,८७,१८ | ७,९०,२९ | |
| २.४ | शीतगृह तथा गोदाम निर्माण क्षेत्र | – | ५०,०० | ७५,०० | १,००,०० | १,२०,०० | १,३२,०० | ४,७७,०० | |
| २.५ | सिंचाइ क्षेत्र | ५,१८,४७ | ५,८५,८० | ६,६३,४० | ७,२६,७३ | ७,९६,४० | ८,७३,०० | ३६,४५,३३ | |
| २.६ | जलविद्युत् क्षेत्र (वैकल्पिक ऊर्जा समेत) | २,८६,५० | ३,०५,१५ | ३,४६,६६ | ३,८१,३० | ४,१९,४६ | ४,६१,४० | १९,१३,९७ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २.७ | सञ्चार क्षेत्र | | ३०,०० | ४०,०० | ५०,०० | ६०,०० | ७०,०० | २,५०,०० | |
| ३ | **सामाजिक क्षेत्र** | **३२,७५,२०** | **३९,३३,२०** | **४३,२६,५३** | **४७,५९,१९** | **५२,३५,०५** | **५७,५८,५३** | **२,४०,१२,५०** | **४१.३३** |
| ३.१ | शिक्षा | २३,९१,८३ | २९,५०,०० | ३२,४५,०० | ३५,६९,५० | ३९,२६,४५ | ४३,१९,१० | १,८०,१०,०५ | |
| ३.२ | स्वास्थ्य | ५,२४,७३ | ५,७७,२० | ६,३४,९० | ६,९८,४० | ७,६८,२० | ८,४५,०० | ३५,२३,७० | |
| ३.३ | खानेपानी तथा सरसफाइ | २,२८,५१ | २,५१,३६ | २,७६,५० | ३,०४,१५ | ३,३४,५५ | ३,६८,०० | १५,३४,५६ | |
| ३.४ | संस्कृति प्रवर्द्धन | ४३,१७ | ५५,०० | ६०,५० | ६६,५५ | ७३,२० | ८०,५२ | ३,३५,७७ | |
| ३.५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ७६,९६ | ८४,६४ | ९३,१३ | १,०२,४४ | १,१२,६८ | १,२३,९५ | ५,१६,८४ | |
| ३.६ | युवा तथा खेलकुद | १०,०० | १५,०० | १६,५० | १८,१५ | १९,९७ | २१,९६ | ९१,५८ | |
| ४ | **वातावरण क्षेत्र** | **५४,१२** | **३,०५,००** | **२,५७,००** | **३,१९,००** | **३,६१,००** | **३,९८,००** | **१६,४०,००** | **२.८२** |
| ४.१ | वन तथा भूसंरक्षण | ३,२५ | ५०,०० | ७०,०० | ९०,०० | १,१०,०० | १,२०,०० | ४,४०,०० | |
| ४.२ | जलाधार संरक्षण | – | २५,०० | ३५,०० | ४५,०० | ५०,०० | ५५,०० | २,१०,०० | |
| ४.३ | वातावरण संरक्षण | १,५० | ४०,०० | ४५,०० | ५०,०० | ५५,०० | ६०,०० | २,५०,०० | |
| ४.४ | जलवायु परिवर्तन | – | ५,०० | ७,०० | ९,०० | ११,०० | १३,०० | ४५,०० | |
| ४.५ | फोहरमैला व्यवस्थापन | १२,०० | २०,०० | २५,०० | ३०,०० | ४०,०० | ४५,०० | १,६०,०० | |
| ४.६ | जल उत्पन्न प्रकोप नियन्त्रण | ७,३७ | ३०,०० | ३५,०० | ४०,०० | ४५,०० | ५०,०० | २,१०,०० | |
| ४.७ | विपद् व्यवस्थापन | ३०,०० | ३५,०० | ४०,०० | ४५,०० | ५०,०० | ५५,०० | २,२५,०० | |
| ४.८ | बारुणयन्त्र सञ्चालन | – | १,००,०० | – | – | – | – | १,००,०० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **५** | **संस्थागत विकास, सेवा प्रवाह सुशासन तथा व्यवस्थापन सुधार क्षेत्र** | **२,४७,५५** | **३,०३,५०** | **३,५६,७५** | **३,८५,२३** | **४,१३,९५** | **४,६८,९४** | **१९,२८,३७** | **३.३२** |
| ५.१ | मानव संसाधन विकास | १,८० | २२,५० | २४,७५ | २७,२३ | २९,९५ | ३२,९४ | १,३७,३७ | |
| ५.२ | संस्थागत विकास | २,४५,२५ | २,७५,०० | ३,२५,०० | ३,५०,०० | ३,७५,०० | ४,२५,०० | १७,५०,०० | |
| ५.३ | सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग | ५० | ६,०० | ७,०० | ८,०० | ९,०० | ११,०० | ४१,०० | |
| **६** | **अन्य क्षेत्र** | **८,७०** | **४०,००** | **५०,००** | **६०,००** | **७०,००** | **८०,००** | **३,००,००** | **०.५२** |
| **७** | **जम्मा कार्यक्रम खर्च** | **५८,९७,७३** | **७६,३७,१६** | **८३,९८,०८** | **९२,७२,४५** | **१,०२,०१,८७** | **१,१२, २८,१५** | **४,६७,३७,७१** | **८०.४५** |
| **८** | **सामाजिक सूरक्षा खर्च** | **९,०८,००** | **९,९८,८०** | **१०,९८,५०** | **१२,०८,५५** | **१३,०९,३०** | **१४,७२,२४** | **६०,८७,३९** | **१०.४८** |
| **९** | **कार्य सञ्चालन खर्च** | **७,००,००** | **८,९०,००** | **९,४६,६९** | **१०,४७,४६** | **११,११,९१** | **१२,७४,३७** | **५२,७०,४३** | **९.०७** |
| **१०** | **कुल अनुमानित खर्च** | **७५,०५,७३** | **९५,२५,९६** | **१,०४,४३,२७** | **१,१५,२८,४६** | **१,२६,२३,०८** | **१,३९, ७४,७६** | **५,८०, ९५,५३** | **१००** |

**द्रष्टव्यः**

(१) आ.व २०७४/७५ मा दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका क्षेत्रमा कार्यरत विषयगत कार्यालयहरूबाट यस नगरपालिका क्षेत्रभित्र हुने सीधै खर्चको विवरणमध्ये सिंचाइ र खानेपानी क्षेत्रहरूको मात्र विवरण प्राप्त हुन सकेको छ ।

(२) आ.व २०७४/७५ मा दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका क्षेत्रमा कार्यरत विषयगत कार्यालयहरूबाट यस नगरपालिका क्षेत्रभित्र हुने सीधै खर्चको विवरणमध्ये सिंचाइ र खानेपानी क्षेत्रहरूको मात्र विवरण प्राप्त हुन सकेको छ । कृषि, शिक्षा र स्वास्थ्यको हकमा जिल्लाभरको एकमुष्ट अंक प्राप्त भएकाले यस नगरपालिकाको अंशमा ३० प्रतिशत राखी प्रक्षेपण गरिएको छ ।

(३) आवधिक योजना अवधिका लागि वार्षिक खर्चहरू निम्न आधारमा प्रक्षेपण गरिएको छ :

- आ.व २०७४/७५ को क्षेत्रगत/उपक्षेत्रगत विनियोजित बजेट र अर्धवार्षिक खर्चको क्षेत्रगत/उपक्षेत्रगत विवरण,
- आ.व २०७५/७६ का लागि संघीय सरकारद्वारा उपलब्ध हुने समानीकरण अनुदान, ससर्त अनुदान (सोको क्षेत्रगत/उपक्षेत्रगत खर्च सीमांकनसमेत) र राजस्व बाँडफाँडबाट उपलब्ध हुने रकम,
- आवधिक योजनामा प्राथमिकतामा परेका विकास कार्यक्रम तथा क्रियाकलापहरूलाई आवश्यक पर्ने खर्च अनुमान,
- माथि उल्लेख गरिएअनुसार आवधिक योजना अवधिका लागि वार्षिक खर्चहरू प्रक्षेपण गर्दा आधार वर्ष आ.व २०७४/७५ को क्षेत्रगत/उपक्षेत्रगत विनियोजित बजेटको स्थिति, आवधिक योजनाको सुरु वर्ष आ.व २०७५/७६ मा उपलब्ध हुने वित्तीय स्रोतहरू, प्राथमिकतामा परेका आयोजनाहरूका साथै सहकार्य एवं सहभागितात्मक अवसरका सम्भावनाहरूसमेतलाई विचार गरी न्यूनतम १० प्रतिशत र सोभन्दा बढी अनुपातमा वार्षिक वृद्धि गरिएको छ ।